मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

पात्ती

संचेतना द्वैमासिक

भाद्र १९

अपराधको बैधाखीमा राजनीति, राजनीतिको छायामुनि अपराध

भेडा बाख्रा भन्दा सस्ता सांसदहरू

भेडा बाख्राभन्दा सस्ता सांसदहरु

आज ज्योतेन्द्रमोहन चौधरी, राजीव पराजुली, प्रेमबहादुर भण्डारी, शान्तिशम्शेर राणा, अनिस अन्सारी र मोतीप्रसाद पहाडी जस्ता खरिद-विक्री भएका मन्त्रीहरूको बढुवा भएको छ। मिर्जादिलसाद बेग सहायकमन्त्री हुन पुग्नु भएको छ। अपराध साम्राज्यका कुख्यात मानिने सांसदलाई पनि मन्त्री बनाएर सत्ता टिकाउने डरलाग्दो अभ्यास प्रधानमन्त्री देउवाबाट हुन गएको छ। यसबाट नेपालको संसदलाई प्रधानमन्त्रीको अनैतिक सत्ता आचरणबाट बदनाम गर्ने काम भएको छ। प्रजातन्त्र प्राप्तिपश्चातको सात वर्ष बिल्दा-नबिल्दै सत्तामा टिक्न गरिएको यो प्रयासले नेपालका राजनेता, राजनीतिज्ञ र केही राजनीतिक पार्टीहरूप्रति जनताको आक्रोस बढेको छ। हेर्नुछ- अविश्वासको प्रकरणको बेला भए गरेका घटनाहरूको छानवीन गर्न सभामुखको पहलमा गरिएको सर्वदलीय सहमतीको कार्यान्वयन हुन्छ कि हुँदैन।

सूर्य थापाको प्रस्तुति

साथमा, सांसदहरु - रघुपन्त र प्रदीप गिरीका विचारहरु

मन्त्रीहरुको निधारमा टल्किरहेको कालो टीका

यस्ता आरोपहरूको छानवीन गर्न अगुवाई गर्नुपर्ने गृहमन्त्रालयको नेतृत्व हत्याकाण्डमा मुछिएको र तस्करीमा संलग्न भएको आरोप लागेका व्यक्तिले गर्दैछन्। गृहमन्त्री खुमबहादुर खड्का निर्माण तथा यातायात मन्त्री छँदा ०५१ साल कार्तिक १७ गते भएको विजौरी हत्यकाण्डमा मुछिएका थिए। उनी विरूद्ध चलिरास्वेको ज्यान मुद्दा उनी स्वयं गृहमन्त्री भएपछि वर्तमान सरकारले फिर्ता लिएको थियो। सुनको साथसाथै लागु पदार्थको तस्करीमा पनि मन्त्री खड्काको नाम जोडिएकोले अहिले मन्त्री खड्काको पछाडि इन्टरपोल समेत लागेको छ भनेर जानकारहरू चर्चा गर्न थालेका छन्। वर्तमान सरकारका नयाँ मन्त्री मिर्जा दिलसाद वेगको बारेमा नेपाल र भारतका छापामा किंवदन्ती जस्ता लाग्ने थुप्रै समाचारहरू छापिएका छन्। नेपालका विज्ञान सहायकमन्त्री मिर्जालाई भारतको उत्तरप्रदेशमा १० वटा ज्यान मुद्दा र एउटा भन्सार मुद्दा लागेको छ।

गोपाल गुरागाईंको विवरण

"अपराधको बैशाखीमा राजनीति, राजनीतिको छातामुनि अपराध"

संसद वा सरकारमा पुगेपछि चुनावमा गरिएका वाचा र घोषणापत्र समेत बिर्सने रोगले ग्रस्त छन् - हाम्रा विधायकहरू। यस्तो रोगको नियन्त्रण भएन भने मानवअधिकार र प्रजातन्त्रको मर्मकै बारेमा भ्रम उत्पन्न हुनेछ।

माधव नेपाल, नारायणमान बिजुक्छे, राजेश्वर देवकोटा, हृषिकेश शाह, सुरेन्द्र चौधरी र सुशील प्याकुरेल बीच विशेष अन्तरक्रिया



वर्ष ५, अंक ३, पुष-माघ ०५३ / फेब्रुअरी १९९७

पजेरोको प्रायश्चित / प्राचीको कसी - ३

मौन प्रश्नहरु / मनरुप नेप्च्युन - ४

जनतानै अगाडि आउनु पर्छ / सुशील-प्रकाश - ५

के नोवेल लरेट रामोस अपराधी हुन् / प्रेक्षा ओझा - ६

अँधेरो अझै थपिइरहेछ / देविका तिमिल्सिना - २९

देउकी र देवदासी प्रथा / मनु बाञ्राकी - २१

र, कृपया क्षमा गर्नोस् / राजनीतिको सशक्तिकरण / नरनाथ लुइँटेल - ३२

संस्थापक : सुशील-प्रकाश
सम्पादक - कुन्दन अर्याल
ले-आउट/आवरण-किरण माली
व्यवस्थापन - समीर नेपाल
यस अंकका विशेष सहयोगीहरु
सूर्य थापा, वासु क्षितिज, गोबिन्द त्रिपाठी, प्रेक्षा ओझा, इश्वरी ज्ञवाली, अरुण क्षितिज
मुद्रक - इन्द्रेणी अफसेट, बागबजार
पत्राचार
पत्र मञ्जुषा २७२६, काठमाडौं
टेलिफोन - २७०७७०/२७८७७०
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

Digitized by: Bimal C. Sharma

नेपालको राष्ट्रिय राजनीतिमा राजनीतिक माफियाका रूपमा खुमबहादुर, दीपक बोहोरा एउटै सिक्काका दुईवटा पाटा भएका छन्। यस्तो वास्तविकतालाई सुस्पष्ट रूपमा अघि सार्न सकिएन भने एउटा माफियाको विकल्प अर्को माफिया बन्न पुग्नेछ। जसरी पञ्चायतकालमा दीपक बोहोराको विकल्प निरञ्जन थापा बन्न पुगेका थिए।

– सांसद, शंकर पोखेल
छलफल साप्ताहिक, ०५३ माघ ६ गते

हाम्रा नेता मन्त्री तथा सांसदहरू आफूहरूले थोरै सुविधा लिएर देश र जनताका लागि धेरै काम गरेको दाबी दोहोऱ्याई रहेका छन्। उनीहरूको भनाइमा नेपालका सांसद तथा मन्त्रीहरूले लिइरहेका प्रत्यक्ष-अप्रत्यक्ष सुविधा र लाभ दक्षिण एशियाकै अन्य मुलुकका मन्त्री र सांसदका तुलनामा नगण्य छ। यो दृष्टिबाट हेर्दा उनीहरूको दाबी सत्य नै पनि हुन सक्छ। तर, नेपालका सांसद र मन्त्रीहरूको सुविधाको सार्वजनिक आलोचनाका आधार भिन्न छन्। हाम्रा मन्त्री र सांसदहरूले आम नागरिक वा कर्मचारी भन्दा बढी आर्थिक र अन्य सुविधा लिए भन्ने गुनासा यदाकदा कसैको भए पनि, आलोचनाको मुख्य आधार त्यो नभई सुविधा प्राप्त गर्न अपनाइएका अनैतिक र अराजनैतिक प्रक्रिया हुन्।

– सम्पादकीय, देशान्तर साप्ताहिक, ०५३ माघ १५ गते

यदि मरेको मानिस फर्केर आउने भए अथवा शहीदहरूले नेपालको आजको अवस्थालाई कतैबाट हेरिरहेका भए उनीहरूलाई कति चोट पर्थ्यो होला। "के यिनै ब्वाँसाहरूलाई मन्त्री बनाउन हामीले प्राण त्यागेका हौं ?" भन्ने प्रश्न उनीहरू पक्कै पनि गर्थे होलान्।

– विनय कसजू,
बुधवार साप्ताहिक, ०५३ माघ १६ गते

प्रधानमन्त्री शेरबहादुर देउवाले एकपल्ट फेरि गर्नै नहुने काम गर्नु भयो। मन्त्री मण्डलको यो विस्तारले बेइमानी र भ्रष्टाचारलाई मात्र प्रत्साहित गरेको छैन, प्रजातन्त्रको भविष्यमाथि नै चोट पुऱ्याएको छ। संसदीय व्यवस्थामा प्रधानमन्त्रीलाई केही विशेष अधिकार हुन्छ। हाम्रो संविधानले पनि प्रधानमन्त्रीलाई त्यस प्रकारको अधिकार दिएको छ। तर प्रधानमन्त्री देउवाबाट पन्ध्र महिनाको यो कार्यकालमा त्यस्ता अधिकारहरू राष्ट्र र जनताको हितमा प्रयोग गर्नु पर्ने अवस्थामा नगरिएको र कुनै बेला नगर्नु पर्ने किसिमले गरिएको छ।

– साप्ताहिक विमर्श, ०५३ पुष २६ गते

पजेरोको प्रायश्चित

नेपाल मजदुर किसान पार्टीले आफ्ना तीनै जना सांसदहरूद्वारा सुविधाको गाडी बहिष्कार गरिने घोषणा गऱ्यो। तर त्यही पार्टीका सांसद भक्तबहादुर रोकायाको ऱ्याल चुहियो। पार्टीको निर्णय बाहिर गएर उहाँले पजेरो झिकाउने एल.सी. खोल्नुभयो। केही लाख रूपैयाँका लागि पार्टी निर्णयको अवज्ञा गर्ने रोकायाले समयान्तरमा अर्को संगीन मौकामा पार्टीलाई भयङ्कर धोका दिनु भयो।

पहिलो पटक उहाँ केही लाखको लोभमा पर्नुभएको थियो। दोश्रो पटक उहाँले पार्टीलाई धोका दिए मन्त्री नै हुन पाइने मौका पाउनु भयो। र, उहाँले लात जमाउनु भयो पार्टी निर्णयउपर। हिजो दुःख गर्ने एमाले र कांग्रेसका सांसदहरूलाई भक्तबहादुरको यो उदाहरणको प्रस्तुति निश्चय पनि उपयुक्त लाग्दैन होला। तर भक्तबहादुरको कथाबाट थाहा पाउन सकिन्छ - सुविधाभोगी र विलासितामुखी चिन्तनले अन्ततः जो कसैलाई पनि भक्तबहादुर रोकाया नै बनाउँदछ।

आम जनताले पजेरो संस्कृतिको विरोध यही कारण गरेका हुन्। पजेरोको कमीशनले जनताको सार्वभौमिकताका बाहकहरूलाई बाहिरबाट हेर्दा चिल्लो त बनाउँछ। तर भित्रभित्र उनीहरूलाई खोक्रो पार्दछ।

निश्चय पनि जनताका सेवकहरूलाई निश्चिन्त भएर बाँच्ने मौका दिनैपर्छ। बेलायतमा सांसदहरूले प्रति महिना झण्डै दुई लाख पाउँछन् भने अष्ट्रेलियाका सांसदहरू हरेक महिना तेईस लाख रूपैया घर भित्र्याउँछन्। तर भारतमा सांसदहरूलाई भन्ने गरिएकोछ - "हाम्रा जनसेवकहरूले भुल्नु हुँदैन, उनीहरू बेलायत वा अष्ट्रेलियामा होइन, हिन्दूस्तानमा छन्। जहाँ जनसंख्याको ठूलो हिस्सा गरिबीको रेखामुनि रहिरहेको छ।" अब नेपालका सांसदहरूलाई के भन्नु पर्ला ?

हाम्रा सांसदहरूलाई भन्नु पर्ने कुरा एकदम स्पष्ट छ - यो संसारको दोश्रो दरिद्रतम देश हो। र, यहाँका सांसदहरूले पनि जनताको अवस्था हेरेर आफ्नो हैसियतको नाप लिनुपर्छ। जनताको कुनै हैसियत नभएको देशमा सांसदहरूले मात्र हैसियत देखाउन खोज्नु कति उचित हुन्छ ?

एमाले महासचिव माधवकुमार नेपालले अविश्वास प्रस्ताव असफल भए पछिको कुनै एक दिन उपनिर्वाचनको तयारीका क्रममा सुनसरी पुगेर भन्नु भयो "वास्तवमा गाडी सुविधा सम्बन्धी निर्णय गराएर हामीले गल्ती गऱ्यौं।" समयक्रममा

जनताका सेवकहरुलाई निश्चित भएर बाँच्ने मौका दिनैपर्छ। बेलायतमा सांसदहरुले प्रति महिना झण्डै दुई लाख पाउँछन् भने अष्ट्रेलियाका सांसदहरु हरेक महिना तेईस लाख रुपैया घर भित्र्याउँछन्। तर भारतमा सांसदहरुलाई भन्ने गरिएकोछ - "हाम्रा जनसेवकहरुले भुल्नु हुँदैन, उनीहरु बेलायत वा अष्ट्रेलियामा होइन, हिन्दूस्तानमा छन्। जहाँ जनसंख्याको ठूलो हिस्सा गरिबीको रेखामुनि रहिरहेको छ।" अब नेपालका सांसदहरुलाई के भन्नु पर्ला ?

यसरी पछुतो अभिव्यक्ति हुनु नै थियो। तर शुरूवातमा नेपालका सबैजसो राजनीतिक पार्टीहरू गाडी सुविधामा सहमत भएका थिए।

बहुदलीय व्यवस्थाको स्थापनाका लागि कम्युनिष्ट-कांग्रेस एक भएका थिए। तर बहुदल आएपछि ती दुई पार्टीहरू बीच असहमति मात्र बढ्यो। समयक्रममा सांसदहरूको सुविधा बढाउने प्रस्ताव आयो। र, एक भए कम्युनिष्ट-कांग्रेस। सुविधाकै लागि मात्र राजनीतिमा होमिएका पूर्व पञ्चहरूले सुविधा प्रस्तावमा दशै औंलाको ल्याप्चे लगाउनु कुन अनौठो कुरो थियो र !

बहुदलीय व्यवस्थाको आगमन पश्चात पनि आफ्नो दैनन्दिनको जीवनमा कुनै परिवर्तन हुन नसकेकोमा जनतामा निराशा छाएको थियो। त्यस्तै अवस्थामा विधायकहरूको सुविधामा बढोत्तरी भएको कुरा मात्रले पनि आम जनतामा रोष छायो। भ्रष्टाचार, अनियमितता र कालो बजारीउपर नियन्त्रण गर्ने अभिभारा पाएका हाम्रा विधायकहरूले नै भन्सार छूटका गाडीहरू साहु महाजनलाई बुझाएर कमीशन पचाउने निधो गरे। उनीहरूले लोभकासाथ एक स्वरमा पजेरो सुविधाको निर्णय गरे।

बाटो नै नपुगेको जिल्लाका माननीयहरूले पनि "जनताको सेवा" कै स्वातिर गाडी झिकाउने सुविधा त पाए। तर जनताले उक्त निर्णयलाई पचाउन सकेनन्। व्यंग्यात्मक रूपमा गाडीमा तेल हाल्न जनताले चन्दा उठाएर पैसा पठाउञ्जेल पनि विधायकहरूले निधार खुम्च्याएका थिएनन्। तर जनताका सामु गएपछि विधायकहरूको नौ-नाडी गल्यो।

हाम्रा बहुदलीय विधायकहरूले नेपालमा पजेरो संस्कृतिको स्थापना गर्न खोजे। जनता भने शुरूदेखि नै त्यो संस्कृतिको प्रखर विपक्षमा उभिए। सुविधाको गाडी बेच्ने पंचायतकालीन शैलीप्रति हाम्रो प्रजातान्त्रिक संसदका अति थोरै सांसदहरू मात्र असहमत रहे। कांग्रेसका विदूर पौडेलले सुविधा बहिष्कार गर्ने घोषणा गर्नुभयो। एमालेको इज्जत थाम्नुभयो - काशीनाथ अधिकारीले। तर सुविधा निर्णयको शुरूवातकालमा उहाँहरूले हाम्रा बाँकी सांसदहरूद्वारा घोर आदर्शवादीको संज्ञा पनि पाउनुभयो।

समयक्रममा जनताबाटै हाम्रा सांसदहरूले बुझे ती "मुठ्ठीभर" सांसदहरू घोर आदर्शवादी मात्र थिएनन्। गत उपनिर्वाचनका बेला राजधानीमा नेपाली कांग्रेसका उम्मेद्वारले घोषणा गरे - म सांसद भएँ भने पजेरो चढ्ने छैन। उनी सांसद हुन सकेनन्। तर रूपन्देहीका नवनिर्वाचित सांसदले विजय सभामा घोषणा गरे - म पजेरो सुविधा लिने छैन। अर्थात आम जनताले शुरूदेखि विरोध गर्दै आएको पजेरो दौडबाट अब हाम्रा जनप्रतिनिधिहरू पनि सचेत हुन थालेका छन्।

पजेरो सुविधा पाउने नोकरशाहहरू अझै सरकारी गाडी धस्दैछन्। उनीहरू प्रतिमहिना अस्सी लिटर इन्धनको रकमका साथै पन्ध्रसय रूपैयाँ मर्मत खर्च पनि खल्तीमा राख्दैछन्। गाडी सुविधाले उनीहरूलाई थप सुविधा दिएको छ। र, पजेरो संस्कृतिको यस्तो पक्षले हाम्रा विधायकहरूलाई अहिले भने झस्काएको छ।

जे होस्, आज भोलि फाट्टफुट्ट "मैले त अहिलेसम्म एल.सी. खोलेको छैन" भन्ने जनप्रतिनिधिहरू भेटिन थालेका छन्। सुविधा सम्बन्धी निर्णय गर्दा चुनाव टाढा थियो, अब केही न केही अवश्य नजिकिएको छ। विधायकहरू पजेरोबाट केही टाढिन खोज्दै छन्। शायद पजेरोको प्रायश्चित यही होला।

नेताहरूमा आदर्श हामीले खोजेको चिज हो। पजेरो दौड राजनीतिकर्मीहरूमा हामीले खोजेको आदर्श भन्दा विपरित छ। र, त्यसैले गलत ढंगले सुविधा खोज्ने विधायकहरू पनि पजेरोको प्रायश्चित गर्ने मनस्थितिमा छन् भने स्वागतयोग्य कुरा हो।

मौन प्रश्नहरू

मनरुप नेप्च्युन

फेरि आम निर्वाचन आयो
नेताहरूले
चन्द्रेको थोत्रो कोटलाई
झुकेर अभिवादन गरे
मैयाँको फाटेको गुन्यूलाई
हात जोडेर नमस्कार गरे
उनीहरूले
सम्पूर्ण चुहिने झुप्राहरूलाई
जोसिलो सलाम ठोके
यो देशमा फेरी आमनिर्वाचन
आयो।
भोका पेटहरू
मीठो भाषण पिएर अघाए
नाङ्ग आङहरूले
पोष्टर र ब्यानरहरू
ओढेको अनुभूतिमा रात काटे
फाटेको दौरा र चोलाहरूले
घोषणापत्रहरूको टाल टालेका
मीठा सपना देखे
फुटेका कुर्कुच्चाहरू बस
चढेको
आत्मरतिमा डुबेर रमाए
सबै उम्मेद्वारहरूले आफ्नो
जीतमा
अबिरले रातै भएको सपना देखे
श्रीमतीजीहरू पनि मन्त्रीणी
हुने आत्मरतिमा डुब्न थाले
अनि
चन्द्रेले पनि सोच्यो -
"प्रशस्त पेन्सन र भत्ता पाइन्छ
गाडीहरू चढेर कुद्न पाइन्छ
काठमाडौंमा बसेर पैसा कमाउन
पाइन्छ
मौका परे मन्त्री नै भइन्छ
तसर्थ
म पनि उम्मेद्वारी दिउँ कि ?

.....

तर कतै संसद भित्रै बेची दिए
भने ?"



जनता नै अगाडि आउनु पर्छ

सुशील-प्रकाश

गत पुष महिनाको शुरूवातमा बोलाइएको संसदको विशेष अधिवेशनको अवधिभर मन्त्री र सांसदहरू हराए र उनीहरूको अपहरण गरियो भन्ने जस्ता समाचारहरूले नै प्रमुखता पाए। पंचायतको उत्तरार्धताका देखा परेको रापसहरूको किनवेच गर्ने प्रवृत्ति यसपाली संसदमा अत्यधिक रूपमा पुनः दोहरिएको कुरा जनताले प्रत्यक्ष रूपमा देखे।

राजनीतिकर्मीहरूले सत्तामा जान चाहनु, राजनैतिक दलहरूले देशको सत्ता संचालन गर्ने उद्देश्य लिनु सामान्य कुरो हो। तर सत्ता प्राप्त गर्न जस्तोसुकै खेल पनि खेल्नु पर्छ भन्ने विचारले राजनीतिलाई अपराधिकरण गर्दै लैजान्छ। जसको उदाहरण अहिले हामी आफै भएका छौं। तीस वर्ष लामो निर्दलीय व्यवस्थामा भएका अपराधिक क्रियाकलापहरूको विरोधमा जनताले जनआन्दोलन गरेर बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना गरेका छन्। तर बहुदलको आगमन पछिको छः वर्षको प्रजातान्त्रिक विकासलाई हेर्ने हो भने राजनीतिमा प्रवेश गरेको अपराधिक प्रवृत्तिले अब कुनै दललाई छाडेको देखिंदैन। यो गम्भीर चिन्ताको विषय भएको छ।

नेपाली कांग्रेस जस्तो प्रजातन्त्रका लागि सयौं व्यक्तिले ज्यान दिएका योद्धाहरूको पार्टी सबैभन्दा नराम्ररी अपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूको हालिमुहालीमा फस्न पुगेको छ। नेकपा (एमाले) लगायत अन्य कुनै पनि दल यो प्रवृत्तिबाट अछूतो छ भन्न सकिने स्थिति छैन। प्रजातन्त्रको स्थापना भएपछि सम्पन्न भएको ०४८ सालको पहिलो आमचुनावमा नै केही अपराधिक मनोवृत्ति भएका व्यक्तिहरूले प्रजातान्त्रिक दलहरूमा आफ्नो पकड जमाउने कोशिश गर्दा सहजै अवसर पाए। तर अपराध व्यक्ति-विशेषसंग मात्र सम्बन्धित हुँदैन, यो त एउटा प्रवृत्ति हो। त्यसैले यो प्रवृत्तिले सबै पार्टीमा थोर-बहुत प्रवेश गरेको छ। नेपाली कांग्रेसले बहुमत ल्याएर सरकार बनाएपछि जसरी भए पनि सत्तामा बसिराख्नु पर्छ भन्ने प्रवृत्तिले सबैभन्दा बढी पकड जमायो। सुनसरीको पहिलो उप-निर्वाचनमा भएको गतिविधिले नै नेपाली राजनीति अपराधिकरणतर्फ उन्मुख हुन थालेको कुरा देखाउन शुरू गरेको थियो।

०५१ सालको मध्यावधि चुनावसम्म आउँदा स्थिति धेरै जटिल बनिसकेको थियो। जसरी भए पनि चुनाव जित्ने र चुनावलाई केवल सत्ता प्राप्त गर्ने माध्यमको रूपमा हेर्ने प्रवृत्तिको विकासले गर्दा मध्यावधि चुनावमा हिंसा र धाँधलीका घटनाहरूमा व्यापक वृद्धि भयो। एमालेले नौ महिना सरकार चलाउँदा जसरी भए पनि एमालेको सरकार ढाल्नु पर्छ र सत्तामा जानुपर्छ भन्ने प्रवृत्ति हावी भयो। त्यसको सुत्रधार पंचायती पृष्ठभूमि र पंचायतमा पनि सबैभन्दा बढी सत्ता सुखभोग गर्ने सूर्यबहादुर थापा प्रवृत्ति थियो। नेपाली कांग्रेसभित्र प्रवेश गरेको सत्तालिप्साले त्यो प्रवृत्तिसित गठजोड गऱ्यो। एमालेको सरकार पतन गराउन र सरकारमा जान जे सुकै पनि गर्नुपर्छ भन्ने प्रवृत्तिले गर्दा देशको सबैभन्दा ठूलो मन्त्रिमण्डल बनाउने योजना तयार भयो। नेपाल जस्तो गरीब देशका जनताले अठचालिस जना मन्त्री भएको इतिहासको सबभन्दा ठूलो मन्त्रिमण्डलको बोझ खेप्नु पऱ्यो। अनि संघर्षशील इतिहास भएका नेताहरू "वाध्यता" भन्दै नतमस्तक भएर चुप बस्न थाले।

पैतृक सम्पत्तिमा अंशवण्डा गरे जस्तै भागवण्डाद्वारा दलहरूका बीच मन्त्रालयहरू बाँडिए। सत्तामा भाग नपुगेकालाई पुऱ्याउन नयाँ मन्त्रालयहरू पनि बनाइयो। सबैलाई भागशान्ति गराउने क्रममा जसरी जे गरेपनि हुन्छ भन्ने प्रवृत्ति हावी भयो। दलको अनुशासन तोडी विद्रोह गर्ने र चुनावमा धाँधली गरेर जित्ने अपराधिक पृष्ठभूमि भएका समेत जो सुकैलाई सत्ता समिकरण मिलाउन स-सम्मान पार्टी प्रवेश गराइयो। जस्तोसुकै अपराधप्रति आँखा चिम्लेर मन्त्री पद पनि बाँडियो। अनि पदको जतिसुकै दुरूपयोग गरेपनि चुप लागेर बस्ने प्रवृत्तिले राजनीतिक दलहरूले जनतालाई सत्तामा पुऱ्याउने एजेन्सीका रूपमा मात्र व्यवहार गर्न थालेका छन्।

संसदीय व्यवस्था निश्चित मर्यादा र विधिको शासनमा मात्र विकसित हुनसक्छ। तर आफ्नो स्वार्थ अनुरूप संविधानको व्याख्या गर्ने अनि कानून र विधानलाई सत्ता दुरूपयोगको माध्यम बनाउन थाल्ने हो भने संसद साँच्चि नै अपराधीहरूको गतिविधिलाई कानूनी प्रत्याभूति दिने जनविरोधी निकायको रूपमा परिणत हुन पुग्छ।

अब त नेपाली राजनीतिमा हावी भएको अपराधिक प्रवृत्तिले बहुदलीय संसदीय चरित्रको पूरै ह्रास गराएको छ। पदीय दायित्व र मर्यादामा आएको ह्रास त सभामुखको गतिविधिबाट समेत स्पष्ट भएको छ। पहिलो संसदका सभामुखले अपनाउनु भएको कार्यशैली र वर्तमान सभामुखको कार्यशैलीमा अत्यन्त भिन्नता छ। वर्तमान सभामुख सत्तारूढ दलको नेता भन्दा पनि सरकारको रक्षा कवज भएर काम गर्न पनि पछि पर्नु भएको छैन। सभामुख जस्तो मर्यादित, निष्पक्ष र शालीन पदमा बसेको व्यक्तिले सांसदको अपहरण हुँदा समेत मौन मात्र हुनु भएन। उहाँले त्यो घटनाको बेवास्ता नै गर्नु वास्तवमै चिन्ताको विषय हो। असत्य सूचना दिएर संसदलाई गुमराह गर्न खोज्नुलाई पनि राजनीतिक अपराध नै भन्नु पर्छ। राजनीतिमा शत्रु वा मित्र हुँदैनन्, सत्तामा जान वा कुर्सी टिकाउन जोसुकैसित पनि जस्तोसुकै गठजोड गर्न सकिन्छ भन्ने बिक्षिप्त नीतिको तस्वीर भएको छ - आजको नेपाली राजनीति।

जबसम्म जनताले अपराधिक तत्वको विरोधमा संघर्ष गर्दैनन्, तबसम्म संसद र राजनीतिक दल दुबै "लाचार" बन्दै जान विवश हुन्छन् र अपराधिहरुले राजनीतिको संरक्षण पाइनै रहन्छ। नेपाली जनताले निर्दलीय व्यवस्थालाई परिवर्तन गरी जसरी बहुदलीय व्यवस्था ल्याए, त्यसरी नै बहुदलीय व्यवस्थाको शुद्धता र स्वच्छताका लागि राजनीतिमा हावी भइरहेको अपराधिकरणका विरुद्ध संघर्ष गर्नु पर्छ।

तर विशेष अधिवेशनको बखतमा जे-जस्ता क्रियाकलापहरू देखा परे ती रातारात उब्जिएका वा प्रकट भएका भने होइनन्। एउटा खास यात्रा पूरा गरेपछि मात्र ती क्रियाकलापहरू आजको स्थितिमा प्रकट हुन पुगेका हुन्। जनआन्दोलनको मर्मप्रति बेवास्ता गर्दै जनआन्दोलनका सहकर्मी शक्तिहरूलाई आफ्नो निकटतम प्रतिद्वन्दीका रूपमा निर्मूल पार्ने रणनीति अनुरूप प्रजातन्त्र विरोधीहरूसित गठजोड गर्नु, तीस वर्षे पंचायतकालका राजनीतिक उत्पीडकहरूलाई कानून अनुसार दण्ड दिनुको साटो अभयदान दिनु, आफ्ना विरोधीहरूलाई दबाउनका लागि सत्ता र शक्तिको घोर दुरूपयोग गर्नु र आफ्नो दलभित्रका अपराधिक मनोवृत्ति भएका व्यक्तिहरूकै आडमा सत्ता र शक्तिमा टिक्ने नीति लिनुकै परिणाम हो - आजको विषम परिस्थिति।

गिरिजाप्रसाद कोइरालाले नेपाली कांग्रेसभित्र खुमबहादुर खड्का, गोविन्दराज जोशी, विजयकुमार गच्छेदारको आडमा नै आफू सर्वशक्तिमान बन्न खोज्नुको परिणति हो - शेरबहादुर देउवाको आजको स्थिति। गिरिजाप्रसाद कोइराला आफू टिक्न

आफ्नै दलको एउटा गलत प्रवृत्तिको आश्रयमा जानु भयो। शेरबहादुर चाहिं आफू टिक्नका लागि एक कदम अगाडि सूर्यबहादुर प्रवृत्तिको अगाडि घुँडा टेक्न पुग्नु भयो। बताइरहनु पर्दैन सूर्यबहादुर थापाको आडमा सत्तामा टिक्न शेरबहादुर देउवाले जे-जस्ता प्रयत्न गनुभयो। त्यसले गर्दा उहाँ नेपालको प्रजातान्त्रिक इतिहासमा संसदलाई जनताको सार्वभौमिकता उपयोग गर्ने ठाउँबाट पैसाको सार्वभौकितामा परिणत गराइदिने प्रधानमन्त्रीको रूपमा अंकित हुनुहुनेछ। जसले संसद सदस्यलाई बिकाउ वस्तुको रूपमा खरिद-बिक्री गर्ने परम्परा थालनी गरेको मात्र गर्नु भएको छैन, प्रधानमन्त्री भ्रष्ट र बेइमानहरूलाई संरक्षण दिने पद हो भनी प्रमाणित गरिदिनुभएको छ।

प्रजातान्त्रिक आदर्शका लागि आफ्नो युवा अवस्था भरी संघर्षरत वर्तमान प्रधानमन्त्री आफ्नो पाँच जना मन्त्रीहरू राष्ट्रिय राजनीतिको संकटपूर्ण घडीमा एकैचोटी विरामी भएर अचानक बैंकक गएको जानकारी संसदलाई दिन पुग्नु हुन्छ। यसरी संसदलाई सूचना गर्दा उहाँलाई कति पीडा भयो होला ? सत्ताका लागि उहाँले यस्ता लापर्वाही र जनविरोधी एवं गैरजिम्मेवार तत्वहरूको तरफदारी गरिरहेको छु भन्ने कुरा राम्ररी थाहा हुँदा हुँदै युवा प्रधानमन्त्रीमा यस्तो वाध्यता कसरी जन्मियो ? यो पीडा र आत्मग्लानीले उहाँलाई निश्चय पनि जिन्दगीभरी पिरोल्ने छ। तर संसद बाहिर आदर्श, सैद्धान्तिक निष्ठा र प्रजातान्त्रिक आन्दोलनबारे जनतालाई निकै गहन शिक्षा दिने शैलजा आचार्य र "वैचारिक सोच भएका सांसद भनिने" प्रदिप गिरी समेत लाचार भएर अपराधिक गतिविधि उपर औंठा छाप लगाउनु पर्ने स्थिति आउनु चाहिं नेपाली प्रजातन्त्रका लागि ठूलो चुनौति नै हो। अर्कोतिर सैद्धान्तिक प्रतिवद्धतामा ज्यादै दृढ भनी चिनिने नेमकिपाका सदस्य भक्तबहादुर रोकायाको पलायनबाट उत्पन्न रोहितको पीडा कसले बुझ्न सक्ला ? कुरा यतिमा मात्रै सीमित छैन, जनताको जीउ-ज्यानको सुरक्षा गर्ने जिम्मा प्राप्त गृहमन्त्री स्वयं सांसद अपहरण गर्न लाग्नु भयो भन्ने चर्चा आउनु मात्र पनि हाम्रो प्रजातन्त्रका लागि चिन्ता र चुनौतिको कुरा होइन र ?

विशेष अधिवेशनपछि व्याप्त देशको राजनीतिमा ठूलो राजनीतिक अन्यौल यथार्थमा अझै समाप्त भइसकेको छैन। अहिले त कुनै पनि दल आफ्नो भविष्यप्रति निश्चित छैन। दलहरूभित्रको यो निराश र संकटले देशको प्रजातन्त्रलाई नै संकटग्रस्त बनाएको छ। यो संकटको मुख्य कारण नै राजनीतिमा छाएको अपराधिक प्रवृत्ति हो।

हाम्रो देशको संसद र राजनैतिक दलहरूलाई यस दलदलबाट उठाउने दायित्व जनताको काँधमा छ। जबसम्म जनताले अपराधिक तत्वको विरोधमा संघर्ष गर्दैनन्, तबसम्म संसद र राजनीतिक दल दुबै "लाचार" बन्दै जान विवश हुन्छन् र अपराधिहरूले राजनीतिको संरक्षण पाइनै रहन्छ। नेपाली जनताले निर्दलीय व्यवस्थालाई परिवर्तन गरी जसरी बहुदलीय व्यवस्था ल्याए, त्यसरी नै बहुदलीय व्यवस्थाको शुद्धता र स्वच्छताका लागि राजनीतिमा हावी भइरहेको अपराधिकरणका विरूद्ध संघर्ष गर्नु पर्छ। जनसंघर्षद्वारा मात्र राजनैतिक दलहरूलाई अपराधि प्रवृत्तिबाट मुक्त पार्न सकिन्छ। जनताको मुक्तिका लागि दलहरूले पनि यस्तो प्रवृत्तिबाट मुक्ति पाउनु पर्ने आवश्यकता छ।

के नोवेल लरेट रामोस अपराधी हुन् ?

प्रेक्षा ओझा



आजको फिलिपिन्समा मार्कोसको राज छैन। तर आज पनि त्यहाँ कुनै नोवेल लरेटले प्रवेशाज्ञा नपाउनु ठूलो कुरो मानिन्दैन। नोवेल पुरस्कार विजेताहरू सधैं चर्चाको शिखरमा हुने गर्छन। दलाई लामाले कतै कुनै देशमा प्रवेश पाउनु भएन भने ठूलो समाचार बन्छ। उहाँको हरेक वक्तव्यले ठूला ठूला संचार माध्यमहरूमा ठाउँ पाउँछ। तर गत वर्षका नोवेल पुरस्कार विजेताले फिलिपिन्स पस्न नपाउँदा पनि खासै उल्लेख्य समाचार बन्दैन। रामोस होर्टा वास्तवमै प्रचारको दुनियाबाट टाढा छन।

सन् १९९६ को नोवेल शान्ति पुरस्कारबाट इष्ट टिमोरका पादरी कार्लोस फिलेपे छि मेन्स र प्राध्यापक जोसे रामोस होर्टा पुरस्कृत भए। दुबै लामो समयदेखि इष्ट टिमोरका जनताको अधिकार प्राप्तिका लागि संघर्ष गरिरहेका छन्। जो सन् १९७५ मा इन्डोनेशियाले इष्ट टिमोरमाथि कब्जा जमाएको कुराको विरोधमा थिए र जो इष्ट टिमोरका जनताका अधिकारका लागि उज्वल भविष्यको कामना गर्दथे उनीहरूले पुरस्कार घोषणाको स्वागत गरे।

सन् १९७५ देखि १९८० सम्मको अवधिमा करीब दुई लाख इष्ट टिमोरिहरू आपसी युद्ध, मुत्युदण्ड, रोग र भोकमरीका कारण मरेका थिए। सन् १९९१ को "सान्ता क्रुज हत्याकाण्ड" मा २ सय भन्दा बढी शान्तिपूर्ण प्रदर्शनकारीहरूलाई इन्डोनेशीयाका सेनाहरूले मारेका थिए र २ सय जनालाई बेपत्ता पारिएको थियो।

भर्खरै सन् १९९६ का नोवेल शान्ति पुरस्कार विजेता होर्टालाई फिलिपिन्स पस्न समेत रोक लगाइयो। गत पुष २३ देखि माघ १५ सम्म मनिलामा सम्पन्न डिप्लोमेसी ट्रेनिङ प्रोग्राममा उनले प्रशिक्षण दिने भएका थिए। तर हामी ११ देशका ३० जना मानवअधिकार कार्यकर्ताहरू उनलाई प्रजातान्त्रिक फिलिपिन्समा समेत प्रवेश गर्न नदिइएकोमा खिन्न भयौं। हामीले उनलाई रोकिएकोमा विरोध जनाउन क्वोजेन सिटीमा पत्रकार सम्मेलन पनि गऱ्यौं। तर यो कुरा थाहा पाएर हामी अझ पनि दुखित भयौं उनले संसारका धेरै प्रजातान्त्रिक देशहरूमा पाइलो टेक्न पाउने रहनेछन्। सन् १९७५ मा इन्डोनेशीयाले कुनै बेलाको पूर्तगाली उपनिवेश इष्ट टिमोरलाई आफ्नो आधिपत्यमा लिएर त्यहाँको सरकारलाई अपधस्त गरेपछि होर्टा अष्ट्रेलीयामा निर्वासीत जीवन बिताई रहेका छन। उनी इष्ट टिमोरको सवालका बारेमा प्रचार गर्ने क्रममा संसारका विभिन्न भागमा यात्रा गरिरहेका छन्। नोवेल शान्ति पुरस्कार पाएको क्षणमा पनि उनले भने- गुरील्ला कमाण्डर गुस्माओ १९९३ देखि जेलको चिसो छिंडीमा जीवन बिताइरहेका छन्। अन्तराष्ट्रिय ऐक्यवद्धता आन्दोलनलाई टेवा पुऱ्याउन नोवेल समितिले उनलाई पनि सम्मान गर्नु पर्दथ्यो।

होर्टाले मनिलाका जनतालाई सम्बोधन गर्ने कार्यक्रम पनि थियो। पत्रकारहरूले फिलिपिन्सका राष्ट्रपति समक्ष सोधे- उनलाई फिलिपिन्स आउन किन रोक लगाइयो? राष्ट्रपति रामोसको उत्तर यस्तो थियो- यो समय उपयुक्त नभएको हुनाले होर्टालाई रोक लगाइएको हो । तर यस सम्बन्धमा राष्ट्रपतिले प्रष्ट पार्न भने चाहेनन्। डिप्लोमेसी तालिमको आठौं सत्रका हामी सहभागीहरू बीच चर्चा भयो। होर्टालाई फिलिपिन्स आउन रोक लगाईदा उनका बिचार र अनुभव हामीले सुन्न नपाउने भएका छौं। त्यसैले हामी ज्यादै निराश छौं। हाम्रा केही साथीहरू उत्तेजित हुँदै आपसमा कुरा प्रश्न गर्दै थिए- के नोवेल लरेट रामोस अपराधी हुन्?

इष्ट टिमोरी जनताको कथा अत्यन्त दुर्दान्त छ। प्राध्यापक रामोस होर्टा जनताको त्यही कथा देशको सीमा बाहिर फिजाउन सक्रिय छन्। इष्ट टिमोरका जनता देश भित्र इन्डोनेशीयाली सेनाका विरूद्ध लडिरहेका छन्। गोरिल्ला कमाण्डर छान्नाना गुस्माओ बिगत ३ वर्षदेखि जेलमा छन्। जेलहरू राजबन्दीहरूले भरिएका छन्। तर जनता संघर्षरत छन्।

इष्ट टिमोरका नेल्शन मण्डेलाका रूपमा सुपरिचित गुस्माओ भन्दछन्- "इष्ट टिमोरको सवाल अन्तर्राष्ट्रिय समुदायको दायित्व हो।" उनी इष्ट टिमोरका जनतालाई उनीहरूको देश फिर्ता गर्न शान्ति वार्ता अघि बढाउनु पर्ने कुरामा पनि जोड दिन्छन्। होर्टा इष्ट टिमोरी जनताको यही आवाजलाई उनीहरूको राजनैतिक प्रतिनिधिको हैसियतले विश्व समक्ष राखिरहेका छन्।

रामोस होर्टा र पादरी बेलोलाई नोवल पुरस्कार प्रदान गरिंदा धेरैले ठानेका थिए इष्ट टिमोरका न्याय प्रेमी जनताको मुक्तिसंग्रामले गतिलो मान्यता पायो। इष्ट टिमोरको राजधानी डिलीदेखि प्रवास अस्ट्रेलीयासम्म रामोसले लामो यात्रा तय गरेका छन्। उनले विश्वका प्रजातन्त्र र मानवअधिकार प्रेमीहरूमाझ अनी सयुक्त राष्ट्रसंघ समक्ष इष्ट टिमोरका बहादुर जनताको लडाई र उनीहरूको आत्म निर्णयको अधिकारका बारेमा उनीहरूकै अडान प्रस्तुत गरेका छन। तर पश्चिमा संचार माध्यम र तथाकथित व्यक्तित्व निर्माताहरूका अगाडि उनी अझै मान्यता प्राप्त व्यक्ति हुन सकेका छैनन्। नोवेल लरेटहरूको पंक्तिमा उनी नितान्त एक्लो देखिन्छन।



भेडा बाख्रा भन्दा सस्ता सांसदहरू

सूर्य थापा

शेरबहादुर देउवा प्रधानमन्त्री हुनु भएपछि नेपाली प्रजातन्त्रमा पनि सांसद खरिद-विक्री, अपहरण, प्रलोभन र विधिको शासन पद्धतिलाई जरो उखेल्ने काम भएको छ। त्यसो त देउवाको सत्ता आरोहण पनि सजिलो एवं सोझो बाटोबाट न्यायिक ढंगले भएको होइन। सबैलाई तत्कालीन अवस्था बारे थाहा छ- ०५२ साल भदौ १२ गते विश्वनाथ उपाध्यायको नेतृत्वमा सर्वोच्च अदालतले गरेको राजनीतिक फैसलाका कारण उहाँ प्रधानमन्त्री बन्न पुग्नु भएको हो। सत्तामा पुगेपछि उहाँ टिकिरहनका लागि जे-जस्ता उपायहरुका अबलम्बन गर्नुभयो, ती सबैलाई पृष्ठभूमिमा राखेर हेर्दा भदौ १२ गतेको फैसलाका लागि पनि उहाँले कुनै अस्वभाविक प्रभाव पार्नु भएको थिएन भन्न सकिने ठाउँ छैन। संसदमा एमाले सरकार विरुद्ध ल्याइएको अविश्वासको प्रस्तावलाई टुङ्गो लगाउने क्रममा वर्तमान प्रधानमन्त्री एवं नेपाली कांग्रेस संसदीय दलका नेताले राजनीतिमा अपराधीकरणको सिलसिला शुरु गर्नु भएको थियो। त्यतिबेला आफ्ना समर्थक सांसदहरुलाई शंकर होटलमा थुनेर सांसदको विवेकउपर शंका गर्ने काम नेपाली राजनीतिक इतिहासमा नै पहिलो चोटी भएको हो। त्यतिबेला शंकर होटलमा सांसदहरु थुन्न लाग्ने खर्च बेहोर्ने व्यक्तिहरुको नाम पनि अखबारहरुमा सार्वजनिक भएको थियो। ती मध्ये धेरैजसो व्यक्तिहरु अहिले देउवा सरकारबाट पुरस्कृत भइसकेका छन्।

राजनीतिकर्मीहरू चरित्रको यो दुर्गुण पक्ष संसारभर देखिएको छ। पूरै विश्व यो पीडाबाट प्रताडित छ। मानवअधिकारवादीहरू राजनीतिक अपराधिकरणबाट चिन्तित छन्। अमेरिका होस् वा बेलायत, चीन होस् वा फ्रान्स, जापान होस् वा नेपाल जताततै यो समस्या फैलिएकोमा चिन्ता छ। आर्थिक अपराधीकरणको चंगुलभित्र नै आजको दुनियाँका राष्ट्रपति, प्रधानमन्त्री र सांसदहरू समेत नराम्ररी फसेका छन्। यो खुल्ला तथ्य नै हो धेरै ठाउँमा राजनीतिज्ञ अथवा राजनीतिक दलहरूलाई आफ्नो राजनीतिक गतिविधि गर्नका लागि ठूलो मात्रामा धन पैसाको खर्च गर्नुपर्ने हुन्छ। लाग्छ, सबै राजनीतिक मान्छेहरूलाई राजनीतिमा अस्तित्व जेगाइरहनका लागि धन खर्च नगरी संभव छैन।

विश्वव्यापी रोग

संसारभर फैलिएको यो दुर्गुणलाई विभिन्न देशमा विभिन्न नामले बुझ्ने गरिन्छ। इटलीमा यसलाई "बुस्तारेले" भनेर बुझिन्छ। जसको अर्थ हुन्छ - "नोटले भरिएको सानो खाम संस्कार।" संयुक्त राज्य अमेरिकामा "कालो खाता" बहुत चर्चित छ। त्यहाँ कुनै स्वदेशी वा विदेशी बैंकमा यस्तो खाता खोलेर आवश्यक परेको बखत प्रयोग गरेको पाइन्छ। तर दश लाख डलर भन्दा बढी रकमको कारोवारको भुक्तानी स्वीस बैंकबाट नै हुन्छ। यस्तो खाताको संचालन खातावालाको हस्ताक्षरबाट नभई अति गोप्य संख्याको टोकनबाट हुने गर्दछ।

थाइलैण्डमा यो चलन चल्तीलाई "जिन मुआँग" अर्थात् राष्ट्रघात भनिन्छ। भ्रष्ट सरकारी अधिकारी र मन्त्रीहरूले देशलाई सखाप पारिरहेको गुनासो त्यहाँका जनसाधारणमा तीब्र छ। यस्तो कु-कर्मलाई चीनमा चाहिं "तनावा" अर्थात् घृणित पाप भन्ने गरिन्छ भने जापानमा "ओशोके" अथवा जघन्य-कर्म। जनताको मनमा आर्थिक अपराधको माध्यमबाट राज्यसत्ता प्राप्त गर्ने, मन्त्री हुने अनि देशमा शासन गर्ने वा उनीहरू स्वयंको तर्फबाट गरिने भ्रष्टाचारप्रति गम्भीर विरोध र आक्रोस हुँदाहुँदै पनि आज सारा एसियाली देशहरूमा यो रोगव्याधी तीब्र गतिले फैलिएको छ। यसको फैलावटको गति प्राणघातक रोग एड्सको भन्दा पनि तीब्र छ।

सन् १९७६ मा इटालीको मिश्रित सरकारले राज्यकोषको दुरूपयोग तथा घोटाला मच्चाएर तेल कम्पनीलाई कमिशन दिएको सम्बन्धमा छानवीन भयो। त्यतिबेला चार इतालवी मेजिष्ट्रेटहरूले छानविन पश्चात यो कुरालाई सिद्ध पनि गरे कि मामला असाध्यै गडबडभएको छ। त्यतिबेला सरकारको यो घोटाला प्रकरणबाट दुःखी भएका नागरिकहरूले रोमका भित्ताहरूमा लेखे - "आइ नोस्त्री गवर्नान्ती सोनो बेन्दुती" अर्थात हाम्रो सरकार बिकिसकेको छ।

अमेरिकी सिनेटको बहुराष्ट्रिय कम्पनी सम्बन्धी जाँचबुझ उप-समितिका अध्यक्ष सिनेट सदस्य फ्रैंक चर्चले राष्ट्रको प्रतिरक्षा मामला पनि आर्थिक अपराधिकरणबाट जकडिएको सम्बन्धमा भनेका छन् - "उत्तर एटलांटिक सन्धि संगठन (नेटो) विश्वभरि नै अमेरिकी सुरक्षा व्यवस्थाको आधार हो। तर हामीलाई जाँचबुझको दौरानमा थाहा भयो कि अमेरिकी कम्पनीले आफ्नो विमान बेच्नका लागि नेटोमा सम्बद्ध राष्ट्रहरूका जिम्मेवार अधिकारीहरूलाई समेत आर्थिक रूपले प्रभावित पार्दोरहेछ। जसमा यूरोपीय सेनाका सेनापतिहरू पनि सामेल रहेको आशंका छ।"

सन् १९७६ को शुरूमा जब एक जापानी नेतामाथि अमेरिकाको लाकहिक एयरक्राफ्ट कर्पोरेशनबाट एक करोड २० लाख डलर घूस लिएको आरोप लाग्यो, तब जापानका

अन्यता म फुत्किन्थें वा मारिन्थें

भक्तबहादुर रोकाया

० तपाई अविश्वासको प्रकरण ताका कहाँ हराउनु भयो?

- म भारत घुम्न गएको थिएँ।

० पार्टी निर्णयसंग सहमत हुनु हुन्न हुन्थ्यो र?

- हो। पार्टीले निर्णय गरिसकेपछि मलाई त्यसमा चित्त बुझेन। मेरो जिल्लाका साथीहरूले निर्णय गरी मलाई मतदानमा तटस्थ बस्न भन्नुभयो। त्यो अवस्थामा मैले कांग्रेसका १/२ जना साथीहरूलाई काठमाडौंमा बसेपछि अलिक झन्झट हुन्छ, पच्चिसथरी मान्छेहरू आउँछन्। पुलिस नै दुई खेमामा बाँडिएको छ। यसले गर्दा देशभित्र मेरो सुरक्षा हुने स्थिति थिएन। त्यसैले सिलगुढीसम्म घुम्न जाने भनेर गएको छ तर त्यहाँ अलिक वातावरण बिग्रेको हुनाले लखनाउतिर घुमी नेपालगञ्ज हुँदै काठमाडौं फर्केको हुँ।

० तपाई देशमा बस्न सक्ने स्थिति किन थिएन?

- थिएन। पार्टीले नै दुःख दिन सक्थ्यो। टेलिफोनमा समेत धम्की आउँथ्यो। एमाले र राप्रपाहरू आइरहन्थे। किन अनावश्यक टाउको दुखाउने? त्यसकारण यिनीहरूबाट टाढा नै गए ठीक हुन्छ भन्ने किसिमले हामी गएका हौं।

० तपाईलाई कांग्रेसका सांसदहरू शिवराज जोशी र राजेन्द्रबहादुर शाहले अपहरण गरेका होइन र?

- त्यो चर्चा चल्यो, चल्नु स्वभाविक हो। म अपहरित हुने केटाकेटी होइन। पंचायती व्यवस्थाको विरोध गर्दा दमको विरामी भई नेपालगञ्जमा रहेको बेला पनि म हिंडेर जुम्लामा गई कालो झण्डा देखाउने काम गरेको थिएँ। अरू बेला नेपालमा ००७ सालमा क्रान्ति भयो भने जुम्लामा ००८ सालमा हुन्थ्यो। ०४६ सालमा मेरो नेतृत्वमा फागुन १४ गते नै कालो झण्डा देखाउने काम भयो। मलाई ज्यानको आशा भएको भए त्यसो गर्ने थिएन। त्यसकारण म अपहरणबाट डराउने मान्छे होइन। मैले चाहेको भए अपहरण गरिए पनि म विद्रोह गरी फुत्केर आउन सक्थे अथवा मारिन्थे।

० अपहरण गरेको भनेर तपाईकी पत्नी र स्वकीय सचिवद्वारा सभामुखलाई लिखित जानकारी गराइएको थियो त?

- मैले आफूले के गर्दैछु भन्ने मेरो निजी सचिव र परिवार कसैलाई पनि थाहा दिइनँ। उनीहरूलाई थाहा दियो भने ठाउँ बताइदिन सक्थे। त्यसैले मैले कसैलाई पनि केही बताइन।

० तपाईलाई अपहरण गरेको जानकारी त बकाइदा गराइएको हो त?

- त्यो रोहितजीहरू आएर लेखाउनु भएको हो। मेरो परिवार र सचिवलाई मेरो बारे थाहा थिएन। त्यसैले साँच्चिकै अपहरण गरेका हुन् कि भन्ने उनीहरूलाई परेको हुनसक्छ। उनीहरू सिधा साधा मान्छे भएकोले लेखेर दिए होलान्। मलाई अपहरण गरेको कुरा निराधार हो।

० तपाई मन्त्री हुने प्रलोभनमा परेर भाग्नु भएको हो त?

- म साथीहरूको सल्लाह अनुसार अविश्वासको पक्ष विपक्षमा नलाग्ने भनी गएको हुँ। पछि मेरो स्थितिले गर्दा पार्टीबाट टाढा बस्नु पर्ने तथा एमालेसंग बढी दुश्मनी भइरहेको हुनाले नै मन्त्री हुनुपर्‍यो।

० एमालेसंग तपाईको दुश्मनी किन?

- स्थिति यति अघि बढेपछि एमालेसंग त भिड्नु पर्‍यो। मजदूर किसान पार्टीसंग पनि भिड्नु पर्‍यो। त्यसको लागि मलाई सत्ता र शक्ति चाहियो। अनि मन्त्री भएँ।

० मन्त्री भएर आफ्नो सुरक्षा भइरहेको छ? के के काम गरिरहनु भएको छ त?

- तर मैले केही काम गरेको छैन। नवौं पंचवर्षीय योजना तयार भइरहेको छ। यस्तो अवस्थामा जडिबुटीको स्वानी मानिने कर्णाली अंचलको प्रतिनिधि बन मन्त्रालयमा नै रहन पाउँदा खुशी लागेको छ। मैले कर्णाली अंचलको जडिबुटी विकासको लागि केही काम गर्ने कोशिश गरिरहेको छु।

० तपाईलाई शेरबहादुर देउवाले आर्थिक प्रलोभनमा पार्नु भएको होइन र?

- उहाँसंग मेरो पहिलेदेखि नै नजिकको सम्बन्ध थियो। मलाई माया पनि गर्नुहुन्थ्यो।

० तपाई कता-कता घुमेर फर्किनु भएको हो?

- हामी काठमाडौंबाट विराटनगर पुग्यौं। त्यहाँबाट पूर्णिया हुँदै लखनउ गयौं। र, नेपालगञ्ज भएर काठमाडौं फर्केको हुँ। त्यतिखेरसम्म कांग्रेसका सांसदहरू पनि मसंग साथै हुनुहुन्थ्यो।

० अब तपाईको राजनीतिक भविष्य के हुन्छ?

- के हुन्छ, हेर्दै जाउँ। म सत्तामा बसेपनि, नबसे पनि राजनीति गर्छु।

० जुम्लामा नेमकिपाले बदला लिन चाह्यो भने जिल्ला फर्किन सक्नु हुन्छ?

- नेमकिपाको त्यो पुरानै शैली हो। बदला लिन्छु भनेर म डराउने मान्छे होइन।

० कम्युनिष्ट पार्टीहरूमा तपाई अटाउन नसक्नु भएकै हो, होइन?

- कम्युनिष्ट पार्टीहरू बीच आपसमा द्वन्द र घुसपैठ छ। को के हो भन्ने नै थाहा हुँदैन। त्यसैले यिनीहरूको भविष्य नेपालमा छ भन्ने म देख्दिन।

० तपाईलाई त नेमकिपाको जुम्ला जिल्ला समितिले गद्दार घोषणा गरिसक्यो, होइन र?

- पार्टीबाट हटेपछि उसलाई गद्दार त भनिहालिन्छ। मैले अरूलाई गद्दार भन्छु, अरूले मलाई भनेका होलान्। म कसैको हलिया, कामदार र जोताहा होइन।

० कम्युनिष्ट कार्यकर्ताहरू बीच त तपाईको छबी बिग्रिएको छ, होइन र?

- के को छवि बिग्रिने? सप्रिरहेको छ। आलोचना र प्रशंसा गर्ने मान्छेहरू हरेकका हुन्छन्। राजनीतिमा लागेर फाइदा बेफाइदा नहेर्ने हो भने राजनीति नै नगरे हुन्छ। समाजमा दुई थरी मान्छे हुन्छन्, छन् र रहन्छन्। तिनले हेर्ने दृष्टिकोण फरक हुन्छ।

उप-प्रधानमन्त्री ताकियो फुकुदाले भनेका थिए- "जापानका जनता न स्वतन्त्र समाजका नागरिक भएर बाँच्नबाट बंचित छन्, न त उनीहरूको समाजवाद वा साम्यवादप्रति नै त्यस्तो आकर्षण रहेको छ। तथापि उनीहरू राजनीतिको संचालन धन-पैसाबाट भएकोमा अवश्य निराश छन्।" वास्तवमा आज सारा दुनियाले राम्ररी महसूस गरेको छ कि राजनीतिक सत्ताको जुन खेल भइरहन्छ? यो खेलको आधार भनेको नै धन-पैसा भएको छ। नेपालमा प्रजातन्त्र प्राप्तिपश्चातको छोटो अवधिमा नै यस्तो खेलका दृष्टान्तहरू देखा परिसकेको भएतापनि वर्तमान गठबन्धन सरकारको १८ महिने कार्यकालमा सरकारलाई टिकाउने आधार सांसदहरूको खरिद विक्री, प्रलोभन र अपहरण जस्तो अवैध तरिका नै भएकोमा नेपाली जनता पनि अब राम्ररी नै निराश भइरहेका छन्।

अमेरिकी राष्ट्रपतिका राष्ट्रिय सुरक्षा सल्लाहाकार रवर्ट मैक फारलेन सन् १९८७ मा इरान-कौन्ट्रा काण्ड फसे। उनका सर्वत्र आलोचना भयो। त्यसपछि उनले विष खाएर आत्महत्या गरे। यस्तै न्यूयोर्क नगरपालिकाका शक्तिशाली अध्यक्ष डेमोक्रेटिक पार्टीका स्थानीय प्रमुख डोनाल्ड मेस जतिबेला नगरको पार्किङ्ग उल्लंघन ब्यूरोद्वारा घूस लिएको आरोपमा पक्राउ परे, त्यतिबेला उनी आफ्नो राजनीतिक जीवनको सफलताको शिखरमा थिए। उनले यो सजायलाई सहन सकेनन् र, मानसिक पीडाले घटपटाउन थाले। एक दिन उनले मनोचिकित्सकसंग टेलिफोनमा कुरा गरिरहेको बखत उत्तेजित भएर उठे, र आफ्नै छातीमा छुरी हानेर मरे।

सन् १९७२ मा अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनको पहिलो पटकको कार्यकाल समाप्त भयो। निक्सनले फेरि उम्मेदवार हुन रिपब्लिकन पार्टीबाट प्रयाश गरिरहेका थिए। सत्तामा बसिरहने आफ्नो वासना पूरा गर्नका लागि उनले अमेरिकी प्रजातन्त्र, संविधान, परम्परा, संस्था गत नीति-नियम र मूल्यहरूको जरा उखेल्न शुरू गरे। यस्तै जघन्य अपराध एवं आपत्तिजनक तरिकाहरूको सहारामा निक्सन पुनः राष्ट्रपति छानिए। तर तुरून्तै उनको अपराधको पोल खुल्न गयो र उनी राजनीतिज्ञको दर्जाबाट धुर्त, भ्रष्ट एवं विकृत तानाशाह तथा सार्वजनिक जीवनमा एक चर्चित अनैतिक व्यक्तिको दर्जामा उभिन पुगे। आज पनि "वाटरगेट काण्ड" लाई अध्ययन गर्ने हो भने निक्सनको अपराध र चरित्रमा लागेको कालो दाग ऐनामा हेरे जस्तै छर्लङ्ग हुन्छ।

जापानका प्रधानमन्त्री काकुई तनाका आफ्नै प्रयत्न र अपराधिक बाटोबाट करोडपति बने। उनी जापानका एक चमत्कारिक राजनेता पनि मानिन्थे। एउटा यस्तो समय पनि थियो कि

उनी अत्यन्त लोकप्रिय राजनीतिज्ञ मानिएकै कारण ५४ वर्षको उमेरमा सन् १९७२ मा प्रधानमन्त्रीको उच्च पदमा पुग्ने अवसर पाए। त्यतिबेला अर्थात् सन् १९७२ ताका प्रधानमन्त्री हुँदा उनलाई युद्धोस्तर जापानका सबैभन्दा युवा प्रधानमन्त्री भनेर पनि प्रशंसा गरिन्थ्यो। तर लाकहिड घूस काण्डको छानवीन हुँदा दुई खरब डलरको विमान निप्पोन एयरवेजले किन्दा १७ लाख डलर प्रधानमन्त्री काकुई तानाकाले समेत लिएको पत्ता लाग्यो। यही अपराधमा उनलाई २७ जुलाई १९७६ मा गिरफ्तार गरियो। सन् १९८३ मा टोकियो जिल्ला अदालते चार वर्ष कारवास-सजायको साथ साथै २० लाख डलर जरिवाना तिर्न लगायो। र, २९ जुलाई १९८७ मा जापानको उच्च न्यायलयले जिल्ला अदालतले गरेको फैसलालाई नै सदर गऱ्यो अनि "भ्रष्ट प्रधानमन्त्री तनाका जेल चलान गरिए।

सन् १९७९ मा जनरल रोह ताई ऊको मद्दतबाट सत्ता अपहरण गरी दक्षिण कोरियाको राष्ट्रपति बनेका चुन डु ह्वान आजको विश्वको लागि नै राजनीतिक अपराधीकरणका रोचक उदाहरण मानिन्छन्। उनले सत्ता अपहरणबाट राष्ट्रपति बनेपछि आर्थिक अपराधको विशाल साम्राज्य नै सिर्जना गरे। यस सम्बन्धी यथार्थ विवरण उनी स्वयंले २३ नोभेम्बर १९८८ को दिन दक्षिण कोरियाको टेलिभिजन मार्फत नै वक्तव्य दिएर सार्वजनिक गरे। उनको २५ मिनेट लामो वक्तव्यलाई दक्षिण कोरियाका ४ करोड २२ लाख जनताले सुनेका थिए, ती मध्ये ७५ प्रतिशतले आफ्नै घरमा तथा बाँकी अरूले सार्वजनिक स्थलबाट। जसमा राष्ट्रपतिले आफूले गरेका सम्पूर्ण अपराध स्वीकार गरेर आफ्नो पतनलाई पूर्णतः दिएका थिए।

त्यसपछि भूतपूर्व राष्ट्रपति चुन डु ह्वानले आफ्नो सम्पूर्ण सम्पत्ति लगभग ३० लाख डलर बराबरको कोरियाली नगद मुद्रा, दुई करोड डलरको राजनीतिक चन्दा, सियोलस्थित विशाल महल, तथा अर्को त्यति नै ठूलो घर अपराधको प्रायश्चित गर्दै राष्ट्रलाई फिर्ता गरे। स्वयं आफ्नो घर, समस्त श्रीसम्पत्ति एवं सम्पूर्ण भौतिक सुविधा र विलासका साधन छोडेर उनी आफ्नी पत्नीका साथ उत्तर दिशामा पर्ने पर्वतीय गुम्बामा तपश्या गर्न गए। तथापि आज पनि कानूनको आँखाबाट उनी छिप्न पाएका छैनन्। त्यहाँको अदालतले उनलाई मृत्युदण्ड दिने सम्बन्धमा फैसला गरिसकेको छ।

सांसदहरूलाई खरिद-बिक्री गरी सत्ताको आयु बढाउने सन्दर्भमा भारतका भूतपूर्व प्रधानमन्त्री पी.भी. नरसिंह रावलाई पनि अत्यन्तै माहिर प्रधानमन्त्री भन्दा अत्युक्ति हुँदैन। सन् १९९३ को सेप्टेम्बर ६ तारिखका दिन झारखण्ड

सम्माननीय सभामुख ज्यू,
संसद सचिवालय, सिंहदरबार, काठमाडौं।

विषय :- सांसद भक्तबहादुर रोकायाको अपहरण बारे।

उपरोक्त सम्बन्धमा मेरो माननीय सांसद श्री भक्तबहादुर रोकायाज्यूलाई सुनियोजित तरिकाले ०५३।९।८ का दिन विहान करीब ८.४५ बजेको समयमा नेपाली कांग्रेसका सांसद राजेन्द्रप्रसाद शाह, शिवराज जोशी लगायतका मानिसहरू आई बलजफ्ती गरी निज सांसदज्यूको निवासस्थान कालिकास्थानबाट बा.अ.ज. २७९० को प्राइभेट गाडीको बीचमा राखी अज्ञात स्थलतिर लगेको कुरा जानकारी गराउँदछु। त्यो मन्दा अगाडिको अवस्थाको बारेमा मिति ०५३।९।७ बेलुका उहाँ पार्टीको विशेष छलफलको लागि भक्तपुर जानुभएको र रातीको निर्णयपछि मिति ०५३।९।८ विहान ७ बजे आफ्नो निवास स्थान कालिकास्थान आइपुग्नु भएको थियो। उहाँ आइपुगेको लगतै फोनमा घण्टी आइरहेको र विभिन्न थरिका धम्की आइरहने गरेको कुरा मैले उहाँबाटै सुनेको थिएँ। त्यस्तो अवस्था देखेपछि निज सांसद भक्तबहादुर रोकायज्यूले पार्टी कार्यालयमा पार्टीका केन्द्रीय सचिव प्रेम सुवालसंग आफूलाई कांग्रेसका सांसदले घेरेको र स्थिति नाजुक भएको कारण १० मिनेटभित्र गाडी पठाइदिन आग्रह गर्नु भएको थियो। त्यसपछि लगतै पुनः फोनको घण्टी आएको र मलाई शंका लागी कसको फोन भनेर सोढ्ा सांसद भक्तबहादुर बलायर को हो भनेर भन्नु भएको र त्यसपछि उहाँको निर्देशनमा मैले निज सांसद भक्तबहादुर बलायरलाई कालिकास्थान चोकबाट सांसद भक्तबहादुर रोकाया भक्तपुर गएको कुरा जानकारी गराएको थियो। निज सांसद भक्तबहादुर बलायर आएको गाडीको प्लेट मन्त्रीको गाडीको थियो र सोही गाडीमा फर्केको कुरा अवगत गराउँदछु। त्यसको केही समयपछि अथवा लगभग ८.४५ तिर हामी सम्पूर्ण परिवार कोठामा बसिरहेको समयमा सांसद राजेन्द्रप्रसाद शाह र शिवराज जोशी प्रवेश गरी तपाइसंग व्यक्तिगत

अपहरणकारी सांसदहरु - राजेन्द्रबहादुर शाह र शिवराज जोशी

वार्ता छ भनी कोठाबाट बाहिर लिई परिवारसंग कुरा गर्नेसम्म समय नदिई, गाडीभित्र धकेली बीचमा राखी अज्ञात स्थलतिर लगेको कुरा जानकारी गराउँदछु। उक्त ट्याक्सी वा गाडीको नम्बर बा.अ.ज. २७९० थियो। त्यसपछि सांसद दीपकुमार उपाध्याय र भक्तबहादुर बलायरले बारम्बार फोन गर्ने गरेका र केही समेमा यो फोनमा सम्पर्क राख्नु, चिन्ता नगर्नु भनी आश्वासन दिने गरेका छन्। निज सांसदले दिएका फोनहरूमा ६१०७२०, ४२२८२४ हरू हुन्। त्यसपछि हामीले सांसद भक्तबहादुर रोकायालाई ने.का.का सांसदद्वारा अपहरण गरिएको जानकारी गराउँदै, सांसद रोकायाज्यूलाई सभामुख समक्ष मिति ०५३।९।८ का दिन दिउँसो सदन चलिरहेकै अवस्थामा र उपस्थित गराई पाउँ भनी निवेदन गरेका थियौं। तर आज दुई दिन भइसक्दा पनि उहाँको अवस्था बारेमा कुनै जानकारी हुन नआएको र बेनामी फोन आई तर्साउने खालका कुरा आउने हुनाले हामी सम्पूर्ण परिवार उहाँको उपस्थितिको माग गर्दछौं। त्यसैगरी आज मिति ०५३।९।९ विहान सांसद रामजनम चौधरी मार्फत फोनबाट सांसद भक्तबहादुर रोकायाको चिठी आएको लिन आउनुहोस् भनेर जानकारी आएको र पत्र लिनको लागि उहाँको सचिव बाहेक अरू नआउनु भनेपछि उनीहरूले दिएको समय र स्थानमा म केही सुरक्षाका साथ जाँदा उक्त व्यक्ति काठमाडौं कालिकास्थान मन्दिरदेखि पछाडि एउटा सेतो घरको अगाडि उभिएका थिए। रामजनम चौधरी हो की मैले नचिनेको कारण ती उभिएका तीन व्यक्तिको अगाडि एउटा माडावाल ट्याक्सी स्टार्ट गरी राखिएको थियो। सो गाडीको नम्बर बा.अ.ज. ४७० थियो। त्यसपछि मैले पत्र माग्दा हामीसंग यहाँ छैन। तल पुतलीसडकमा अर्को मानिससंग छ। त्यहाँबाट ल्याएर आउँला यही गाडीमा बसेर जाउँ भनी आग्रह गरे। यो अवस्थालाई सुनियोजित मानी मैले अस्वीकार गरेपछि ती तीन व्यक्ति पुनः पछि १०.४५ बजे भेट्ने गरी गए। तर १०.४५ मा म उपस्थित भइन। त्यसैले यसरी अपहरण गरी राखिएका सांसद भक्तबहादुर रोकायाज्यूलाई जसरी लगिएको थियो, त्यसरी उपस्थित गराइदिन अनुरोध गर्दछु। र, उहाँको अवस्थाप्रति हामी सम्पूर्ण परिवार चिन्तित छौं।

स्वकीय सचिव
धर्मराज न्यौपाने

मिति :- ०५३।९।९
बोधार्थ :
नेपाल मजदूर किसान पार्टी, भक्तपुर

त्यो खाता कसरी रित्तियो ?

संसद सचिवालयको खाताबाट किन सबै रकम निकालियो ? ०५३ साल पुष ९ गते बुधवार सांसद डेडराज खड्का केवल ३ हजार २ सय रूपैयाँको चेक लिएर राष्ट्र बैंकमा भुक्तानी लिन जाँदा खातामा पैसा छैन भनेर फिर्ता हुनु पऱ्यो।

यो अविश्वास प्रस्ताव असफल पारिएको भोलिपल्ट विहानको कुरा हो। सांसदहरू भोजराज जोशी लगायतले सोही दिनपछि सोधभर्ना गर्ने गरी चेकको भुक्तानी लिई फर्कनु भएको थियो। तर सांसद खड्काको टोकन फिर्ता भएपछि खाताको पैसा कहाँ गयो ? भनेर सांसदहरूबीच निकै चर्चा चलेको थियो।

विश्वस्त सूत्रका अनुसार संसद सचिवालयको खाताबाट अविश्वास प्रस्तावलाई तुहाउन २० लाख रूपैयाँ निकालिएको थियो। त्यसकारण भोलिपल्ट सांसदहरूले केवल ३ हजार २ सय रूपैयाँको भुक्तानी पाउन सकेनन्।



सम्माननीय सभामुख ज्यू,
प्रतिनिधि सभा सिंहदरबार काठमाडौं

महोदय,

उपरोक्त सम्बन्धमा आज मिति ०५३।९।८ गते विहान ८.४५ को समयमा नेपाली कांग्रेसका सांसद श्री शिवराज जोशी र राजेन्द्रप्रसाद शाहसमेत दश, पन्ध्र जनाको हुल भई गाडी नं. वा.अ.ज. २७९० को गाडीबाट उत्रिएर नेपाल मजदूर किसान पार्टीका सांसद श्री भक्तबहादुर रोकायाको निवासस्थान कालिकास्थान मा भेट्ने बहानाले आई तपाईंसंग आवश्यक सरसल्लाह गर्नको लागि एकछिनको लागि बाहिर जाउँ भनी आग्रहका साथ निवासको बरण्डासम्म लगे। त्यसपछि एक्कासी दुई जनाले पछिबाट धक्का दिएर उक्त नम्बरको गाडीमा हाली लगेका छन्। अहिलेसम्म निज सांसदको खोजखबर तथा अत्तोपत्तो छैन। प्रतिनिधि सभाको विशेष अधिवेशनको छलफल चलिरहेको वेला कांग्रेसी सांसद शिवराज जोशी समेत अन्य व्यक्तिहरू मिलेर लगेपछि सांसद श्री भक्तबहादुर रोकायालाई कुन ठाउँमा र कुन अवस्थामा राखिएको छ ? यस सम्बन्धमा अहिलेसम्म टेलिफोन तथा अन्य कुनै प्रकारको जानकारी समेत नआएकोले हामी सम्पूर्ण परिवार चिन्तित छौं।

अतः अपहरण पश्चात नेपाली कांग्रेसका विभिन्न व्यक्ति तथा गृह सहायक मन्त्री दीपकप्रकाश बाँसकोटाको टेलिफोनमा धम्कीका साथै आत्तिनु पर्दैन भन्ने शब्दद्वारा सम्बोधन गरी खबर पनि आउने गरेको देखिन्छ। यस प्रकार नेपाली कांग्रेसको सांसद शिवराज जोशीले गर्नु भएको कालोकर्तुत हामी सम्पूर्ण परिवार क्षुब्ध छौं। यस प्रकारले सांसदको अपहरण हुन्छ भने संसदीय व्यवहारमा प्रजातन्त्रको मुकुण्डो ओड्ने भ्रष्ट कांग्रेसी सांसदप्रति नेपाली जनताले के विश्वास र आस्था गर्ने। तसर्थ सम्माननीय सभामुखमा यो निवेदन गर्दछु।

प्रार्थी

श्रीमती सत्यदेवी रोकाया
आमा लगायत सम्पूर्ण परिवार

मिति : ०५३।९।८

आफ्नो पक्षमा ल्याउन चार लाख


मन्त्रिपरिषद् सचिवालय
(.....शाखा)
सिंहदरबार काठमाडौं
नेपाल ।
६५५/०५३
विषयः–
श्री सचिव,
वर्ग, मन्त्रालय ।
२०५३।९।२४
"आजको मन्त्रीसभा बैठकले गर्ने निर्णय मं.प.नि.सं. २४०२६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुन, तपसिल श्री २ को सरकार खर्च सम्बन्धमा नियमावली, २०७७ को नियम २९ (अनुसूची १ मापद क) अनुसूची सं १ को मन्त्रालयले देखाएमा मौसुफलाईमा गर्ने निर्णय गरेकोले यो मातहतका कार्यालयबाट हुन आवश्यक गरेकोछ ।"
श्री २ को सरकारको निर्णय :–
"माहौ र बैठकमा सेलगर्ट पीडित हुनुपर्दछ माननीय आवास तथा भौतिक योजना सहायक मन्त्री श्री विष्णु विक्रम थापालाई बैंककमा गई सम्मानपूर्वकलिनु, उक्त उपचार सम्पन्न आवश्यकतो–बैंकक–काठमाडौं हवाई टिकट, परिवहन तथा उपचार–पश्चिम खर्चको लिन बमोजिमको रकम र खाने–पाने तथा फुटकर खर्चको निमित फर्कंदा पेश गरे गर्नु गरी अमेरिकी डलर १००० (एक हजार) उपलब्ध गराउने गरी मं.प.नि.सं. २०७३ चाइ निर्णय भएकोमा श्री निर्णय बमोजिम पहले गर्न मन्त्रालयबाट स्थानीय परिवहन तथा उपचार र माने–खाने तथा फुटकर खर्च समेतका लागि गरी अमेरिकी डलर २००० (दुइ हजार) बराबरको रकम र सानोतिनो विमान, ब.सं.नि.चाइ र, ८६,०२५–(छयासी हजार) समेत लिई बैंकक गई उपचार गराई फर्कनुपर्ने भएको लोकको श्री रकम निकाल हुन माननीय प्रधानमन्त्री समक्ष अनुरोध गर्नु भएकोले, यसले बैंकक जाइ विष्णु थापाले उक्त माथि हजार डलर बराबरको रकम र उक्त ह. ८६,०२५–(छयासी हजार) समेत सम्पूर्ण रकम माथिका बमोजिमका परिवहन गरी खर्च गरिनेछ ।"
। कालुराम गैरे थापा ।
सचिव

आफ्नो पक्षमा ल्याउन चार लाख सरकार बचाउनका लागि राष्ट्रिय सम्पत्तिमा लुट मच्याउने निर्णय ०५३ मंसीर २४ गतेको मन्त्रीपरिषद बैठकले पनि गऱ्यो। तत्कालीन आवास तथा भौतिक योजना सहायक मन्त्री विष्णुविक्रम थापा पहिले अविश्वासको पक्षमा हुनु हुन्थ्यो। तर मन्त्रीपरिषदको बैठकले सहायकमन्त्री थापालाई उपचारका लागि बैंकक पठाउने बहानामा दुईतर्फी टिकट र बिल अनुसार फछ्र्यौट हुने गरी एक हजार अमेरिकी डलर दिने निर्णय गरेर प्रस्तावको विपक्षमा उभ्याये। थापाले ५ हजार अमेरिकी डलर लिएर बैंकक जानु भयो। उहाँले खानेपानी विभागको मध्यमाञ्चल क्षेत्रीय निर्देशनालयबाट थप ८६ हजार रूपैयाँ समेत लिनु भयो। थापाले अविश्वास प्रस्तावको विपक्षमा उभिने मूल्य वापत सबै रकम प्रधानमन्त्रीलाई राज्यको कोषबाट तिर्न वाध्य तुल्याउनु भयो। मन्त्रिपरिषदको निर्णय उल्लेखित मन्त्रीपरिषद सचिवालयको पत्र संख्या ६५५/०५३ मा उक्त कुराको प्रमाणका रूपमा रहेको छ।

मुक्ति मोर्चाका चार नेताहरू शिबु सोरेन, साइमन मरांडी, शैलेन्द्र महतो र सुरज मण्डलले सत्तारूढ कांग्रेस (आई) लाई समर्थन गरेबापत १९ करोड भारू अर्थात ३० करोड रूपैयाँ लिएको आरोपमा गिरफ्तार परे।

यसको सिलसिला झनै रोचक छ। २६ अगष्टका दिन कांग्रेस आई विहार प्रदेश समितिका सचिव छत्रपति शाही मुण्डाले सिविआईलाई दिएको बयान अनुसार २७ जुलाई १९९३ का दिन केन्द्रीय मन्त्री राजेश पायलटकासाथ मुण्डा पनि अनियमित हवाई उडानबाट दिल्ली गएका थिए। रातको करिब साढे बाह्र बजे दुबै जना रेसकोर्सस्थित प्रधानमन्त्री रावको निवासमा पुगे। मुण्डाले बताए अनुसार सो अवसरमा राव ढोकासम्म नै आएर मुण्डालाई भेटे। रावले आफ्ना कार्यकर्तासंग झारखण्ड मुक्ति मोर्चाका शैलेन्द्र महतोलाई भेट्नु पर्ने इच्छा पनि व्यक्त गरे। किनभने त्यतिबेला राव-सरकार रहने वा नरहने भन्ने निर्णय हुँदै थियो र, राव प्रधानमन्त्रीको कुर्सीमा टिक्नको लागि केवल एक भोटको खाँचो थियो। एक भोट प्राप्त नगरेको खण्डमा राव सरकार ढल्ने निश्चित भएको अवस्थामा सत्तामा टिकिरहनका लागि झारखण्ड मुक्ति मोर्चाका नेताहरूलाई त्यति ठूलो धनराशीमा खरिद गर्ने निधो भयो। यही योजनामुताविक पछि मोर्चाका नेताहरूलाई आफ्नो पक्षमा ल्याउन राव सफल भए। दक्षिण एसियामा यो प्रकरण सांसद खरिद-बिक्रीको इतिहासमा अति नै चर्चित उदाहरण मानिन्छ।

विश्व प्रसिद्ध भ्रष्ट राजनीतिज्ञहरूका यी केही उदाहरणको आधारमा उभिएर भन्न सकिन्छ- राजनीतिको आडमा हुने गरेको आर्थिक अपराधका श्रृङ्खला अति नै लामो, रोचक र रहस्यमयी उपन्यास जस्तै छ। तर ढिलो वा चाँडो अपराधको भण्डाफोर पनि भएको छ। विधि र मूल्यको राजनीति छोडेर सत्तामा जान, सत्तामा टिक्न वा आफ्नो आर्थिक हैसियत बलियो बनाउन राजनीतिज्ञहरूबाट भए-गरेका सबै नभए पनि केही चर्चित प्रयत्नहरू विश्वमै एक न एक दिन नांगिएका छन्। जसबाट आजका राजनीतिकर्मीहरूले शिक्षा लिन सक्छन्।

नेपालमा पनि धमिजा-काण्डलाई, विश्वप्रसिद्ध "लकहिड एयर क्राफ्ट काण्ड" को सानो भए पनि नविनतम् रूप भन्दा फरक पर्दैन। तर त्यसको उचित छानवीन गरी अपराधीलाई दण्डित गर्ने, अपराध कर्मका सहभागीहरूलाई सार्वजनिक जीवनमा अनैतिक घोषणा गर्ने काम हुन सकेको छैन। सत्तामा जानको लागि बुथ लुट्ने, पैसा बाँड्ने र जबर्जस्त विजयमाला पहिरिने प्रवृत्ति पनि झन् बढ्दै गएको छ। नेपाली कांग्रेसका "युवा नेता" शेरबहादुर देउवाको मन्त्री हुनुपूर्व र पछिको आर्थिकस्तरबारे पनि सबै प्रवुद्ध वर्ग जानकार नै छन्। खुमबहादुर खड्का, गोविन्दराज जोशी र विजय गच्छेदार प्रजातान्त्रिक संघर्षको समयमा कुन हैसियतका मान्छे ? आज उनीहरूको हैसियत कस्तो भएको छ? पशुपति शमशेर राणा, डा. प्रकाशचन्द्र लोहनी वा कमल थापाको सम्बन्धमा पनि यो कुरा जरूर उठ्नसक्छ। तर निष्पक्ष र भरपर्दो छानवीन गर्ने बलियो निकाय नेपालमा अझै विकास हुन सकेको छैन। यद्यपि उहाँहरूको प्रसंग बारे यहाँ सिलसिलाबद्ध चर्चा गर्न खोजिएको छैन।

नेपालको राजनीतिमा चिन्ताजनक अपराधिकरण

प्रधानमन्त्री शेरबहादुर देउवा विरूद्ध पहिलोपल्ट अविश्वासको प्रस्ताव ल्याउँदा पनि राप्रपाका केही मन्त्रीहरू अन्तिम चरणमा देउवाकै पक्षमा उभिने घोषणा गरे। कमल थापा र पद्मसुन्दर लावतीसंग देउवाले वार्ता गरी सहायक मन्त्रीलाई राज्यमन्त्री र राज्यमन्त्रीलाई फुलमन्त्री बनाउनु भयो भने फुलमन्त्रीलाई पनि थमौति नै गर्नुभयो। यसै दिनबाट नेपालमा अनैतिक ढंगले भए पनि सत्तामा टिक्ने राजनीतिको शुरूवात भएको कुरा उठ्न थालेको हो। यो क्रम आज बढेर अत्यन्तै चिन्ताजनक अवस्थामा पुगेको छ।

गत पुष महिनामा देउवा विरूद्ध प्रतिनिधि सभामा दोस्रो पटक अविश्वासको प्रस्ताव आयो। यो पटक पनि उहाँले प्रतिनिधिसभाबाट अविश्वास प्रस्तावलाई पराजित गर्ने आधार नै थिएन। सात जना मन्त्रीहरू कमल थापा, रामकृष्ण आचार्य, सर्वेन्द्रनाथ शुक्ला, राजीव पराजुली, प्रेमबहादुर भण्डारी, अनिस

पाँच विरामी मन्त्रीहरु

महेन्द्रराय यादव

मैले विरामी हुनुको के कारण बताउने? विरामी थिएँ, गएँ। विरामी हुनुको पनि कुनै ठेगान हुन्छ र?

मलाई पहिले मेनेन्जाइटिस भएको थियो। लिभर पनि अलि ठीक थिएन। त्यही समस्या देखाइ हालौं भनेर गएँ। यहाँ मेरो समस्याको समाधान हुन नसक्ने भएर नै बैंकक गएको चाहिं होइन। साथीहरूको पेटमा किरा परेको रहेछ, त्यो यहाँ पत्ता लाग्न सकेन।

संसदमा अविश्वासको प्रस्ताव आएको हुनाले हाम्रो खासै काम थिएन। पछि जान पाइन्छ कि पाइदैन, फुर्सद हुन्छ कि हुँदैन भनेर हामीले जानैपर्ने भयो। म हाम्रो पार्टीका अध्यक्ष र महामन्त्रीलाई भनेर प्रधानमन्त्रीसंग विदा लिई गएका हौं।

मैले बैंकक जानु अघि ओमनरसिंह होममा देखाएको हुँ, त्यहाँकै सिफारिस लिएर गएको हुँ।

बालाराम घर्तीमगर

म मेडिकल चेक-अप गराउन गएको हुँ। तर त्यो बेला नै गएर यहा हाम्रो ठूलो बेइज्जत भयो।

वास्तवमा मैले यो घटनालाई जिन्दगीकै सबैभन्दा ठूलो गल्तीका रूपमा लिएको छु। मैले ३/३ महिनामा बैंककमा जाँच गराउँदै आएको थिएँ। तर त्यतिखेर ६ महिना पछि गएको हुँ। मन्त्रालयमा विदा लिन पनि अविश्वास प्रस्ताव आएको बेला ठीक हुने ठानेर विदा लिएँ। प्रधानमन्त्रीलाई भनेर नै म गएको हुँ।

अविश्वास प्रस्ताव आएको बेला काम नै थिएन भन्नु जायज होइन। तर सरकारको पक्षमा १ सय ३ "शो" गर्न हामीलाई जरूरी थिएन। विश्वासको मत लिने कुरा भएको भए के हुन्थ्यो र भोलि के हुन्छ, त्यो दोस्रो कुरा हो।

बैंकक गएर हामीले नैतिक हराम काम त गरेका छैनौं। तपाईलाई डाक्टरको सिफारिस छ कि छैन भन्ने किन देखाउने? तपाई डाक्टर हो र? मसंग यहाँका मात्र होइन थाइल्याण्डका डाक्टरहरूको पनि कागजपत्र छ। तपाईले डाक्टर लिएर आउनु हुन्छ भने देखाइदिन्छु?

विष्णुविक्रम थापा

म हराएको हैन, औषधि गर्नतिर लागेको थिएँ। झुक्किने बेलामा मन्त्री मात्र होइन, न्यायाधीश पनि झुक्किन्छ। मलाई सरकारले नै अहिले बाहिर देखिन भन्यो, बाहिर देखा परें। कसैले भन्छ भने म प्रमाण देखाउन सक्छु।

बुद्धिमान तामाङ

म फोक्सोको उपचार गर्न बैंकक गएको हुँ। त्यहाँको रामक्याङ्ग हस्पिटलमा भर्ना भएर औषधि गराएँ। बिगत १२/१३ वर्षदेखि मैले निरन्तर त्यो अस्पतालमा उपचार गराइरहेको छु। त्यतिबेला देखिका सम्पूर्ण रेकर्डहरू मसंग सुरक्षित छन्। मैले जाने अनुसार वालारमजीले श्रीराम हस्पिटलमा देखाउनुभयो। हामीसंग विष्णुविक्रम थापा जानै पर्ने थियो। मेरो राज्यमन्त्री र अरू साथीहरूले पनि यही समयमा जाने भन्नुभयो र गयौं।

पहिले म ताइकण्डो खेल्थें। त्यसले गर्दा मेरो छाती कमजोर भएको छ। अलिकति दबाब पर्ने बित्तिकै कुनै पनि बेला रगत बग्न सक्छ। यहाँ के भएको भनेर पत्ता लागेन। त्यहाँ गएपछि बल्ल थाहा भयो- फोक्सोमा गम्भीर असर परेको रहेछ। त्यसपछि म अक्सर जाँच गराइरहन्छु।

बैंककको अस्पतालमा एक रात बसेको ३६ हजार रूपैया तिर्नुपर्छ। एउटी नर्स आइ भने २ सय लेखिहाल्छे। डाक्टर आएर यसो समायो भने ५ सय लेख्छ। त्यसैले हामी हस्पिटल भर्ना नभएर बाहिर नै होटलमा बसेका थियौं।

शान्तिशम्शेर राणा

म व्यक्तिगत कामले गएको थिएँ। तर प्रधानमन्त्री शेरबहादुर देउवाले संसदमा मलाई उपचारको लागि बैंकक गएको भन्नुभएछ। यो केवल काकताली परेको जस्तो लाग्यो। मलाई प्रधानमन्त्री देउवाले पठाउनु भएकै होइन, उहाँले कसलाई पठाउनु भयो, उहाँलाई नै थाहा होला। मेरो स्वास्थ्य अहिले राम्रो भएको छ।

(प्रत्यक्ष कुराकानी एवं विभिन्न पत्रपत्रिकमा छापिएका कुराकानीहरुका आधारमा)

आयाराम गयारामहरुसंग सावधान हुनैपर्छ

सांसद, रघु पन्त

० वर्तमान संसदका सदस्यहरूको स्तर र हैसियत सन्तोषजनक किन देखिंदैन ?

– मैले सांसदहरूको स्तर भन्नाले सामान्यतया उनीहरूको बौद्धिक र राजनीतिक स्तरलाई नै बुझेको छु। हैसियत पनि राजनीतिक हैसियतकै कुरा गर्नु भएको होला। मलाइ लाग्छ- अहिले हाम्रो संसदभित्र उच्च वर्गका सांसदहरूको प्रतिनिधित्व धेरै छैन। नेपाली कांग्रेस र एमालेका सांसदहरूमा उच्च वर्गको प्रतिनिधत्व गर्ने संख्या अति नै कम छ। कांग्रेसका कतिपय सांसदहरू अहिले पनि लामो समय जेल परेका र आदर्शप्रति प्रतिबद्ध छन्। एमालेतर्फ पनि जेल नपर्ने, दुःख नपाएको र १५/२० वर्षको राजनीतिक जीवन पार नगरेका सांसदहरूको संख्या कम नै छ। दुवैतर्फका सांसदहरू लामो समयदेखि राजनीतिक संघर्षमा सामेल हुँदै आएका, परिपक्वता हासिल गरेका र राजनीतिक व्यक्तिहरू छन्। तर सबैको बौद्धिकस्तर र हैसियत भने समान छैन। त्यस्तो हुन्छ र होस् भनेर कामना र कल्पना गर्न सकिंदैन। किनभने एउटा त बौद्धिक प्रतिभा भनेको मान्छेको लगनशीलता, प्राकृतिक योग्यता, अन्तर्निहित क्षमता र मेहनतको परिणाम हो। यो सबै कुरा सबै सांसदहरूमा समान हुन संभव छैन। एमाले र कांग्रेस दुवैका केही सांसदहरू निकै वाकपटु, क्षमतावान, तार्किक, प्रतिभाशाली, विषय वस्तुलाई बुझ्ने र त्यसलाई प्रस्तुत गर्ने कलामा पारंगत पनि छन्। तुलना गरेर हेर्दा यस्ता सांसदहरू नेपाली कांग्रेसभन्दा एमालेमा बढी छन्। त्यसैले नेपालको वर्तमान संसदको बौद्धिक स्तर हेर्दा सन्तोषजनक नभए पनि एकदम असन्तुष्ट हुनु पर्ने अवस्था छ भन्ने म ठान्दिन। अहिले पनि सांसदहरूलाई क्षमता विकासको लागि कतिपय अनकूल वातावरणको अभाव छ। सांसदहरूले पनि यथोचित क्षमता विकास गर्न गर्नुपर्ने प्रयत्नहरू हुन सकेको छैन।

० दुनियाँको संसदीय इतिहास र अभ्यासलाई हेरेर यहाँ भइरहेको अस्वस्थ क्रियाकलापहरूप्रति तपाईले चित्त बुझाएर बस्न सक्नु हुन्छ?

– संसारको सबैभन्दा ठूलो प्रजातान्त्रिक देश मानिने भारत र संसदीय प्रणालीको जननीका रूपमा चर्चित बेलायतको संसदमा पनि यस्ता प्रशस्तै उदाहरण पाइन्छन्। भारतमा ४०/४५ जनाभन्दा बढी सांसदहरू विभिन्न अपराधिक मुद्दामा परेका मान्छेहरू छन्। उनीहरूमाथि डकैति, कर्तव्यज्यान, चोरी र लुटको मुद्दा लागेको छ। तर त्यसले नै भारतीय लोकसभाको चरित्रलाई निर्धारण गर्दैन। भारतीय लोकसभाको विशिष्ठता भनेको त्यहाँ अटल विहरी वाजपेयी जस्ता मान्छेहरू छन्। वाजपेयीलाई लोकसभाको वरिष्ठ सदस्य मानिन्छ। उनले संसदमा दिएको भाषणको लोकसभाले संकलन नै निकालेको छ। उनलाई अत्यन्त प्रभावशाली वक्ता, बोल्दाखेरी आफ्नो उच्च भाषिक प्रभाव, सटीक उदाहरण र टिप्पणीबाट मान्छेलाई चित्त बुझाएर हसाउँन सक्ने वरिष्ठ सांसदको रूपमा सबै पार्टीका सदस्यले सम्मान गर्दछन्। त्यस्तै स्वर्गीय पिलुमति थिए। मधु दण्डवते, मधु लिमय यी यस्ता थुप्रै सांसदहरू लोकसभामा थिए। जर्ज फर्नाण्डिज पनि चर्चित हुन्। यिनीहरूलाई नै भारतीय लोकसभाका प्रतिनिधि सदस्यहरू मानिन्छ। संसदमा दुई चार जना गलत मान्छे पुगे पनि मूलतः संसदलाई अगाडि बढाउने भनेको राम्रा तत्वहरूले नै हो। हरेक पार्टीका प्रभावशाली सांसदहरूले संसदलाई प्रभावशाली बनाइरहेका हुन्छन्। प्रत्येक संसदमा अत्यन्तै प्रभावशाली र विशिष्ठ मान्छेहरू मात्र पुग्छन् भन्ने कुराहरू होइन। हाम्रो प्रतिनिधि सभामा पनि त्यस्तो विविधता छ। तपाई देख्नु हुन्छ- तराईबाट आउने कतिपय सांसदहरू अहिले पनि नेपाली भाषामा राम्ररी बोल्न जान्दैनन्। उनीहरूले जितेको क्षेत्रबाट राजनीतिक शास्त्रमा पी.एच.डी. गरेका मान्छेलाई उठाउँदैमा त पार्टीले जिंदैन। अर्थात् पार्टीले त त्यहाँकै जनताको स्तर र प्रतिबिम्ब व्यक्तिलाई नै छानेर उम्मेदवार बनाउनु पर्छ। यसले गर्दा उत्तिकै क्षमता भएका व्यक्तिहरू संसदमा पुगिरहेका हुँदैनन्। देश अनुसारको भेष वा जस्ता जनता छन्, प्रतिनिधि पनि त्यस्तै हुन्छन्। साक्षरता नै कम भएको देशमा विशिष्ठ प्रतिनिधि खोजेर हुँदैन। त्यसैले हाम्रा सांसदहरूको स्तर कमजोर भयो भनेर निराश हुनु पर्ने अवस्था छैन। संसदीय व्यवस्था अत्यन्त लचिलो व्यवस्था हो। जुन कुरा लचिलो हो, त्यो रबर जस्तै तन्किन पनि सक्छ, खुम्चिन पनि सक्छ। तन्किने र खुम्चने क्रममा उत्तिकै आकार र उस्तै गतिले अगाडि नबढ्न सक्छ। संसद भनेको टिकाउ र गतिशील संस्था हो। संसारका अरू मुलुकको इतिहासले पनि यो कुरा देखाएको छ। हामीले पनि यो प्रणालीलाई अंगिकार गरेका छौं। त्यसैले यो प्रणालीका गुण र दोषहरू स्वभावैले हाम्रो संसदभित्र पनि देखा पर्नु अनौठो होइन। राम्रो, नराम्रो दुवै पक्षलाई सामना गर्दै अगाडि बढ्नु पर्छ।

० ०५१ सालपछिका सांसदहरू किन जनताको नजरमा चर्को गुनासोका पात्र भइरहेका छन् त?

– सांसदहरूप्रति यति बढी गुनासो रहेको देखिनुका पछाडि २/३ वटा कारण छन्। एउटा त सांसदहरूप्रति जनताको दृष्टिकोण नकारात्मक भएर जानुको पछाडि सांसदहरूले आफ्नो सुविधा मात्र बढाए भन्ने सन्देश जनतामा पुगेको छ। अखबारहरूले पनि संसदभित्रका राम्रा कुराहरूलाई भन्दा बढी यही कुरालाई हाईलाइट गरे। मलाई लाग्छ- कांग्रेस र एमाले मिलेर सांसदहरूलाई गाडी सुविधा दिए पनि नलिने निर्णय गरेको भए राम्रो हुन्थ्यो। यसले गर्दा जनताले सांसदहरू जनताको स्थिति, राष्ट्रको स्थिति भन्दा बढी आफ्नै सुविधाप्रति चिन्तित भए भनेर आरोपित गर्ने मौका मिल्यो। यो मौका एमाले र कांग्रेसका ठूला नेताहरूले दिनु हुँदैनथ्यो। हिजो लामो समयसम्म जेल, संघर्ष र भूमिगत बसेर आएका नेताहरूले जनताको यो भावनालाई अलिकति बुझिदिएको भए शायद सांसदहरूको यति साह्रो आलोचना हुने थिएन। तर यो मात्र सांसदहरूलाई हेर्ने दृष्टिकोणका लागि मूल पक्ष होइन। सांसदहरूलाई यसै कारणले मात्र पूरै सुविधा लम्पट भए भनेर आलोचना गर्नु हुँदैन। उनीहरूका समस्याहरूलाई विचार गर्ने हो भने गाडी बाहेक अन्य सुविधाका लागि यति साह्रो आलोचना गर्नु पर्ने वा यसरी खोइरो नै खन्नु पर्ने छैन। ठूला पार्टीका नेताहरूले हाम्रो सुविधा बढाउने बेला भएको छ कि छैन भनेर सोच्नु पर्थ्यो, त्यो भएको खण्डमा यस्तो हुने थिएन।

० सांसदहरूमा नै आलोचना र निन्दा-भर्त्सनाको डर भएको भए त पार्टीहरूले सांसदहरूको भावनाको ख्याल नगरी यस्तो निर्णय गर्न सक्थे र?

– मैले सबै कुरा खोलेर भन्न मिल्दैन। तर हामीले पार्टीभित्र यी कतिपय कुराहरूको बारेमा फरक मत राखेका थियौं। धेरै साथीहरू सहित मैले पनि यसरी सुविधा बाँड्ने बेला भएको छैन, यसरी सुविधाप्रति लहसिनु हुँदैन, यसले पार्टीको इमेज स्वतम हुन्छ, सांसदहरूको छवि बिग्रन्छ। त्यसैले पर्खौं, सुविधा बढाउने पनि बेला आउँछ अहिले नै किन हतारिने भनेर कुरा नराखेका होइनौं। तर हामी सांसदहरू भनेको दलीय अनुशासनका बन्दीहरू हौं। हामीलाई धेरै कुरा चित्त नबुझे पनि दलले निर्णय गर्छ, त्यो निर्णयलाई सबैले स्वीकार गर्नुपर्छ। राजनीतिक दलका मानिसहरूलाई अन्य स्वतन्त्र व्यक्ति जस्तो जे मन लाग्छ, त्यही बोल्ने अधिकार प्राप्त हुन सक्तैन। उनीहरूले पार्टीको अनुशासन र पद्धतिमा बस्नै पर्छ। चित्तै नबुझे पनि पार्टी र संसदीय दलले निर्णय गरेपछि त्यसको पक्षमा उनीहरू बोल्नै पर्छ। एमालेभित्र पनि यो सुविधाको मामलामा म मात्र होइन, अन्य कतिपय सांसदहरूले कुरा उठाएका थिए। तर निर्णय भयो, हाम्रा कुराहरूको एक प्रकारले सुनुवाई भएन। अनि पार्टीको निर्णय हामी सबैले मान्नुपर्‍यो र मान्यौं।

० प्रतिनिधि सभाका केही सदस्यहरूले आफ्नो स्वार्थका लागि सबै मूल्य, मान्यता र नैतिकताको सीमा नाघिसकेनन् र ?

– अहिले नेपालका सांसदहरू र नेपाली संसदको भयंकर बेइज्जत भएको छ। यो गर्ने तत्वहरू भनेका राप्रपा, सद्भावना र नेमकिपाका सांसदहरू हुन्। भक्तबहादुर रोकाया, अनिस अन्सारी, विष्णु बक्रम थापा लगायत राप्रपाका पछि फर्कने ५ जना सांसदहरूले बास्तवमा संसदीय मर्यादा र संसदीय नैतिकता मात्र नभएर आफ्नो व्यक्तिगत विश्वासनीयता समेत खिल्ली उडाएका छन्। दुई दिन अगाडिसम्म आफैले अविश्वास गरेको सरकारको पक्षमा दुई दिन पछि नै यिनीहरू गएका छन्। यिनीहरूले त "आयाराम, गयाराम" भन्ने शब्दलाई पनि अब हलुंगो बनाइसके। राप्रपाका यी मान्छेहरू हिजो पनि पद र पैसाको राजनीति गर्ने मान्छेहरू हुन्। तीस वर्षसम्मको

यिनीहरूको चरित्र हेर्नुभयो भने पनि जसरी पनि पदमा जाने, पैसा कमाउने र जसरी भए पनि मन्त्री हुनु पर्ने स्वभाव देख्नु हुन्छ। त्यो स्वभावलाई नै अहिले पनि बारम्बार प्रकट गरिरहेका छन्। दुःखको कुरा यिनीहरूलाई नियन्त्रण गर्ने दिशातर्फ ठोस पाइला चाल्ने काम हुन सकेको छैन। यिनीहरूलाई नै जसरी पनि फकाएर, फुलाएर, जे-जे माग्छन्, त्यो-त्यो दिएर सत्ता जोगाउनेतिर शेरबहादुर देउवा र सिंगो कांग्रेस लागेको देखियो। त्यसैले कांग्रेसले अहिले मूल्य र मान्यताको ह्रास भयो, संसदीय मर्यादाको हनन भयो, अधोपतन भयो भनेर जुन आँशु बगाइराखेको छ, त्यो गोहीको आँशु मात्र हो। म त्यसमा कुनै गंभीरता देख्दिनँ। यदि कांग्रेसमा राप्रपाको व्यवहारले संसदीय मूल्य र मान्यतामा ह्रास आयो भन्ने गम्भीर चिन्ता जागेको छ भने उनीहरू एमालेसित कुराकानी गरेर नया बिकल्प दिनेतिर किन लाग्दैनन्? हाम्रो पार्टी महासचिव माधवकुमार नेपालले त बारम्बार राष्ट्रिय सरकारको संभावना छ भनेर भनिसक्नु भएको छ। यो संभावनाको दिशातिर उनीहरू नलागी सांसद किन्ने, भगाउने, लुकाउने तथा प्रधानमन्त्री निवासमा नै सांसदलाई बलजफ्ती लुकाएर भए पनि सत्ता टिकाउने अनि आफ्ने मूल्य र मान्यताको ह्रास भयो भन्ने कुरो उठाउन पनि सुहाउँछ? यसमा हाम्रो पार्टीको दोष नै छैन भनेर म भन्दिनँ। हाम्रो तर्फबाट पनि केही कमी कमजोरी भएका होलान् हुन सक्छन्। तर कांग्रेसले जे गऱ्यो, त्यसको अत्याचार र मूल्यहीनताको विरूद्धमा जुझ्दाखेरी त्यसलाई पराजित गर्न हाम्रोतर्फबाट पनि केही कमी कमजोरी रहेका हुन सक्छन्। यस्तो कुरालाई प्रोत्साहन वा नियन्त्रण गर्ने दायित्व त सत्ता पक्षकै हुन्छ। अहिले कांग्रेसले गठबन्धन सरकारको नेतृत्व गरिरहेको छ, यी सबै कुराहरू उसको जानाजानी, संलग्नता तथा प्रधानमन्त्री र मन्त्रीहरूको प्रत्यक्ष संलग्नतामा भइरहेको पाइन्छ। यसको लागि मूल रूपमा कांग्रेस जिम्मेवार छ, किनभने जनआन्दोलनका सहयात्री दलहरू मिलेर जाने अवस्था गिरिजाप्रसाद कोइरालाकै पालादेखि कायम राखेर आउनु पर्थ्यो। तर उनको नेतृत्वमा सरकार बनेदेखि नै एमालेलाई कमजोर पार्ने, कम्युनिष्ट पार्टीलाई मास्ने नीति अख्तियार गरेर अगाडि बढ्ने धृष्टता भयो। त्यसबेला गिरिजा र भ)राईले दोस्रो पार्टीको रूपमा कम्युनिष्ट नभएर पंचहरू आइदिएको भए हुन्थ्यो भनेर भाषण नै गर्नु भएको त कसैले बिर्सेको छैन। अहिले उहाँहरूले कि पंचहरूसंग मिलेर काम गर्न कति अप्ठेरो हुँदो रहेछ भन्ने स्वाद चाख्नु भएको छ।

० हामीकहाँ आयाराम गयाराम प्रवृत्ति कहिले देखि मौलाउन पायो जस्तो लाग्छ नि!

- अघिल्लो पटक जब हामीले अविश्वास प्रस्ताव ल्याउन शुरू गऱ्यौं, त्यो समयदेखि नै यो प्रवृत्ति विकास हुन शुरू भएको हो। हाम्रो पक्षमा आउन लागेका मन्त्रीहरूलाई फकाएर आफ्नो पक्षमा राख्ने, लुकाउने, उनीहरूलाई बढुवा र पैसा दिने प्रवृत्ति त्यसै बेलाबाट शुरू भयो। भित्र-भित्र कहाँकहाँ के के भयो भन्ने चाहिं विस्तृत कथा छ। जुन पूर्णरूपमा मलाई पनि थाहा नहोला। तर सतहमा प्रकट भएको चाहिं यही हो।

० एमालेले गुण्डा नियन्त्रण गर्न दीपक बोहरा, भ्रष्टाचारको विरोधमा लावती र प्रधानमन्त्रीको प्रलोभन दिई लोकेन्द्रलाई फकाउन खोजेको कारणले यस्तो भएको भनिन्छ त ?

- त्यो होइन। स्वभाविक रूपमा हामीले लोकेन्द्रलाई प्रधानमन्त्री गराउन खोजेको कुरा सत्य हो। तर त्यो भूललाई असफल पार्न सरकारले के कस्ता गलत उपाय र तौर तरिका अपनायो भन्ने कुरा जनताको अगाडि छर्लङ्ग नै छ। जस्तो कुनै मन्त्री सिंगापुर गए, ५/५ जना मन्त्रीहरू विरामी भएको बहानामा बैंकक गए, केही सांसदहरूलाई अपहरण गरी प्रधानमन्त्री निवास, केहीलाई भारत भ्रमण पुऱ्याउने काम कसले गऱ्यो? यो खेलमा हाम्रो पार्टीको तर्फबाट पनि केही कमी भयो होला, तर त्यो हुनुको पछाडि कांग्रेस नै जिम्मेवार छ। यसको लागि अरू पार्टी पनि दोषी छन्, तर सरकार नै मुख्य रूपले बदमास हो। राप्रपाका विकाउ सांसदहरू त सांसदको नाममा कलंक र बेइज्जत नै हुन्, तिनीहरूलाई पनि दोषी मान्नुपर्ने हुन्छ। एमाले पनि सत्तामा जान साह्रै नहतारिएको भए हुन्थ्यो, किनभने जनता हाम्रो पक्षमा छन् र हाम्रो संगठन बलियो छ। हामीले राम्रो काम गर्न चाहान्छौ भने आउँदो चुनाव वा अलि ढिलो भए पनि हाम्रो बहुमतलाई रोक्न त कसैले सक्तैन। तर यी भन्दा पनि कांग्रेसले प्रयोग गरेका हथकण्डाहरू ज्यादै खतरनाक छन्।

० यसले गर्दा नै राजनीतिमा अपराधीकरणको श्रृङ्खला पनि बढिरहेको छ। पार्टीहरूको गैरजिम्मेवारपन र सांसदहरू तथा तिनका नेताहरूको लाछी चरित्र यसको लागि कति जिम्मेवार छ?

- यो रोगले अत्यन्तै संक्रमक र डरलाग्दो रूपमा देखिसकेको चाहिं छैन। तर चिन्ताजनक रूपमा देखा परिसक्यो। तराईतिरका सांसदहरूलाई फकाउन र धम्क्याउन नेपाली कांग्रेसले पप्पु यादव जस्तो गुण्डालाई यहा बोलाएर पाँचतारे होटलमा राख्यो। मन्त्रीहरूले उसको सेवा, सुश्रुषा गरे। उसले राप्रपाका सांसदहरूलाई धम्काउने काम दुई-दुईपटक आएर गऱ्यो। पप्पुलाई यहाँ आउँदा थप्पु लगाएर पठाउनुको स)ा पुलपुलाएर पठाउने काम सरकारले नै गऱ्यो। नेपाली गुण्डाहरूको कुरा छोड्नुस्, यहाँका सांसदहरूलाई धम्क्याउन भारतबाट गुण्डा ल्याउने? यो भन्दा निकृष्ट काम दुनियाँमा अरू केही हुनसक्छ? सुनसरीको उप-चुनावले सुनसरीमा अहिलेसम्मका सबै चुनाव बुथ कब्जा गरेर गिरिजाले जितेको देखाउँछ। रौतहटमा बुथ कब्जा गर्ने काम रोक्न सकेको भए एमालेले जिल्थ्यो। अर्थात् तराईको चुनाव जित्न कांग्रेसले बुथ कब्जा गर्ने, भारतबाट डाकाहरू ल्याएर जनतालाई तर्साउने र डकैतिको मद्दतबाट चुनाव जित्ने प्रवृत्ति जुन ढंगले कांग्रेसले देखाएको छ, त्यो नै राजनीतिमा अपराधीकरणको शुरूवात र पराकाष्ठाको रूप हो भन्ने म ठान्दछु। एमालेले पनि यसको विरोध गर्न तयार छौं। राजनीतिमा सबै पार्टीहरू नै गम्भीर हुनुपर्छ। अपराधिक मामिलामा मुछिएका मान्छेहरूलाई राजनीतिक पार्टीहरूले उम्मेदवार नै नबनाउने नीति लिनुपर्छ, उनीहरूको सहयोग नै नलिने नीति बनाउनु पर्छ। त्यसको लागि निर्वाचन आयोगलाई पनि कठोर बनाउनु पर्छ। सबै मिलेर एउटा आम राष्ट्रिय सहमति बनाएर जानुपर्छ। तर यहाँ गुण्डागर्दी हुने ठाउँमा जित्नका लागि गुण्डा नै उठाउनु पर्छ भन्ने मान्यताले ठाउँ लिन थाल्यो भने निश्चय नै राजनीति-गुण्डा, अपराधी र बदमासहरूको खेल खेल्ने चौतारो बन्न जान्छ।

० यस्तो स्थितिमा नेपाली राजनीतिको प्रस्थान विन्दु के हुनसक्छ त ?

- हाम्रो राजनीति भनेको मूल्य, मान्यता र आदर्शमा आधारित हुनुपर्छ। हाम्रो पार्टीले बोकेको आदर्श चुनाव घोषणा पत्रले बोकेका नीति विचारहरू नै हाम्रा विचारहरू हुन। ती कुराहरू लागु गर्न सांसदहरूले पनि कस्तो भूमिका खेल्नुपर्छ, त्यसका लागि तयार हुनुपर्छ। दोस्रो कुरो पार्टीले पनि आफ्ना सांसदहरूलाई सुपेरिवेक्षण गरिरहनु पर्छ। टिकट दिंदा पनि क्षमतालाई मापदण्ड गराउनुपर्छ। लाग्छ, पार्टीहरूले यस्तो गरिरहेका छैनन्। संसदीय व्यवस्थाको मूल्य, मान्यतालाई संरक्षण गर्दै अझ बढी जनमुखी, अझ बढी कार्यान्वयनमुखी र बढीभन्दा बढी जनताको इच्छा र आकांक्षालाई प्रतिबिम्बित गर्न सक्ने संस्थाको रूपमा संसदलाई विकसित गर्नुपर्छ। संसदलाई निर्णय लिन नसक्ने, काम गर्न, मार्ग निर्देशन गर्न नसक्ने थलोको रूपमा प्रस्तुत गर्ने काम कतैबाट हुनु हुँदैन। संसदले राष्ट्रका समस्याहरूको समाधानलाई निर्धारण गर्न सक्ने, बाटो दिन सक्ने र निर्देशन दिनसक्ने बनाउनु पर्छ। यसको लागि मान्छेहरू नै आदर्शवान र जनउत्तरदायी हुनु जरूरी छ।

भारतमा ४०/४५ जनाभन्दा बढी सांसदहरु विभिन्न अपराधिक मुद्दामा परेका मान्छेहरु छन् । उनीहरुमाथि डकैति, कर्तव्यज्यान, चोरी र लुटको मुद्दा लागेको छ । तर त्यसले नै भारतीय लोकसभाको चरित्रलाई निर्धारण गर्दैन । संसदमा दुई चार जना गलत मान्छे पुगे पनि मूलतः संसदलाई अगाडि बढाउने भनेको राम्रा तत्वहरुले नै हो । हरेक पार्टीका प्रभावशाली सांसदहरुले संसदलाई प्रभावशाली बनाइरहेका हुन्छन् । प्रत्येक संसदमा अत्यन्तै प्रभावशाली र विशिष्ठ मान्छेहरु मात्र पुग्छन् भन्ने कुरा होइन । हाम्रो प्रतिनिधि सभामा पनि त्यस्तो विविधता छ । तपाई देख्नु हुन्छ- तराईबाट आउने कतिपय सांसदहरु अहिले पनि नेपाली भाषामा राम्ररी बोल्न जान्दैनन् । उनीहरुले जितेको क्षेत्रबाट राजनीतिक शास्त्रमा पी.एच.डी. गरेका मान्छेलाई उठाउँदैमा त पार्टीले जित्दैन । अर्थात् पार्टीले त त्यहाँकै जनताको स्तर र प्रतिबिम्ब व्यक्तिलाई नै छानेर उम्मेदवार बनाउनु पर्छ । यसले गर्दा उत्तिकै क्षमता भएका व्यक्तिहरु संसदमा पुगिरहेका हुँदैनन् । देश अनुसारको भेष वा जस्ता जनता छन्, प्रतिनिधि पनि त्यस्तै हुन्छन् । साक्षरता नै कम भएको देशमा विशिष्ठ प्रतिनिधि खोजेर हुँदैन । त्यसैले हाम्रा सांसदहरुको स्तर कमजोर भयो भनेर निराश हुनु पर्ने अवस्था छैन ।

अन्सारी र खोभारी रायले राजिनामा दिएको घोषणा गर्नुभयो। तर प्रधानमन्त्रीले मन्त्रीहरूका राजिनामा स्वीकृत गर्ने प्रक्रिया बढाउनु भएन। पाँचजना मन्त्रीहरूले ललितपुरको समिट होटलबाट प्रधानमन्त्रीलाई टेलिफोन गरेर राजिनामा दिएको जानकारी गराउँदा पनि उहाँले कमल थापा बाहेक सबै मन्त्रीहरूको राजिनामा स्वीकार गर्ने काम गर्नु भएन। प्रतिनिधि सभामा फ्लोर क्रस गरेर सर्वेन्द्रनाथ शुक्ला र अनिस अन्सारीले राजिनामा स्वीकार गर्न माग गरे। अनि सोही दिन उहाँहरूको राजिनामा स्वीकृत भयो। बाँकी मन्त्रीहरूको राजिनामा अविश्वास प्रस्ताव उपर मतदान हुनु ठीक अगाडि मात्र स्वीकृत गर्ने काम भयो। अर्थात प्रधानमन्त्रीले सकेसम्म मन्त्रीहरूलाई फकाएर, प्रलोभित गरेर आफ्नो पक्षमा पार्ने प्रयत्न गर्नु भयो। तर सफल हुनु भएन।

यस क्रममा उहाँले गर्नुभएको प्रयाशस्वरूप नै मन्त्रीहरू बालाराम घर्तीमगर, शान्तिशमशेर राणा, बुद्धिमान तामाङ, विष्णुविक्रम थापा र महेन्द्र रायलाई विरामी भएको बहानामा बैंकक पठाउने काम भयो। पछि प्रतिनिधि सभा सार्वजनिक लेखा समितिले बैंकक जाने मन्त्रीहरूको फाइल मगाएर बुझ्दा विरामी भएको निहुँ बनाएर बैंकक पठाइएका मन्त्रीहरूलाई राष्ट्रको कोषबाट २/२ हजार अमेरिकी डलर प्रदान गरिएको समाचार सार्वजनिक भएको छ। प्रधानमन्त्रीले मन्त्रीहरू विरामी भएर बैंकक जान्छु भनेकोले आफूले रोक्न नसकेको कुरा प्रतिनिधि सभाको रोष्टममा उभिएर त्यतिबेला बताउनु भएको थियो। तर बैंककबाट फर्केका मन्त्रीहरूले प्रधानमन्त्रीको कुरालाई गलत ठहऱ्याउने गरी अलग-अलग प्रतिक्रिया दिए। यसबाट त्यतिबेलाको जाली प्रपंचको सम्बन्धमा छानवीन हुनु पर्ने स्थिति देखिएको छ। खोभारी रायलाई जलस्रोत मन्त्री पशुपति शमशेर राणाको ससुराली ग्वालियर दरवारमा थुनिएका अवस्थामा दीपक बोहराले फर्काएर ल्याएको कुरा त पुनः मन्त्री नभएपछि रायले नै स्पष्ट पारिसकेका छन्।

अविश्वास प्रस्ताव असफल पार्न सांसदहरूको खरिद-विक्रीका लागि ठेकेदार संघ मार्फत सरकारले ५० लाख रूपैयाँ लिएर ठेकेदारहरूमाथि भएको कारवाही शिथिल पाऱ्यो। कारवाही शिथिल पार्नको लागि सरकारले निर्माण तथा यातायात मन्त्रालयका सह-सचिव देवेन्द्रराज रिमालको संयोजकत्वमा आयोग गठन गरेको निहुँ बनाएको छ। जबकी "क" श्रेणीका ठेकेदारहरूको जिम्मामा अहिले १० अर्वभन्दा बढी लगानी भइरहेका २ सय ६३ वटा विकास आयोजनाहरू रहेकाछन्। यसबाट ठेकेदारहरूले विकास आयोजनामा सौदावाजी गरी ब्रम्हलुट पाउने छुट मिलेको छ कि छैन ? यो पक्ष पनि थप विचारणीय नै छ। सांसद भक्तवहादुर रोकायालाई अपहरण गरिएको कुरा अविश्वास प्रकरणको बेला निकै नै चर्चित प्रसंग हो। गृहमन्त्री खुमबहादुर खड्का, प्रहरी अतिरिक्त महानिरीक्षक हाल कार्यवाहक आई.जी.पी. अच्युतकृष्ण खरेल, सांसदहरू शिवराज जोशी र राजेन्द्रबहादुर शाहद्वारा रोकायालाई अपहरण गरी विराटनगर हुँदै भारतको पूर्णिया पुऱ्याएको थियो। त्यतिबेला

संसदमा पुग्ने मान्छेहरु एकै खालका हुनसक्तैनन्

सांसद प्रदीप गिरी

० सांसदहरूको राजनीतिक स्तर कस्तो हुनुपर्छ?

- एमाले र कांग्रेसका सांसदहरूको राजनीति स्तरको कुरा गर्ने हो भने ती दुवै पार्टीका सांसदहरूले ठीक राखेका छन्। सांसदहरू राजनीतिक रूपमा निर्भिक हुनपर्छ। जुन मूल्य, मान्यता र वाचा गरेर हामी चुनाव जितेर आएका छौं, त्यसप्रति प्रतिबद्ध रहनु पर्छ। आफ्नो कुरा भन्न एकरत्ति पनि डराउनु हुँदैन। सांसदहरूको राजनीतिक स्तर मूलतः यही हो। दलबदलको गन्धा खेलमा जसरी राप्रपा र सद्भावना तथा स्वतन्त्र सांसदहरू लागे, पूरा देशले तिनीहरूलाई धिक्कार्दै छ। त्यसको फल राप्रपाले आफै पनि पायो। राजनीतिक स्तरको अर्को पक्ष आफ्नो पार्टी प्रतिको इमान्दारिता पनि हो।

० सांसदहरू स्तरहीन भएको कारणले नै अहिलेको द्वैध र अस्थिर स्थितिको सृजना भएको हो?

- सांसदहरूमा कहाँ पूरै स्तरहीनता देखिएको छ? राप्रपाका मान्छे पहिले पनि निर्दलीय संस्कारबाट आएका हुन्। बल्ल-बल्ल पार्टी बनाउन खोजेका छन्। स्वतन्त्र- स्वतन्त्र नै भइहाले। बाँकी एमाले र कांग्रेसको एउटै पनि सांसदले कहाँ देखाएका छन्?

० नेमकिपा र सद्भावनाका सांसदहरूको व्यवहार सन्तोषजनक नै छ?

- ती साना पार्टीहरू निर्दलीय जस्ता नै भएका छन्। उनीहरूको दल त भन्नु मात्रै हो। एमाले र कांग्रेसले त अद्भूत अनुशासन र वैचारिक दृढता देखाएका छन्। यो सकारात्मक पक्षलाई किन नहेर्ने? यसलाई केही वास्तै नगरी देशभर सांसद गनाए, सांसद गनाए भन्ने हल्ला चलिरहेको छ। हामीले कमल थापाको कसरी जिम्मा लिन सक्छौं। दश वर्षसम्म कमल थापा, पद्मसुन्दर लावती नगनाउने? अहिले कांग्रेस सत्तामा जाने बित्तिकै गनाउने? राप्रपाका मान्छे आज आएर मात्र गनाएका होइनन्। हिजो देखिकै निर्दलीय चरित्रका मान्छे हुन्।

० विश्वका अरू प्रजातान्त्रिक मुलुकहरूसंग पनि सांसदहरूले यसैगरी जनताको विश्वास गुमाइरहेका हुन्छन् र?

- जुनसुकै देशको संसदमा पनि खासगरी प्रतिनिधि सभामा विभिन्न खालका मान्छे हुन्छन्। संसदको बारेमा, प्रतिनिधि सभाको बारेमा हामीकहाँ काल्पनिक, रोमान्टिक र आदर्शवादी खालको धारणा छ। संसद बारे एउटा ठूला विद्वानले संसदमा तीन खाले मान्छे पुग्छन् भनेर लेखेका छन्। एक खालका मान्छे जो जीवनभर संघर्ष गरी संसदमा केही मूल्य र मान्यता बोकेर पुग्छन्। उनीहरूको उद्देश्य नै एकदिन संसदमा पुगेर राष्ट्रलाई प्रभावित गर्ने हुन्छ। दोस्रो थरी मान्छे नातागोता, कोही बाऊ मरेको, कोही स्वास्नी मरेको वा कोही छोरा मरेको जस्ता कारणले संसदमा पुग्छन्। संसदमा पुगेपछि रमाउँछन्, क्यान्टिनमा चिया खान्छन्। तेस्रो थरीका सांसदहरू संसदमा पुगेका हुन्छन्, तर जिन्दगीभरी म कसरी त्यहाँ आइपुगें भनेर छक्क पर्छन्। दुनियाँभरिकै संसदको चरित्र हो कि संसदमा एकै खाले मानिसहरू हुँदैनन्। प्रतिभाशाली मान्छे थोरै हुन्छन्। आम जनताको अवस्था जस्तो छ, त्यसको प्रतिबिम्ब संसदमा देखिन्छ।

संसद विशेषज्ञहरूको अखडा होइन। संसदमा ठूला विशेषज्ञ डाक्टरहरू, वकिलहरू, चिकित्सकहरू र अर्थविद्हरू पुगेर कुनै निर्णय हुन सक्दैन। विशेषज्ञ थोरै हुन्छन्, आम जनताका प्रतिनिधि धेरै हुन्छन्। विशेषज्ञहरूको राय विचार अनुसार भोटिङ्ग हुन्छ। त्यसैले संसद विशेषज्ञ पुग्ने थलो होइन, आम जनताका प्रतिनिधि पुग्ने थलो हो।

० जुन-जुन सांसदहरूप्रति, पार्टीप्रति आक्रोस बढेको छ, उनीहरूलाई नै शासक बनाएर तपाईहरू किन गलत प्रवृत्तिलाई प्रोत्साहन गरिरहनु हुन्छ? यो राजनीतिमा भइरहेको अपराधीकरणलाई संरक्षण भएन र?

- हो, गुनासो छ। गुनासो अनुसार नै दण्डित हुनेहरू दण्डित हुन्छन्। लोकेन्द्रबहादुरलाई वैतडीका जनताले दण्डित गरिसके, यो बडो खुशीको कुरो छ। जहाँसम्म शासक बनाएर अघि बढेको कुरा हो- एमालेले लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री दिने भन्ने कुराबाट नै सारा समस्या खडा भएको छ। लोकेन्द्रलाई प्रधानमन्त्री दिने किन? लोकेन्द्रको समर्थन लिनु बेग्लै कुरा हो। मनमोहनजी वा खड्ग ओलीजी आफू प्रधानमन्त्री हुनका लागि लोकेन्द्रको समर्थन प्राप्त गर्न खोज्नु एउटा कुरा हो, तर लोकेन्द्रलाई नै प्रधानमन्त्री दिने भनी प्रलोभित गरेर, लालच देखाएर एमाले अघि बढ्नु हुँदैन। राजनीतिक क्रान्ति त त्याग, दुःख खप्ने क्षमताबाट शुरू हुन्छ। एमाले अहिले देशमा गुण्डागर्दी फैलियो

जुनसुकै देशको संसदमा पनि खासगरी प्रतिनिधि सभामा विभिन्न खालका मान्छे हुन्छन् । संसदको बारेमा, प्रतिनिधि सभाको बारेमा हामीकहाँ काल्पनिक, रोमान्टिक र आदर्शवादी खालको धारणा छ । संसद बारे एउटा ठूला विद्वानले संसदमा तीन खाले मान्छे पुग्छन् भनेर लेखेका छन् । एक खालका मान्छे जो जीवनभर संघर्ष गरी संसदमा केही मूल्य र मान्यता बोकेर पुग्छन् । उनीहरुको उद्देश्य नै एकदिन संसदमा पुगेर राष्ट्रलाई प्रभावित गर्ने हुन्छ । दोस्रो थरी मान्छे नातागोता, कोही बाऊ मरेको, कोही स्वास्नी मरेको वा कोही छोरा मरेको जस्ता कारणले संसदमा पुग्छन् । संसदमा पुगेपछि रमाउँछन्, क्यान्टिनमा चिया खान्छन् । तेस्रो थरीका सांसदहरु संसदमा पुगेका हुन्छन्, तर जिन्दगीभरी म कसरी त्यहाँ आइपुगें भनेर छक्क पर्छन् । दुनियाँभरिकै संसदको चरित्र हो कि संसदमा एकै खाले मानिसहरु हुँदैनन् । प्रतिभाशाली मान्छे थोरै हुन्छन् । आम जनताको अवस्था जस्तो छ, त्यसको प्रतिबिम्ब संसदमा देखिन्छ ।

संसद विशेषज्ञहरुको अखडा होइन । संसदमा ठूला विशेषज्ञ डाक्टरहरु, वकिलहरु, चिकित्सकहरु र अर्थविद्हरु पुगेर कुनै निर्णय हुन सक्दैन । विशेषज्ञ थोरै हुन्छन्, आम जनताका प्रतिनिधि धेरै हुन्छन् ।

भनेर दुःखी छ। तर उसले गुण्डागर्दी स्वतम गर्ने दीपक बोहराको नेतृत्वमा, भ्रष्टाचार स्वतम गर्ने लावतीको नेतृत्वमा अनि संसदीय व्यवस्था लोकेन्द्रको नेतृत्वमा बचाउने कि स्वतम गर्ने? यसै क्रियाको प्रतिक्रिया कांग्रेसले जनायो। जसले गर्दा कांग्रेसी पनि बदनाम भए, गन्हाए भने त्यसको फल कांग्रेसले पनि पाउँछ।

० मिर्जा दिलसाद बेगलाई विज्ञान तथा प्रविधि सहायक मन्त्री बनाउनु पनि एउटा क्रियाको प्रतिक्रिया जस्तो सहज विषय हो?

- मिर्जा र गिरिजाको के कुरो उठ्यो र? एउटा मूल्य र मान्यतालाई त्याग गरी ५/७ जना मान्छेलाई आफ्नो पक्षमा ल्याउन मुलुकको प्रधानमन्त्री लोकेन्द्रलाई बनाउने भन्दै एमाले हिड्यो र त्यसपछि शेरबहादुरलाई सत्ता टिकाउन मिर्जाको भोट पनि चाहियो। त्यस्तो अवस्थामा मिर्जाबाबु कि गिरिजाबाबु भन्ने त कुरो उठेन। म आरोप लगाउँदै छु कि एमालेले संसदीय मूल्य र मान्यता विपरित १० जना पनि सांसद नभएको व्यक्तिलाई प्रधानमन्त्री बनाउन खोज्यो। त्यसपछि शेरबहादुरले मिर्जालाई किन्नु भयो कि मन्त्री बनाउनु भयो, त्यो उहाँको चासो र सरोकारको कुरा हो। हामीले उहाँसंग सल्लाह गरेका छैनौं।

० यो गलत तत्व र अपराधी प्रवृत्तिलाई प्रोत्साहन गर्ने काम भएन र?

- कुनै पनि गतिविधि निरपेक्ष हुँदैन। सबै कुरालाई तुलनात्मक रूपले मात्र हेर्न सकिन्छ। संसदीय व्यवस्थालाई कुन व्यक्ति र शक्तिबाट ज्यादा खतरा छ भन्ने क्रममा नेपाली कांग्रेस र एमाले मात्रको कुरा उठेन, तुलनाको कुरा उठ्यो। अहिलेको अवस्थामा लोकेन्द्र, लावती र दीपक बोहराको विरुद्ध शेरबहादुर लड्दा को-कोसंग मद्दत लिनु भयो भन्ने कुरा आउँछ। यसैको सेरोफेरोमा घटनाक्रम अगाडि बढेको छ।

० अब संसदलाई कुन दिशामा अगाडि बढाउने? तपाईहरूसंग कुनै सोच छ?

- म सबै वामपन्थी पार्टीहरू र हाम्रो पार्टीका मित्रहरूलाई अनैतिक किसिमको गठबन्धन कसैले पनि गर्नु हुँदैन भनेर अपिल गर्न चाहान्छु। वास्तवमा हामी हसीको पात्र भएका छौं। सबै व्यक्ति संसदमा उत्तिकै जिम्मेवार हुन्छन् भन्ने छैन। एमाले र कांग्रेसका सांसदहरू जिम्मवार भएकोले आफ्नो पाटीले गल्ती गरेको लाग्छ भने अगाडि बढेर आलोचना गर्नु पर्छ।

० यसको लागि अब कसरी प्रस्थान गर्नु संभव छ? अहिलेको अपराधीकरणबाट राजनीतिलाई कसरी मुक्त गर्न सकिन्छ?

- पहिलो कुरो त आउने हिउँदे अधिवेशन जुन छ, त्यसमा दलबदल सम्बन्धी कानून ल्याउनु पर्छ। दोस्रो कुरा २/२ महिनामा अविश्वास प्रस्ताव ल्याएर सरकार ढाल्ने समीकरण बनाउन छोड्नु पर्छ। अहिले भएको उपचुनावकै कुरा गर्नुस, एमालेले कति राम्रो समर्थन पऱ्यो? म स्वीकार गर्दछु कि एमाले झन लोकप्रिय छ। कांग्रेसले एक सिट गुमाए पनि राप्रपाको एउटा सिट खोस्यो। मत संख्या बढाएको छ। मुख्य कुरो संसदका २०५ जना सांसदबाट एउटै व्यवहारको अपेक्षा राख्न सकिँदैन। मैले भनिहाले संसदमा विभिन्न कारणले मान्छेहरू पुगेका हुन्छन्, सबैसंग एकैनासे चरित्रको अपेक्षा राख्न सकिँदैन। चरित्रवान र नेतृत्वदायी व्यक्तिहरूले संसदमा उच्चकोटीको मूल्य र मान्यता स्थापित गर्नुपर्छ। संसदमा राष्ट्रका समस्या, बेरोजगारी र भ्रष्टाचारको बारेमा बहस हुँदैन। विकासको दिशा के भन्ने तह हुँदैन? अहिलेसम्म "एन्टी डिफेक्सन ल" आएको छैन। त्यसैले आउँदो संसदले सबैभन्दा यो काम गर्नुपर्छ। त्यसले गर्दा अनिस आफू जे मन लाग्यो, त्यही गर्न पाउँदैन, गजेन्द्रजीले पनि छुट पाउनुहुन्न। संसदले गर्नुपर्ने जिम्मेवार काम आजसम्म गरेकै छैन। खाली सरकार राख्ने कि फ्याँक्ने काम भइरहेको छ। संसद सरकार राख्ने कि फ्याँक्ने भन्ने अभ्यास गर्ने मात्र थलो संसद होइन।

सांसदहरूलाई ३३ लाख, २० लाख र १५ लख रूपैया नगदमा खरिद गरिएको समाचार समेत अखवारहरूले खुवै छापेका थिए। सांसद मिर्जा दिलसाद बेगलाई अपहरण गरी प्रधानमन्त्री कार्यालयमा थुनेर राखिएको प्रसंगले त सांसद अपहरण कार्यमा स्वयं प्रधानमन्त्री पनि सामेल भएको तथ्य प्रष्ट भएको हो। अर्कोतिर अविश्वास प्रस्तावमा सामेल सांसदहरूलाई प्रभावित गर्न संसद सचिवालयको वीस लाख रूपैया समेत निकासा भएको आशंका गरिएको थियो। प्रस्ताव असफल भएको भोलिपल्ट सांसद डेडराज खड्का पारिश्रमिकको भुक्तानी लिन चेक लिएर बैंकमा पुग्दा खातामा पैसा नभएको हुनाले भुक्तानी पाउनु भएन। अविश्वास प्रस्तावको छलफल र छिनोफानो लगाउने क्रममा सभामुख रामचन्द्र पौडेलले संसद, जनता र सिंगो राष्ट्रलाई नै गलत सूचनाको भरमा गुमराहमा पार्ने कोशिस समेत गर्नुभयो। सांसदहरूको अपहरण भएको सूचना दिंदा समेत उहाँले कुनै वास्ता गर्नु भएन। राजदरवारबाट पत्र आइसकेको भनी झूठो विवरण रूलिङ्ग गरेर सत्ता टिकाउने खेलमा जबर्जस्त राजदरवारलाई समेत मुछ्ने प्रयत्न उहाँले गर्नुभयो। राजदरवारको तर्फबाट जुन विषयका लागि विशेष अधिवेशनको माग भएको हो, सो को छिनोफानो नभएसम्म राजदरवारबाट पत्र जाने कुरै हुँदैन भनेर खण्डन नै गर्नुपर्ने परिस्थिति सिर्जना भयो। यो तौर-तरिकाबाट सभामुख समेत प्रधानमन्त्रीको कुर्सी जोगाउने खेलमा नैतिक, अनैतिक ढंगले लागेको आरोप स्पष्ट नै हुन्छ।

आज ज्योतेन्द्रमोहन चौधरी, राजीव पराजुली, प्रेमबहादुर भण्डारी, शान्तिशम्शेर राणा, अनिस अन्सारी र मोतीप्रसाद पहाडी जस्ता खरिद-विक्री भएका मन्त्रीहरूको बढुवा भएको छ। मिर्जादिलसाद बेग सहायकमन्त्री हुन पुग्नु भएको छ। अपराध साम्राज्यका कुख्यात मानिने सांसदलाई पनि मन्त्री बनाएर सत्ता टिकाउने डरलाग्दो अभ्यास प्रधानमन्त्री देउवाबाट हुन गएको छ। यसबाट नेपालको संसदलाई प्रधानमन्त्रीको अनैतिक सत्ता आचरणबाट बदनाम गर्ने काम भएको छ। प्रजातन्त्र प्राप्तिपश्चातको सात वर्ष बित्दा-नबित्दै सत्तामा टिक्न गरिएको यो प्रयासले नेपालका राजनेता, राजनीतिज्ञ र केही राजनीतिक पार्टीहरूप्रति जनताको आक्रोस बढेको छ। हेर्नुछ- अविश्वासको प्रकरणको बेला भए गरेका घटनाहरूको छानवीन गर्न सभामुखको पहलमा गरिएको सर्वदलीय सहमतीको कार्यान्वयन हुन्छ कि हुँदैन। यदि यी श्रृङ्खलाहरूको रोकथाम गर्ने तथा संलग्न अभियुक्तहरूलाई दण्डित गर्ने काम नहुने हो भने नेपालको प्रजातन्त्र केवल राजनीतिक अपराधीहरूको उर्वर साम्राज्य हुने निश्चित छ। इतिहासको यो कलंकमा सामेल व्यक्तिहरू भोलिको नेपाली इतिहासमा कसरी चित्रित होलान् ? शुरूमा वाटरगेट-काण्ड, लाहकिड-एयर क्राफ्ट काण्ड, झारखण्ड प्रकरण जस्तै गरी यी घटनाक्रमहरूमा अहिलेको लागेको पर्दा हट्ने स्थिति भयो भने राजनीतिमा अपराधीकरणको सिलसिलाबद्ध र रोचक इतिहास नै तयार नहोला र ?

मन्त्रीहरूको निधारमा टल्किरहेको कालो टीका

गोपाल गुरागाई

केही दिन अगाडि बी.बी.सी.ले सोधेको एउटा प्रश्नको जवाफ दिन महिला तथा समाजकल्याण मन्त्री श्रीमती लीला कोइरालालाई निकै अप्ठेरो पऱ्यो। प्रसंग नेपालमा चेलिवेटी बेचविखनको थियो र प्रश्न अहिलेको मन्त्रिपरिषद्का ३ जना सदस्यसंग सम्बन्धित थियो। वर्तमान मन्त्री परिषद्का ३ जना सदस्यको संलग्नता चेलिवेटी बेचविखन गर्नेहरूसंग छ भन्ने विषयमा बी.बी.सी.ले श्रीमती कोइरालाको प्रतिक्रिया मागेको थियो। मन्त्री कोइरालाले त्यसबेला आफ्नो अनभिज्ञता प्रकट गर्नुभयो, तर त्यसबेलाको अप्ठेरो र आफूभित्रको मानसिक द्वन्दलाई उहाँले मन्त्रालयको एउटा ठूलो बैठकमा सार्वजनिक गर्नुभयो। मन्त्रीहरूले नै चेलिवेटी बेच्नेहरूलाई संरक्षण दिएपछि यो धन्दा कसरी रोकिन्थ्यो र? भन्ने उहाँको गुनासो थियो। सो बैठकमा मन्त्री कोइरालाले सार्वजनिक रूपमा सत्य बोल्दा अप्ठेरो पर्ने कारणले नै अनभिज्ञता प्रकट गरेको रहस्य पनि खोल्नुभयो।

त्यसो भए वर्तमान मन्त्री परिषद्का ती ३ जना मन्त्रीहरू को हुन् त? जलस्रोत मन्त्री पशुपतिशमशेर, स्वास्थ्यमन्त्री अर्जुननरसिंह के.सी. र भूमिसुधार मन्त्री बुद्धिमान तामाङले चेलिवेटी बेचविखन गर्ने विभिन्न समूहहरूलाई संरक्षण दिने गरेको चर्चा नयाँ होइन, तर यी मन्त्रीहरूमाथि आजसम्म किटानी जाहेरी चाहिं परेको छैन। त्यसैले सार्वजनिक रूपमा जो पायो त्यसैले उच्च ओहदामा बसेका यी हर्ताकर्ताहरूलाई किटेरै आरोपित गरेको पनि छैन। सिन्धुपाल्चोक, नुवाकोट र धादिङ जिल्लाबाट चुनिएका यी तीनै जना मन्त्रीहरूको क्षेत्र नेपालबाट भारतमा निर्यात हुने चेलिवेटीको खानीका रूपमा परिचित छन्।

चेलिवेटी व्यापार नेपालको ठूलो समस्या त हुँदै हो, यो नेपालको कानून अनुसार गम्भीर अपराध पनि हो। गम्भीर अपराध ठहरिएको यस कामलाई पंचायती कालदेखि नै राजनीतिक संरक्षण थियो। पंचायतकालमा पनि सत्तामै रहेका अहिलेका मन्त्रीहरू र केटी बेच्ने गिरोहका मानिसहरू बीचको साँठगाँठ बेला-बखत चर्चा हुने गर्दथ्यो। सिन्धुपाल्चोकको सिमला तामाङ पक्राउ पर्दा पशुपतिशमशेरसंगको साँठगाँठ र नुवाकोटका कान्छा तामाङ पक्राउ पर्दा अर्जुननरसिंहसंगको साँठगाँठको चर्चा चले पनि न सरकारले उनीहरूलाई कारवाही गर्ने साहस गऱ्यो, न त यस विषयलाई उठाउने गैर सरकारी संस्थाहरूले नै पर्याप्त रूपले बहस चलाए। फलस्वरूप, महिला हकहितको संरक्षण गर्न खोलिएको महिला मन्त्रालयकी महिलामन्त्री नै सार्वजनिक रूपमा सत्य बोल्न नसक्ने अवस्थामा पुग्नु राजनीतिमा अपराध प्रवृत्तिको विगविगी बढेको छ भन्ने कुराको एउटा प्रमाण हो।

नेपालको राजनीतिमा अपराधी प्रवृत्तिका मानिसहरू पर्याप्त मात्रामा भए पनि अहिले जस्तो गम्भीर राजनीतिक अपराधीकरण यस अगाडि देखिएको थिएन। अहिलेको मन्त्री मण्डलका आधा दर्जन सदस्यहरूमाथि गम्भीर अपराधमा संलग्न भएका आरोपहरू लागेका छन्। पशुपति शम्शेर, प्रधानमन्त्री पछाडि सर्वाधिक शक्तिशाली मानिनुहुन्छ, तर उहाँलाई चेलिवेटी बेच्ने गिरोहलाई संरक्षण दिने गरेको आरोप छ।

स्वास्थ्य मन्त्री अर्जुन नरसिंह के.सी.लाई केटी बेच्ने गिरोहको संरक्षण गरेको आरोप त छँदै छ, ०५१ साल असोजताका गुप्तचर कार्यालयमा पसेर २ वटा फाइल उडाएको आरोप समेत त्यसैबेला लागेको थियो। यसैगरी, मन्त्री बुद्धिमान तामाङमाथि केटी बेच्ने गिरोहको संरक्षण गरेको आरोप बाहेक स्वतन्त्र तिब्बतका पक्षधरहरूलाई उकास्ने र संरक्षण दिने गरेको आरोप पनि लाग्ने गरेको छ। उल्लेखित तीनै जना मन्त्रीहरूमाथि लागेका आरोपहरू गम्भीर खालका छन्। यस्ता आरोप लागेका मानिसहरूमाथि हालसम्म छानवीन भएको छैन। गम्भीर अपराधहरूमा संलग्न भएको देखिंने यी आरोपहरू छानवीन नहुनुको एउटा कारण स्वयं उनीहरू सत्तामा हुनु हो।

यस्ता आरोपहरूको छानवीन गर्न अगुवाई गर्नुपर्ने गृहमन्त्रालयको नेतृत्व हत्याकाण्डमा मुछिएको र तस्करीमा संलग्न भएको आरोप लागेका व्यक्तिले गर्दैछन्। गृहमन्त्री खुमबहादुर खड्का निर्माण तथा यातायात मन्त्री छँदा ०५१ साल कार्तिक १७ गते भएको विजौरी हत्याकाण्डमा मुछिएका थिए। उनी विरूद्ध चलिराखेको ज्यान मुद्दा उनी स्वयं गृहमन्त्री भएपछि वर्तमान सरकारले फिर्ता लिएको थियो। सुनको साथसाथै लागु पदार्थको तस्करीमा पनि मन्त्री खड्काको नाम जोडिएकोले अहिले मन्त्री खड्काको पछाडि इन्टरपोल समेत लागेको छ भनेर जानकारहरू चर्चा गर्न थालेका छन्।

सांसद अपहरण र गाडि अपहरणबीच कति समानता छ ?

वर्तमान सरकारका नयाँ मन्त्री मिर्जा दिलसाद बेगको बारेमा नेपाल र भारतका छापामा किंवदन्ती जस्ता लाग्ने थुप्रै समाचारहरू छापिएका छन्। नेपालका विज्ञान सहायकमन्त्री मिर्जालाई भारतको उत्तरप्रदेशमा १० वटा ज्यान मुद्दा र एउटा भन्सार मुद्दा लागेको छ। त्यसैले मिर्जा सांसद छँदा पनि भारत जाँदैनथे। मिर्जालाई गाडी चोर्ने गिरोहको नाइकेका रूपमा पनि घेरैले चिन्ने गरेका छन्। भारतबाट ट्रक, मारूती कार र मारूती भ्यान अपहरण गरेर ल्याउने तथा तिनै गाडी कागजपत्र मिलाएर नेपालमा बेच्ने काममा मिर्जाको संलग्नता ०५८ पछाडि पटक-पटक सुन्नमा आएको छ। संसदको सदस्य बन्नु अगाडि मिर्जालाई लुम्बिनी अंचलमा "माफिया डान" भनेर चिनिथ्यो भने संसद भएपछि पनि पाकिस्तानी गुप्तचर संस्था आई.एस.आई. का लागि एजेण्टको काम गरेको तथा दुबईको तस्कर दाउद इब्राहिमसंग साँठगाँठ भएको व्यक्तिका रूपमा चर्चा गर्ने गरिएको छ। यी गम्भीर आरोपहरू लागेका मिर्जा अहिले विज्ञान सहायकमन्त्री बनेका छन्।

वर्तमान सरकारका स्वास्थ्य सहायकमन्त्री सुरेशचन्द्रदास यादव सुन तस्करीका लागि भस्वँरै मात्र बद्नाम भएका छन्। कसैलाई अतोपत्तो समेत नदिई सुन लिन दुबई पुगेका मन्त्री यादवलाई त्यही प्रहरीले पक्राउ गरेको थियो।

सरकारमा भएका मन्त्रीमध्ये आधा दर्जन मन्त्रीहरू या त आफै अपराधकर्ममा संलग्न छन् वा अपराधको दुनियालाई देवा र आड दिने काम गर्दछन्।भने राजनीति अपराध गर्नेहरूको कृडास्थल बन्न पुगेको छ भनेर सहजै भन्न सकिन्छ। अपराधको ढाकछोप गर्न राजनीतिमा आउने र राजनीतिमा अपराधीहरूलाई घुसाएर तिनका अपराधलाई संरक्षण गर्ने दुईवटै प्रवृत्ति खतरनाक हुन्, तर जतिसुकै खतरनाक मानिए पनि वर्तमान सत्तामा यी दुवै प्रवृत्ति प्रभावशाली र निर्णायक हुँदै जान थालेका छन्।

अपराधको वैशाखीमा राजनीति, राजनीतिको छातामुनि अपराध

राजनीतिमा अपराधिकरण । के हो राजनीतिमा अपराधिकरण भनेको ? कसरी भइरहेको छ - राजनीतिमा अपराधिकरण ? यसका लागि को को जिम्मेवार छन् ? सत्तामा टिक्नका लागि सांसदहरुलाई थुन्ने, छेक्ने, अपहरण गरेर लुकाउने, मन्त्री पदको प्रलोभन बाँड्ने तथा मन्त्रीहरुलाई उपचारको बहानामा रातारात विदेश पठाएर राजनीतिमा अपराधिकरण गर्न टेवा पुऱ्याउने काम भएको छ कि छैन ? भरखर प्रतिनिधि सभाबाट छिनोफानो भएको विश्वास-अविश्वासको प्रकरणपछि सिंगो नेपाली राजनीतिमा अपराधिकरणको मुद्दा जोडतोडका साथ उठिरहेको छ । अर्थात अहिले जताततै राजनीतिमा भइरहेको अपराधिकरणका बारेमा चर्चा हुन थालेको छ ।

हाम्रो देशको राजनीतिमा अपराधिकरणको सिलसिला कहिलेदेखि शुरु भयो ? अपराधिकरणले राजनीतिमा कसरी मौलाउने र हुर्किने मौका पाइरहेको छ ? यसको पक्षपोषण र विरोध तथा प्रतिरोधको टक्कर वा संघर्ष कुन ढंगले अघि बढिरहेको छ ? प्रजातन्त्रको पुनः प्राप्ती पश्चातको सात वर्ष बित्दा नबित्दै प्रमुख चिन्ताको विषय बन्ने ढंगले कसरी विस्तार र विकास हुनगयो ? कहिलेदेखि क-कसले अपराधिकरणको मुद्दालाई के-कसरी उठाउन थालेका हुन् ? मानवअधिकारवादी संस्थाहरुको चासो र सरोकार कस्तो रहँदै आएको छ ? प्रजातन्त्र प्राप्तीका लागि लडेका प्रमुख राजनीतिक पार्टीहरुको ध्यान यस सम्बन्धमा आकृष्ट भइरहेको छ वा उदासीन नै छन् ? अपराधिकरणको कालो छायाँभित्र प्रजातन्त्रका लागि वर्षौं वर्षदेखि लड्दै आएका राजनीतिक पार्टी र तिनका नेताहरु अथवा ती दलहरुको प्रतिनिधि बनेर सत्तामा सामेल मन्त्रीहरु कसरी जकडिन पुगेका छन् ?

नेपालको राजनीतिमा अपराधिकरणको दुष्प्रभाव कुन स्तरसम्म परिरहेको छ ? मानवअधिकार संस्था, राजनीतिक दलहरु र प्रबुद्ध नागरिकहरु यसलाई कसरी निराकरण गर्न सकिन्छ भन्ने ठान्दछन्? अथवा यसको नियन्त्रण वर्तमान नेपाली राजनीतिमा सम्भव छ कि छैन ? ०५३ साल पुष १६ गते अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा राजधानीमा आयोजित अन्तरक्रिया कार्यक्रम यस्तै प्रश्नहरुका सेरोफेरोमा केन्द्रित थियो । उक्त अन्तरक्रिया कार्यक्रममा राजनीतिमा भइरहेको चरम अपराधिकरणका बारेमा सत्तापक्ष, प्रमुख प्रतिपक्ष मात्र होइन, बुद्धिजीवी, साना दलका नेता एवं मानवअधिकारवादीहरुबीच व्यापक छलफल भएको थियो ।

"यस पटक विशेष गरी सदनमा जुन अविश्वासको प्रस्ताव आयो र त्यसले उत्पन्न गरेका कतिपय स्थिति हामी मानव अधिकारवादीहरूका निम्ति त्यति सुपाच्य लागेन। कहीं कतै केही गडबड भए जस्तो लाग्यो भने कहीं कतै यस्ता अपराधिक गतिविधिहरू भए, जो हाम्रो राजनीतिमा हावी भइरहेको छ भन्ने हामीलाई लाग्यो। त्यसकारण हामीले ठान्यौं - यसको पटाक्षेप भइसकेपछि पनि केही गर्नुपर्छ। कमसे कम राष्ट्रिय राजनीतिका केही विशिष्ट पात्रहरूलाई बोलाएर जनताको अगाडि यो के भएको हो? भनी राख्विदिउँ र प्रजातन्त्रको निम्ति यो कस्तो स्थिति हो ? र यसको निम्ति हामीले के गरेर जानुपर्छ? भन्ने विषय हामीले रोज्यौं। हामीले अहिलेको राजनीतिमा अपराधीकरण हावी भएको ठान्यौं र अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने विचार गऱ्यौं। सो अनुसार नै यहाँहरू उपस्थित भइदिनु भयो, यसको निम्ति म यहाँहरू सबैलाई धन्यवाद दिंदै कार्यक्रम संचालन गर्ने अनुमति चाहन्छु।" व्लूस्टार होटलको खचाखच भरिएको सभाकक्षमा कार्यक्रमको शुरूवात गर्दै इन्सेकका कृष्ण उपाध्यायले शून्यता तोड्नु भयो। र, शुरू भयो - राजनीतिक पार्टीका प्रतिनिधिहरूको स्पष्टिकरणको सिलसिला। तर त्यस अघि इन्सेकका अध्यक्ष सुशील प्याकुरेलले "कार्यक्रमको आयोजना किन गरियो" भन्ने विषयमा प्रष्ट पार्दै बोल्नु भएको थियो।

विदेशीहरुका सामु शिर ठाडो पार्ने स्थिति छैन

सुशील प्याकुरेल - अध्यक्ष, इन्सेक

प्रजातन्त्र आएको छ वर्षपछि प्रजातन्त्रको उपभोग गर्ने हामी एउटा यस्तो विषयमा अन्तरक्रिया र चर्चा गर्न बाध्य भएका छौं- जुन विषय सुखद होइन। हामी यहाँ देशको विकास कसरी गर्ने? भोलि एक्काइसौं शताब्दीमा प्रवेश गर्दा नेपाललाई कुन उचाइमा लैजाने? जनताको जीवनस्तर कसरी उकास्न सकिन्छ र उकास्दैछौं? अथवा हाम्रो प्रजातान्त्रिक व्यवस्थालाई दह्रो बनाएर यो देशका जनताले आफूलाई साच्चिकै जनताको रूपमा पाउनु पर्यो भनेर चर्चा गर्न आएका होइनौं। हामी त बडो दुःखद् चर्चा लिएर यहाँ उपस्थित भएका छौं। र, इन्सेकलाई तपाईं सबैको स्वागत गर्दास्वेरी खुशी लागेको छैन। किनकि एउटा प्रजातान्त्रिक मुलुक जसको प्रजातान्त्रिक व्यवस्थाको स्थापना जनआन्दोलनबाट भयो, जसको संविधानको निर्माण गर्ने क्रममा विश्वमै अरू देशमा भन्दा बढी जनताहरू परिचालित भए। र, यसरी जनताहरू संलग्न भएर बनेको संविधान र प्रजातन्त्रले छ वर्ष बिताउँदा स्वेरी आज हामी चर्चा गर्न बसिरहेका छौं- "राजनीतिमा अपराधीकरण बढ्यो"। यो आफैमा एउटा बिडम्बना हो।

यो स्थिति किन आयो त ? एउटा प्रजातान्त्रिक समाजमा, एउटा प्रजातान्त्रिक देशमा, जुन देशमा जनताले आन्दोलन गरी प्रजातन्त्र ल्याए। लामो समयसम्म संघर्षरत राजनीतिक दलहरू संसदमा सबभन्दा बढी संख्यामा उपस्थित छन्। लामो समयसम्म नेपाली जनतालाई घच्घचाउने राजनीतिक दलका नेताहरू हाम्रो सौभाग्यले गर्दा जीवित नै हुनुहुन्छ र अझै पनि नेतृत्व दिन सक्षम हुनुहुन्छ। तर यतिस्वेर हामी चर्चा गर्दैछौं- "हाम्रो राजनीतिमा अपराधीकरण बढ्यो" भनेर। यो दुःखद् भए पनि अति आवश्यक भएको छ भन्ने

हामीलाई महसूस भयो। हामीलाई यसले घोच्नु पनि एउटा सकारात्मक कुरा हो। यो उपस्थितिले पनि राजधानीका प्रवुद्ध जनता वा राजधानीका सचेत समुदाय यसप्रति चिन्तित हुनुहुन्छ भन्ने कुरा देखाएको छ। राजनेताहरूले जसरी यसलाई महत्व दिनुभयो र उपस्थित हुनुभयो, यसले त हामीलाई खुशी लागेको छ। उहाँहरू व्यस्तताका बावजुद पनि जसरी यहाँ आउनुभयो, यसबाट मलाई हामीले केटाकेटीका पढ्ने गरेको एउटा कथाको संझना आउँछ। यो विश्वमा वा भनौं हाम्रो समाजमा दुखद् र पीडादायी कुरा मात्र छैन, अर्को कुरा पनि छ - जसले हामीलाई बचाइराख्छ- त्यो हो आशा। हामी पनि अहिले त्यही आशामा छौं। तपाईहरूको उपस्थिति र राजनेताहरू जसरी यहाँ आएर बस्नु भएको छ र समय दिनु भएको छ यसबाट पक्कै पनि उहाँहरू अपराधीकरणसंग जुध्नको लागि लाग्नुहुनेछ भन्ने हामीले आशा लिएका छौं। देशमा प्रजातन्त्रको प्राप्तिपछि जस्तो किसिमले समाज अगाडि बढ्नुपर्ने थियो, त्यस किसिमले बढ्न नसक्नुको एक तीतो यथार्थता हो आजको स्थिति। म भन्न चाहन्छु - हामी नागरिक समाजका अभिन्न अंग हौं र समाजमा फैलिएका विकृतिहरूको बारेमा औंला नठड्याउँदा लाक्षित हुन पुगेका छौं। मानव अधिकारको कुरा गर्दा र देखेको कुरा बोल्दाखेरी आज हामीलाई राजनीतिक पूर्वाग्रही भएको आरोप लागेको छ। त्यो आरोपबाट सबभन्दा बढी पीडा हामी मानव अधिकार कार्यकर्तालाई भएको छ।

एकातिर हामीलाई खुशी लागेको छ कि राजनीतिप्रति हामी सचेत रहेछौं। भर्खरै एउटा पत्रिकाले लेख्यो- "राजनीतिमा चासो राख्ने इन्सेक"। त्यो देखेर हामीलाई बडो गर्व लाग्यो। किनभने राजनीतिमा चासो राख्ने भएकै कारणले हामीले जनआन्दोलनमा भाग लियौं। जनआन्दोलनमा लागिपर्यौं र प्रजातन्त्रको स्थापना गर्यौं। राजनीतिमा चासो भएकै कारण आज हामी राजनीतिमा अपराधीकरण भयो भनेर छलफल गर्न यहाँ उपस्थित भएका छौं। अर्थात राजनीतिमा सबैको चासो हुनुपर्छ। हामीले जे कुरा देखेका छौं, त्यही भनेका छौं। तपाईंहरूलाई संझना गराऔं- गएको वर्ष विश्व मानव अधिकार दिवस मनाउने सन्दर्भमा नेपालमा सक्रिय रहेका मानव अधिकारवादी संस्थाहरूको तर्फबाट हामीले "राजनीतिमा अपराधीकरण मानव अधिकारका निम्ति चुनौती" भन्ने नाराकासाथ जुलुस निकाल्यौं, हामीले सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष स्मृतिपत्र दियौं र त्यो स्मृतिपत्र बोकेर हामी राजनीतिक दल वा नेताहरूका ढोका-ढोकामा पुग्यौं। मैले यो कुरा बडो दुःखका साथ भन्नुपर्छ कि हामीले त्यो कुरा सबै राजनीतिक दल तथा पत्रपत्रिकाहरूमा पठायौं। तर त्यसको चासो बडो चिसो रह्यो। सम्माननीय प्रधानमन्त्रीज्यूले त भेटेर त्यसरी दिइएको स्मृतिपत्रमा उठाइएका बुँदाहरूको बारेमा औपचारिक रूपमा कहिल्यै जवाफ पनि दिनुभएन। राजनीतिक दल र राजनेताहरूले सायद भन्नु हुनेछ कि उहाँहरूले त्यसलाई पढ्नु पनि भएन। त्यो अपराधीकरणले उहाँहरूलाई छोएन। तर हामीलाई त छोइसकेको थियो। हामी भोट खसाल्न जाने मान्छेहरू जब लाइन लागेर मतमत्र लिई छाप लगाउन जाँदाखेरी भन्ने गरिन्छ - तपाईंको नाममा त कसैले भोट हालिसक्यो। आफूले जिताउनु पर्ने मान्छे वा चाहेको मान्छेको बारेमा सोच्दै उसलाई भोट हाल्न जाँदा त्यहाँ त आफ्नो नाममा अर्केले भोट खसालिसकेको हुन्छ। आफ्नो भोट अर्केले हालिसकेछ, मतदानकेन्द्र कसैले कब्जा गरिसकेछ। देशका मन्त्री भएका मान्छेहरू त्यहाँ गएर कुनै खास आफ्नो एक जना मान्छे लागेर कब्जा जमाएर बस्छन्। त्यहाँ तुरुन्तै मान्छे घरपै आउँछन्। गोली चलाइन्छ। तपाईहरूलाई यादै होला- डाङको बिजौरी हत्याकाण्ड।

बडो दुःख लाग्छ- प्रजातन्त्रको लागि लड्ने व्यक्तिहरू कसरी यस्तो रातारात परिवर्तन हुन सक्छन् ?

जब कुनै विदेशीले नेपालीलाई सोध्छ- होइन, यो के भएको तपाईंका पाँच-पाँच जना मन्त्रीहरु एकैचोटि विरामी भए रे ? तपाईका पाँचजना मन्त्रीहरु एकैचोटि प्लेनमा चढेर जानु पर्‍यो ? तपाईंका पाँचजना मन्त्रीहरु एउटै अस्पतालमा भर्ना हुनु पर्‍यो ? अचानक एकै पटक रोग लाग्यो, यो के भएको हो ? त्यसैगरी- के तपाईंका सांसदहरु समिट होटलमा बस्नु भएको हो ? राशलीला गर्नुभयो रे ? यो के हो ? त्यसरी बस्दाखेरी पनि संसद सदस्य हराउनु भयो रे ? यस्तो प्रश्न सुन्ने त्यो नेपालीलाई सोच्नुस् त कस्तो हुन्छ होला ?

जसको विरुद्धमा फौजदारी मुद्दा लागिसकेको हुन्छ, तिनै व्यक्तिहरूले सरकार बन्नासाथ छुटकारा पाउँछन्, पुरस्कृत हुन्छन्। जसको बारेमा हामीले मात्र होइन, अन्तर्राष्ट्रिय पर्यवेक्षक टोलीले समेत आफ्नो रिपोर्टमा लेखिसकेको छ। जो निर्वाचन आयोगमा बकाइदा दर्ज गरिएको छ। तर केही सुनुवाई भएको छैन र त्यही व्यक्ति यहाँ गृहमन्त्री हुनु भएको छ। गृहमन्त्री बनिसकेपछि अदालतलाई पनि नपर्खेर उहाँ स्वयंले आफ्नो मुद्दा तुरुन्त फिर्ता लिनु भयो। यहाँ प्रवुद्ध पत्रकारहरू पनि हुनुहुन्छ। उहाँहरूले प्रयत्न गर्नु भएको छ। लेख्दा-लेख्दै उहाँहरूको कलमको नीब भाँचियो होला, यस्तो हुनुहुँदैन। मुद्दा फिर्ता लिने जुन परिपाटी हो, त्यो गर्नु हुँदैन। उहाँहरू लगातार लेखिरहनुहुन्छ र लडिरहनुहुन्छ। तर गृहमन्त्रीको मुद्दा फिर्ता लिइन्छ। हामी चुपचाप बस्छौं। यी कुराहरूले मानव अधिकार संस्थाहरूलाई घोचेका छन् त्यसैले हामीले भनेका थियौं - देशमा अपराधीकरण बढ्यो। जब सरकार गठन हुन्छ, त्यसका एक जना मन्त्री गएर आफ्ना विद्यार्थीहरूलाई भन्नुहुन्छ- तपाईंहरू कुटाइ खाएर मेरो अगाडि आफ्नो अनुहार नदेखाउनुस्, कुटेर आउनुस्। विरोधीहरूका खुट्टा भाँचेर आउनुस्। अनि मसंग भन्नुस्- म जोगाउँछु, तपाईहरूलाई कसरी जोगाउनुपर्छ मलाई थाहा छ।

उहाँ अहिले पनि मन्त्री हुनुहुन्छ। सायद केही दिन अगाडि विरामी भएर वैंकक जानुभयो। यो अपराधीकरण हो भन्ने कुरा हामीले त्यतिखेर आभास पाइसकेका थियौं। म यतिखेर एक वर्ष अगाडिको कुरा गर्दैछु। तपाईहरूले हेर्नुभयो भने थाहा पाउनु हुनेछ, हामीले एउटा सानो ब्रोसरमा - एक वर्ष अगाडि के भनेका थियौं भन्ने कुरा निकालेका छौं। राजनेताहरूले आ-आफ्नो कार्यालयमा गएर आफ्ना फाइल हेर्नु भयो भने सायद त्यो स्मृतिपत्र कतै फ्याक्नुभएको छैन भने हुनुपर्छ। मानव अधिकारवादी संस्थाहरूको यो आवाज सुनिदिने कोही पनि भएन। यो आवाज कसैले नसुने जस्तो गरे। हाम्रो जुलुसलाई कसैले नदेखे जस्तो गरे। किनभने सबैमा सत्ता प्राप्त गर्ने स्वार्थ थियो। प्रजातन्त्र र चुनावको अर्थ यो होइन। "प्रजातन्त्र भनेको चुनाव र मात्र चुनाव होइन। चुनाव भनेको सत्तामा जाने मात्र माध्यम पनि होइन। तर यहाँ त्यस्तै भएको छ। "जसरी भए पनि सत्तामा जाउँ र जसो गरे पनि सत्ता टिकाउँ।" यो आजको मेरो वाक्यांश होइन। यही कुरो एक वर्ष पहिले हामीले आफ्नो स्मृतिपत्रमा उल्लेख गरेका थियौं। यो प्रवृति आज कहाँ आयो भने जतिखेर संसदमा मतदान भइसकेपछि जित्ने दलले न गर्वका साथ हामीले यति प्राप्त गरेका छौं भन्न सकेको छ न त जनतालाई बधाई दिन सकेको छ। यो स्थिति र मनस्थितिको सृजना कसरी भयो? यो हिनताबोध र टाउकै उठाउन नसकिने स्थितिको सृजना कसरी भयो? म हिजो एक जना सार्थीसित कुरा गर्दै थिएँ- आइ.एन.जी.ओ.मा काम गर्ने नेपाली मित्रसित। हामी त नेपाली-नेपालीका बीच कुरा गर्छौं। हामीलाई थाहा छ- हाम्रा मित्र वा सांसदहरूले कसरी आफूलाई विक्री गर्नु भयो, कहाँ जानु भयो? तर जब कुनै विदेशीले नेपालीलाई सोध्छ- होइन, यो के भएको तपाईंका पाँच-पाँच जना मन्त्रीहरू एकैचोटि विरामी भए रे? तपाईका पाँचजना मन्त्रीहरू एकैचोटि प्लेनमा चढेर जानु पर्‍यो? तपाईंका पाँचजना मन्त्रीहरू एउटै अस्पतालमा भर्ना हुनु पर्‍यो? अचानक एकै पटक रोग लाग्यो, यो के भएको हो? त्यसैगरी- के तपाईंका सांसदहरू समिट होटलमा बस्नु भएको हो? रासलीला गर्नुभयो रे? यो के हो ? त्यसरी बस्दाखेरी पनि संसद सदस्य हराउनु भयो रे?

यस्तो प्रश्न सुन्ने त्यो नेपालीलाई सोच्नुस् त कस्तो भए होला ? जुन देशमा जनता सार्वभौम हुन्छन्, त्यो देशका जनताको सार्वभौमिकता अभ्यास हुने थलो भनेको संसद हो। आज त्यो सार्वभौम संसदको हालत के भएको छ ? संसद अधिवेशन चलिरहेको बखत सांसद् अनुपस्थित भइदिन्छन्। यसलाई कतिसम्म विडम्बना भन्ने? कतिसम्म उत्तरदायित्वविहीन भन्ने? राजनीतिक चरित्रको ह्रास पनि कुन हदसम्म भएको भन्ने? आज हामीले सोच्नु पर्ने बेला आएको छ। संसदमा अनुपस्थित हुन पाइने ? संसद सार्वभौम हो। तपाईं त्यहाँ गएर पक्ष, विपक्ष वा तटस्थ जसरी पनि बस्न सक्नुहुन्छ। तर संसदको अधिवेशनमै म जान्न भन्न पाइँदैन। तर बडो वाकपटुता भएका, धेरै कुरा गर्ने हाम्रा नेताहरू पनि भन्नुहुन्छ - "कोही आएन भने पनि के हुन्छ- संसद चलिरहन्छ"। बडो सजिलो ढंगले त्यसलाई लिइने प्रयत्न भएको पाइन्छ। त्यहाँभित्र एउटै कुराले ठाउँ पाएको छ कि जसरी भए पनि सत्तामा जाउँ, जसो गरे पनि सत्ता टिकाउँ। कसैको लागि यो क्षणिक रूपमा आनन्ददायी भयो होला। तर देशको, संसदको स्तर कहाँ पुग्यो? संसदप्रति जनताले कसरी सोच्ने? हामी भोलि जनताको अगाडि गएर के भन्ने? राजनेताहरूलाई मात्रै होइन? यो प्रश्न हामीहरूलाई पनि आएको छ। यो देश कुनै एक जना व्यक्तिको ठेक्कामा होइन। हाम्रो प्रजातन्त्र हामीहरूले जोगाउनु पर्दछ। त्यसैले म यहाँहरूसंग विनम्र अनुरोध गर्न चाहन्छु यो

देशमा संसदमा मात्रै शुद्धीकरण होइन, अब त दलहरूभित्रै पनि शुद्धीकरण चाहिएको छ। दलहरू पनि अब दुर्गन्धित भइसकेका छन्। जुन दलले तीस वर्षसम्म विदेशमा निर्वासनमा बसेर वा देशमा भूमिगत भएर काम गऱ्यो। हामी उसको नाम बडो गर्वका साथ लिन्छौं। बडो गर्वका साथ ओखलढुंगाको नाम लिन्छौं, छिन्तांग र पिस्करको नाम लिन्छौं। शहीदहरूले गर्नु भएको बलिदानको चर्चा गर्छौं। हामी बडो गर्वका साथ चितवन र झापाको नाम लिन्छौं। शहीदहरूले गर्नु भएको आहुतिप्रति गर्व गर्छौं। तर आज तिनै दलहरू कसरी लाचार भएका छन्?

म सम्झिन्छु- युवा र प्रजातान्त्रिक व्यक्तित्व भनेर चिनिनु भएका प्रधानमन्त्री शेरबहादुर देउवालाई जुन दिन म टेलिभिजनबाट हेर्दै थिएँ उहाँले चश्मा फुकालेर भन्दै हुनुहुन्थ्यो- "पाँचजना मन्त्रीहरू एकै चोटि विरामी भए, उनीहरूले एकै चोटि निवेदन दिए र जान्छौं भने गए। म के गरूँ?"। त्यो उहाँको पीडा मलाई अनुभूति भएको छ। तपाईंहरूलाई पनि अनुभूति भएको होला। त्यसैले हामीहरू यस कोठाभित्र प्रजातन्त्रप्रति प्रतिबद्ध व्यक्तिहरू जम्मा भएका छौं। यो भेला सानो होला तर देशको राजनीतिमा यसले अहं भूमिका खेल्ने छ। किनभने यहाँ हाम्रो सानु देशका सम्पूर्ण राजनीतिक पार्टीहरूका राजनेताहरू जम्मा हुनुभएको छ। राजनीतिमा बढ्दो अपराधीकरणका बारेमा उहाँहरूको के धारणा छ ? उहाँहरूले बारम्बार भन्नु भएको छ कि हामी वुथ कब्जा गर्दैनौं। हामी चुनावमा धाँधली गर्दैनौं, आचार संहिताको पालना गर्छौं। अपराधीकरणको विरोध गर्छौं। उहाँहरूले हिजो भन्दै आएका कुराहरू मात्र दोहोऱ्याउनु हुन्छ, प्रतिबद्धता मात्र जाहेर गर्नु हुन्छ वा भोलिदेखि यो मुलुकमा सांसदको किनबेच हुँदैन, किन्नेले किन्दैन, बेच्नेले आफूलाई बिक्री गर्ने छुट पाउँदैन- यो प्रतिबद्धता आउँछ कि आउँदैन। यो पनि हामीहरूले हेर्नु परेको छ। आज हामीले पाएका छौं हाम्रा राजनेताहरू, जो हिजो ठूलो संघर्ष गरेर आउनु भएको छ, उहाँहरू अद्यापि हाम्रो नेतृत्व गर्दै हुनुहुन्छ र हुनसक्छ बीचमा हामीले केही कमी-कमजोरी गऱ्यौं। तर भोलिका दिनहरूमा कसरी अगाडि बढ्ने? भन्ने कुरा उहाँहरूको हातमा छ। होइन भने नेपाली जनताले के गर्छन् भन्ने कुरा त शायद इतिहास पल्टाउनु पर्दैन होला। संसारको इतिहासलाई पल्टाएर हेर्ने हो भने धेरै कुराहरू विलय भएर पनि गएका छन्। यो मेरो एउटा विनम्र अनुरोध मात्र हो। तपाईंहरूको हातमा जनताको भविष्य छ। त्यसलाई सुनिश्चित गर्ने प्रयत्न गरिदिनुहोस् भन्ने एउटा विनम्र अनुरोध र आग्रह मात्र हो।

सबै विकृति र बिसंगतिहरु समाधान गर्न सकिन्छ

माधवकुमार नेपाल, महासचिव नेकपा (एमाले)

अहिले अत्यन्तै चिन्ता गर्नुपर्ने कुरा के हो भने, ०४६ सालको जनआन्दोलनले जुन आशा, माग र जस्तो राजनीतिको अपेक्षा गरेको थियो के हाम्रो मुलुक त्यही भावना र अपेक्षा अनुरूप अगाडि बढिरहेको छ त ? यहाँ दुई खाले विचार-चिन्तनहरू आएका छन्। एउटा, जस्तो संसदीय अभ्यास भइरहेको छ, त्यसैमा सन्तोष गर्नुपर्छ, असन्तुष्ट हुनुहुँदैन। यसलाई धेरै गम्भीरतापूर्वक लिनुपर्ने र असाध्यै डर मान्नु पर्ने विकृतिका रूपमा लिनुपर्ने आवश्यकता पनि छैन। र, अर्को विचार चिन्तनले भन्छ- अहिले व्यवस्थाभित्र यतिधेरै संकटहरू आइसकेका छन्, हाम्रो देशमा रहेको एउटा संस्थावाहेक अन्य सम्पूर्ण संस्थाहरूले आफ्नो वैधानिकता गुमाइसकेका छन- तसर्थः अब एउटै मात्र निकास बाँकी छ- त्यो हो, राजाको आशीर्वाद।

नेपालका नेताहरु पाँचजना मात्र हुन्

हरिश्चन्द्र आचार्य, महासचिव, प्रजातान्त्रिक लोकदल

० राजनीतिमा अपराधीकरण बढ्नुमा मुख्यतः हामी नै दोषी छौं। किनकि हामीले नेतालाई बिर्सियौं, नीतिलाई बिर्सियौं र इतिहासलाई बिर्सियौं। तसर्थः नै नेपाली राजनीतिमा अपराधीकरणको शुरूवात भएको हो। आज अरूले बिर्सिए पनि पुस १६ गते राष्ट्रिय मेलमिलापको नारा दिएर स्वदेश फर्स्ने वी.पी.लाई सुरेन्द्र चौधरीज्यूले बोल्दा चाहिं नबिर्सिनुपर्ने हो। तर उहाँले त राष्ट्रिय मेलमिलाप दिवसलाई नै बिर्सिदिनुभयो।

हाम्रो पार्टी अर्थात् लोक दलको विचारमा देशका नेताहरू मनेका जम्मा पाँच जना छन्- अघिल्लो युगका गौतम बुद्ध र बेदव्यास, यो युगका विश्वेश्वरप्रसाद कोइराला, पुष्पलाल र मदन भण्डारी। यिनका समकक्षमा आजसम्म कुनै पनि नेता जन्मिएका छैनन्। यी पाँच जना नेताको लाइन बिर्सिदा आज राजनीतिमा अपराधीकरण बढेको हो। ०४६ सालको जनआन्दोलनको मूल जड के हो? न यो वी.पी. को सशस्त्र संघर्ष वा मेलमिलापबाट संभव थियो, न त सी.पी. मैनालीको सशस्त्र आन्दोलनबाट नै। यहाँ त कांग्रेस र कम्युनिष्ट सबै मिल्नुपर्छ र शान्तिपूर्ण आन्दोलन हुनुपर्छ भन्ने पुष्पलालको सैद्धान्तिक ज्ञानले काम गऱ्यो र प्रजातन्त्र आयो। त्यसको व्यवहारिक प्रयोगकर्ता गणेशमान सिंह हुनुहुन्छ। मदन भण्डारीले पार्टीभित्र देखापरेको तानाशाही हटाउन बहुदलीय जनवादको कार्यक्रम ल्याउनुभयो र स्थापित गरेर पनि जानुभयो। तर आज यी पाँच जना नेताको विरूद्धमा माधव नेपालले लोकेन्द्रबहादुर चन्दलाई सुनको किस्तीमा राखेर प्रधानमन्त्री बनिदिनुहोस् भनेर अनुरोध गर्नुभएको छ। उता गिरिजाप्रसाद कोइरालाले कांग्रेसको नेता म हुँ, वी.पी.को भाइ हुँ र सबैथोक म नै हुँ भनी सूर्यबहादुरलाई यो सरकारको कमाण्डर बनाउनुभयो। पंचायतको तीस वर्षसम्म रगत चुसेका दुई वटा शेर अर्थात् लोकेन्द्रबहादुर र सूर्यबहादुरलाई उचाल्ने माधव नेपाल र गिरिजाप्रसाद कोइरालाका कारण नै यहाँ अपराधीकरण बढेको हो। हाम्रो यही निष्कर्ष छ। नेपालमा राजनीतिक अपराधीकरणको प्रवृति बढ्नुमा प्रमुख दोषी गिरिजाप्रसाद कोइराला हुनुहुन्छ भने माधव नेपाल पनि दोषमुक्त हुनुहुन्न।

मण्डले भनेको व्यक्ति होइन, चिन्तन हो। हाम्रो विचारमा संसदीय अनुभव र संसदीय अभ्यासबाट आएका नेता वा राजनीतिक दलहरूबाट नै यो अपराधीकरणको निराकरणका लागि योगदान पुग्न सक्छ। पंचायतमा काम गरेकाबाट यसको रोकथामको अपेक्षा गर्न सकिदैन। हृषिकेश शाहको भारदारी शैलीको माधवजीले खण्डन गर्नुभएको छ, त्यसप्रति हामी र हाम्रो पार्टी पूर्णतः सहमत छ। राजा राजनीतिभन्दा छुट्टै बस्नुपर्छ भन्ने एमालेको भनाईप्रति पनि हामी पूर्णतः सहमत छौं।

यी विकृति र विसंगति असामान्य होइनन् र गम्भीर अवस्थामा पुगेका पनि छैनन् भन्ने एउटा मान्यता छ। अर्कोतिर समस्या यति गम्भीर र असाध्यै भइसकेको छ कि अब यहाँका जनता, प्रजा वा हामी कसैले पनि समाधान गर्न नसक्ने भयौं र अब एउटै मात्र बाटो छ भनिंदैछ- "हामी सबै राजाको शरणमा जानुपर्यो।" यस्तो अवधारणा राख्ने हाम्रा विद्वान नेता ऋषिकेश शाह हुनुहुन्छ। र, उहाँले हिजो मात्रै पनि भन्नुभएको थियो "पार्टी, संसद, अदालत, प्रशासन सबैले आफ्नो भूमिका गुमाइसकेका छन्।"

हाम्रो विचारमा यी दुवै मत गलत हुन्। हाम्रो मान्यता के रहेको छ भने- हाम्रो समाज वा राजनीतिमा जस्ता किसिमका विकृति र विसंगति देखिएका छन्- ती समाधान नै हुन नसक्ने अवस्थामा छैनन्। तर चिन्तित हुनुपर्ने अवस्था अवश्य छ, गम्भीर हुनुपर्ने अवस्था छ। र, केही पनि भएको छैन, सामान्य अवस्था छ, चिन्ता नै गर्नुपर्दैन भन्ने अवस्था पनि छैन। यस्तो सत्य र यथार्थतालाई अनुभूत गरिसकेपछि यसको निकास र समाधानको बाटो पहिल्याउनका निम्ति पनि त्यत्तिकै गम्भीर प्रयासको थालनी गर्नुपर्ने आवश्यकता छ। विकृति र विसंगतिहरू अहिले जुन स्थितिमा पुगेका छन्, यसलाई समाधान गर्न सकिन्छ। हाम्रो मुलुकका राजनीतिक पार्टी र प्रबुद्ध वर्ग यस्ता समस्या समाधान गर्न सक्षम छन् भन्ने मलाई लाग्दछ। नेपाली जनता, आमजनसमुदाय यस विकृतिलाई हटाउन सक्षम छन्। तर प्रश्न एउटै छ- जिम्मेवार राजनीतिक पार्टीहरू र त्यसका नेताहरू जसले मुलुकको राजनीति संचालन गरिरहेका छन्- उनीहरू यो विकृति र विसंगतिप्रति गम्भीर छन् कि छैनन्? या उनीहरूले यसलाई सरल र स्वाभाविक रूपमा लिइरहेका छन् ? यसैमा यो कुरा भर पर्दछ। मलाई लाग्छ- यसलाई सहज र स्वाभाविक रूपमा लिनु हुँदैन।

अर्कोतिर बहुदलीय व्यवस्था आएपछि मात्रै विकृति र विसंगतिहरू भित्रिए, राजनीतिमा अपराधीकरण भयो- भन्ने कुरा पनि नेपालको इतिहासको यथार्थसंग मेल खाँदैन। राणा शासनमा थुप्रै अपराधीकरणका उदाहरणहरू पाइन्छन्- सैनिक प्रयोग, जालझेल, अपराधीकरण, हिंसा र हत्या उल्लेखनीय रूपमै थिए। तीस वर्षे पंचायती व्यवस्थाको अवधिमा पनि राजनीतिमा अपराधीकरणका थुप्रै घटनाहरू देखिए। पंचायती व्यवस्थामा पूरै माफिया ग्रुप प्रवेश गऱ्यो र मण्डलेतन्त्रको रूपमा अभ्युदय भयो।

अहिलेको बहुदलीय व्यवस्थाभित्र पनि यस्ता थुप्रै अपराधिक प्रवृत्तिहरू देखा परी रहेका छन्। तर यो राणा शासनको जस्तो, पंचायती व्यवस्थाको जस्तो नियन्त्रणहीन अवस्थामा पुगेको स्थितिमा छ जस्तो मलाई लाग्दैन। र, अहिलेको स्थिति सुरेन्द्र चौधरीजीले भन्नु भए जस्तो- सहज, सरल र सैह्य छैन। त्यो पनि असाध्यै हुन थालेको स्थितिमा छ भन्ने कुरालाई पनि हामीले बुझ्नै पर्छ।

एउटा निर्वाचन जित्नका लागि कुनै उम्मेद्वारले हातमा बन्दुक बोकेर मान्छेको हत्या गर्छ, ऊमाथि मुद्दा चल्छ र मुद्दा चलिसकेपछि उसमाथि कुनै कारवाही त हुनुपर्ने हो? तर उल्टो उसलाई पुरस्कृत गरिन्छ, गृहमन्त्री बनाइन्छ। अनि गृहमन्त्री भइसकेपछि उसले आफ्नो मुद्दा आफैं खारेज गर्छ। अनि ऊ त्यही प्रवृत्तिमा लगातार अघि बढ्छ र बढाउँछ। र, हुँदाहुँदा आफैं हेलिकोप्टर चार्टर गरी सांसद् अपहरण गर्छ। संसद अधिवेशन चलिरहेको बेला प्रहरी बल लगाएर प्रहरी भ्यानमै सांसद अपहरण गरी लिएर जान्छ भने यसलाई के भन्ने? के यसलाई पनि राजनीतिक खेलको सहज नियमको रूपमा लिने? मलाई लाग्छ जसले गरेको होस् यस्ता कुरालाई सहज रूपमा लिनु हुँदैन।

प्रधानमन्त्री भनेको सरकारको नेता हो, संसद्को नेता हो र मुलुकको नेता हो। प्रधानमन्त्री निवासमा प्रतिपक्षका सांसदलाई राखिन्छ, लुकाइन्छ, छिपाइन्छ वा उसकै स्वेच्छाले अपहरण गरिन्छ भने यो प्रवृति पनि संसदीय राजनीतिमा

सुहाउने कुरा होइन। यस्तो अपराधिक खेल खेलेर प्रधानमन्त्रीको निवास जस्तो पवित्र ठाउँलाई विवादस्पद बनाउन खोजिन्छ भने यसले कस्तो कुराको संकेत दिन्छ, के कुराको आभाष दिन्छ? एउटा मर्यादित संस्थालाई बढ्ता विवादित तुल्याउने र मर्यादामा चोट पुऱ्याउने काम हामीकहाँ भइरहेको छ। एउटा सीमालाई नाघ्ने प्रवृत्ति हामीकहाँ बढेको छ। यो प्रवृत्ति सबै क्षेत्रमा देखिएको छ। एकातिर हामी भन्छौं संवैधानिक अंगहरूलाई अधिकार दिन सकिएको छैन र कुनै अधिकारसम्पन्न निकाय छैनन्। तर अर्कोतर्फ हामी के देखिरहेका छौं भने- त्यही संवैधानिक अंगमध्येको कुनै एउटा अंगले आफ्नो अधिकारको यति ज्यादा दुरूपयोग गरिरहेको छ कि उसले जे गरे पनि, जे भने पनि मान्नुपर्छ, स्वीकार्नै पर्छ। संविधानको जे जस्तो व्याख्या गरे पनि भयो। जति विकृति र विसंगति फैलाए पनि भयो। जति भ्रष्टाचार गरे पनि भयो। एक शब्द कसैले उच्चारण गर्न पाउँदैन।

अर्कोतर्फ अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कुरा गरौं, भ्रष्टाचारलाई नियन्त्रण गर्ने निकायको कुरा गरौं वा अन्य निकायहरूको पनि कुरा गरौं जसलाई आवश्यक मात्रामा पनि अधिकारको प्रत्याभूति गर्न दिइएको छैन। संसदीय राजनीतिक परिपाटीको एउटा मूल पक्ष- नियन्त्रण र सन्तुलनको परिपाटी हामीकहाँ नमिले जस्तो देखिन्छ। पार्टी र सरकारबीच, प्रधानमन्त्री र मन्त्रीहरूबीच, प्रधानमन्त्रीको कार्यालय र अन्य मन्त्रालयबीचको अन्तर्सम्बन्धलाई परिभाषित गर्नु पर्ने आवश्यकता नरहे पनि त्यहाँ व्यवहारिकताको अभाव छ।

एउटा संवैधानिक अंग र अर्को संवैधानिक अंगबीच सन्तुलन र नियन्त्रण गर्ने, कार्यपालिका र विधायिकाबीच, विधायिका र अदालतबीच र त्यसैगरी लोकसेवा आयोग, निर्वाचन आयोग जस्ता निकायको आपसी नियन्त्रण र सन्तुलन कायम गर्नुपर्छ। राजनीतिक नेता र पीडित नेता, कार्यकर्ता र पीडित कार्यकर्ता, पत्रकार र पीडित पत्रकार यी सबैबीच सम्बन्ध के हुने? यी सबै कुरा हेर्दा सबै सचेत समुदायले पहल गर्ने र राम्ररी परिभाषित गर्ने हो भने प्रजातान्त्रिक समाज निर्माण गर्ने हाम्रो उद्देश्य र लक्ष्य पूरा हुनेछ। तसर्थः हाम्रो समाजमा विभिन्न रूपमा देखा परिरहेका विकृति र विसंगतिहरू पछाडिको मूल कारण के हो? अपराधीकरणमा लागि पर्नुको मुख्य कारण के हो? यी सबै कारणहरूको खोजी गर्नु पर्दछ।

मलाई लाग्दछ, "राजनीतिमा संलग्न भइसकेपछि यसलाई व्यापारको माध्यम बनाउन सकिन्छ। पैसा कमाउने माध्यम बन्छ र प्रशस्त मात्रामा शुभलाभको मौका मिल्छ" भन्ने चिन्तनबाट ग्रस्त भएर राजनीतिमा संलग्न भएपछि राजनीतिमा अपराधीकरणको मनोवृत्ति बढ्छ। राजनीतिमा यति निम्न अपराध गरेर प्रवेश गर्नुपर्ने र त्यसलाई हावी गराउनुको पछाडिको मुख्य कारण भनेको यसलाई पैसा कमाउने र बटुल्ने साधनको रूपमा प्रयोग गर्नु नै हो। नभए यो अवाञ्छित र अनुचित चाल चालिनुको पछाडि अरू के छ त? हाम्रो समाजमा भ्रष्टाचार व्याप्त छ। तर हामी सबै निरीह र मुकदर्शक भएका छौं। हामीले नौ महिना सरकार छँदा भ्रष्टाचारलाई निर्मूल पार्न खुबै मेहनत गऱ्यौं, पहल गऱ्यौं। हाम्रो तर्फबाट कुनै त्यस्ता अवाञ्छित क्रियाकलाप भएनन्। हाम्रो पार्टीको कुरा गर्नुहुन्छ भने अहिले पनि हामी भन्छौं- एमाले सरकारको पालामा आजमात्र होइन, वीस वर्षपछि पनि छानबिन गरेर कुनै मन्त्रीले भ्रष्टाचार गरेको पुष्टि हुन्छ भने हाम्रो पार्टी त्यस्ता व्यक्तिलाई कारवाही गर्न साथ दिने छ र आफै पनि पहल गर्नेछ। बचाव गर्ने त प्रश्नै आउँदैन। तर के अरू पार्टीहरू पनि यस्तो गर्न तयार छन्? या उनीहरू आ-आफ्ना मन्त्रीहरूको काम-कारवाहीको निम्ति उनीहरूलाई नै जिम्मेवार बनाउन तयार छन्? उनीहरूले भ्रष्टाचार गरेर आर्जन गरेको सम्पत्ति खोस्न तयार छन्? अनुचित ढंगबाट आर्जन गरेको सम्पत्ति जफत गर्न तयार छन्? दोषीलाई सजाय दिएर जेल चलान गर्नका लागि तयार छन्? राजनैतिक पार्टीहरू यस पक्षबाट तयार छन् कि छैनन्? राजनैतिक पार्टीहरू यस पक्षबाट आउन सक्छन् कि सक्दैनन्? हामी संस्थागत रूपमा पार्टीको तर्फबाट भनौं वा व्यक्तिगत रूपमा भनौं या अरू कुनै व्यवस्थाबाट भनौं- यस्ता प्रवृत्तिहरूलाई रोक्नका लागि गरिने कुनै पनि प्रयासलाई हामी समर्थन गर्ने छौं, साथ दिने छौं।

हामी देखिरहेका छौं हुँदाहुँदा अपराधीकरणको प्रवृत्ति कहाँसम्म बढ्यो भने अब त विदेशबाट गुण्डाहरू समेत यहाँ आयात गर्न थालियो। सरकारको तर्फबाट तिनीहरूलाई संरक्षण दिइयो। त्यस्ता व्यक्तिहरूको सेवा गर्ने काममा गृहमन्त्री स्वयं लाग्नुभयो। मन्त्रीहरू चौबीसै घण्टा उनीहरूको खातिरदारीमा संलग्न रहे। एयरपोर्टमा लिन जान्छन्, एयरपोर्ट पुऱ्याउन जान्छन्, होटलमा बस्छन्। चाकरी, चाप्लुसी गर्छन्।

निर्वाचन जित्नका लागि कुनै उम्मेद्वारले हातमा बन्दुक बोकेर मान्छेको हत्या गर्छ, ऊमाथि मुद्दा चल्छ। मुद्दा चलिसकेपछि उसमाथि कुनै कारवाही त हुनुपर्ने हो ? तर उल्टो उसलाई पुरस्कृत गरिन्छ, गृहमन्त्री बनाइन्छ। अनि गृहमन्त्री भइसकेपछि उसले आफ्नो मुद्दा आफै खारेज गर्छ। अनि ऊ त्यही प्रवृत्तिमा लगातार अघि बढ्छ र बढाउँछ। र, हुँदाहुँदा आफै हेलिकोप्टर चार्टर गरी सांसद् अपहरण गर्छ। संसद अधिवेशन चलिरहेको बेला प्रहरी बल लगाएर प्रहरी भ्यानमै सांसद अपहरण गरी लिएर जान्छ भने यसलाई के भन्ने ? के यसलाई पनि राजनीतिक खेलको सहज नियमको रुपमा लिने ?

यो कस्तो किसिमको प्रवृत्ति र संस्कृति हुर्काउन खोजेको हो? कस्तो परिपाटी बसाल्न खोजेको हो?- हामी बुझ्न खोजिरहेका छौं।

आखिर राजनीतिमा अपराधीकरण भनेको के हो? अपराधीकरणको बिगबिगी वा अपराधिक क्रियाकलाप नै राजनीतिमा अपराधीकरण हो। अर्थात् आफ्नो उद्देश्य पूरा गर्नका लागि अपराधी, माफिया, डाँका, गुण्डा दल वा त्यस्तै प्रवृत्तिसंग आफूलाई संलग्न गराएर जसरी होस् आफ्नो-हातलाई माथि पार्ने, आफ्नो विजयलाई सुनिश्चित पार्ने वा पार्न खोज्ने प्रवृत्ति नै राजनीतिमा देखिएको अपराधीकरण हो।

सरकार छ, टिकाउन अपराधीकरण गर्ने! सरकार छैन, बनाउन अपराधीकरणको साथ लिने! राजनीतिमा अपराधीकरणको यो अर्को नमूना हो। अहिले नै अविश्वास प्रस्तावको क्रममा पनि यो कुरा देखियो। यो प्रवृति भोलि फेरि सरकारको विरोधमा आलोचनाको स्वर गम्भीर हुन थालेपछि वा सरकार विरोधी जनमत तयार हुन थालेपछि देखापर्छ। आखिर यो त प्रवृत्ति न हो। यसको कुनै सीमा हुँदैन। आज अविश्वास प्रस्तावका क्रममा देखापऱ्यो, भोलि चुनावका क्रममा देखापर्छ, पर्सी शान्ति-सुव्यवस्था कायम गर्ने नाममा, राजनीतिक स्थायित्व दिने नाममा यो क्रमको पुनरावृति हुन्छ। एउटा समय थियो- कुनै अन्यायको विरोध गर्ने पत्रकारलाई ज्यान मार्ने धम्की दिइन्थ्यो। अहिले पनि त्यही स्थिति ठाउँ-ठाउँमा देखा परिरहेको छ। ठीक छ, चरित्र हत्या गर्ने, पीत पत्रकारिता गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्छ। कानूनको व्यवस्था गर्नुपर्छ। तर मार्ने, हात-खुट्टा भाँच्ने र कुटपीट गर्ने काम कदापि गर्नुहँदैन। जस्तो कि सत्य कुरा उद्घाटित गरेकै कारण राजविराजमा लोकेन्द्र बुढाथोकीलाई मारियो। आखिर यस्तो प्रकृति त राम्रो होइन। आखिर यो सबै के भएको?

हाम्रो समाजमा जस्ता अपराधिक प्रवृत्तिहरू छन्, क्रियाकलापहरू भइरहेका छन् र जे जस्ता अस्तित्वमा छन् तिनीहरूप्रति हाम्रो ध्यान आकर्षित हुनुपर्छ कि पर्दैन? अपराधीकरणलाई रोक्नका लागि मलाई लाग्छ- चुनाव र चुनावमा उत्रिने व्यक्तिको राम्रोसंग छनौट गर्नुपर्छ। जबसम्म स्वच्छ निर्वाचनको परिपाटी बनाइँदैन, निर्वाचनमा उत्रिने व्यक्तिहरूको पृष्ठभूमि अपराधिक मनोवृत्तिको छ, छैन भनेर जाँच गरिदैन र स्वच्छ राजनीतिक पृष्ठभूमि भएका उम्मेदवारलाई चयन गरिदैन, तबसम्म राजनीतिमा अपराधीकरणको प्रवृत्ति बढ्दै जान्छ। यो आफै आउँदैन तर प्रवृत्तिको रूपमा भित्रिरहेको हुन्छ। र, संस्थागत रूपमै यसलाई प्रोत्साहन गरियो भने यसको जमात बढ्छ। त्यो मान्यता हुर्किंदै जान्छ र मेरो हातमा हतियार छ, म जित्छु भन्ने प्रवृत्ति देखा पर्छ।

अहिले म सुन्दैछु कि पप्पु यादवका दुई ट्रक हतियार पूर्णियामा राखिएका छन् रे? नेपाली कांग्रेसको तर्फबाट ती हतियारहरू निर्वाचन क्षेत्रमा पठाउने तयारी वा योजना बनाइदैछ रे, आखिर यो के हो? पप्पु यादव यहाँ आउँदा सरकारले गर्नुसम्मको खातिरदारी गऱ्यो, त्यो पैसा कहाँबाट झिकिएको हो? त्यो पैसा कहाँबाट तिरियो, कसले तिऱ्यो? र, ती पप्पुहरू किन आए? के यो कुरा लुकेको छ र? पप्पु यादवले पर्दा पछाडि लुकेर विभिन्न व्यक्ति र प्रशासनलाई धम्क्याएको कुरा लुकेको छ र? अखिर यो केही होइन भन्न सकिन्छ? बोलाउन निम्ता दिने, तर फेरि केही पनि भएको छैन भन्ने? के हामी विहारी शैलीको संस्कारलाई यहाँ उदाहरणका रूपमा ल्याउन खोजिरहेका छौं? के हामी यस्तै अपराधिक प्रवृत्तिलाई अघि बढाउन चाहिरहेका छौं? यदि होइन भने यस्ता कुराहरूलाई बेलैमा रोक्नु आवश्यक छ कि छैन?

मलाई नेपाली कांग्रेसको एक जना विद्वान्ले भन्नुभयो- "वास्तवमा एमाले सत्तामा पुगेर चुनाव गरायो भने बुथ कब्जा गर्छ, विपक्षीहरूलाई जित्नै दिंदैन भन्ने डरले गर्दा हामी यी सबै कुकर्म गर्न वाध्य भएका हौं।" उहाँहरूमा यस्तो किसिमको भय रहेछ। अर्कोतर्फ नेपाली कांग्रेसले आफ्नो हातमा शक्ति केन्द्रित गरेर चुनाव गरायो भने व्यापक धनजनको दुरूपयोग हुन्छ। स्वयं गृहमन्त्री हेलिकोप्टर चार्टर गरेर निर्वाचन क्षेत्रमा पुग्नुहुन्छ र त्रास र धम्कीको भाषा बोल्नुहुन्छ। निर्वाचन आयोगको आचार संहितामा सही गरेपछि, त्यहाँ प्रष्ट रूपमा "सरकारी साधन स्रोतको दुरूपयोग गर्न पाइँदैन" भन्ने कुरा उल्लेख हुँदाहुँदै पनि त्यसको स्वयं गृहमन्त्रीद्वारा उल्लंघन हुन्छ भने त्यसलाई के भन्ने? पप्पु यादव जस्ता मान्छेहरूलाई यहाँ बोलाएर पाँच तारे होटलमा राखिन्छ र सारा हातहतियारको सौदावाजी गरिन्छ भने त्यसले के संकेत गर्छ? के यसले व्यवस्थालाई बदनाम गराउँदैन ? के मुलुकको आजको राजनीतिक वातावरणलाई यसले धमिल्याउँदैन? म यहाँनेर सुरेन्द्र चौधरीको भनाइसंग असहमत छु। तर "दक्षिण एशीयाका अन्य मुलुकहरूमा जस्तो किसिमको संसदीय राजनीति देखा परेको छ, अपराधको जुन स्थिति छ,

अपराधीकरणको जुन शुरुवात छ- त्यसको तुलनामा नेपाल त अनुशरणयोग्य छ।" यो भनाइसँग भने सहमत हुनैपर्छ।

जहाँ सत्तापक्ष र प्रतिपक्षहरू सँगै बस्न सक्तैनन्। कुरै गर्न सक्तैनन्। सामूहिक छलफल, अन्तरक्रिया केही हुँदैन। एउटा कुर्सीमा बस्न पाएको छैन, अर्को उसलाई हटाउनका लागि सडकमै आन्दोलन छेड्न पुग्छ, भएन भनेर पूरै संसदलाई नै बहिस्कार गर्छ। अर्को सत्तामा बस्न पाएको छैन फेरि पहिलोले त्यसै गर्छ। यो तहको संवादहीनताको स्थिति त हामीकहाँ छैन। यस प्रकारको संस्कार पनि हामीकहाँ छैन। भएको राम्रो कुरालाई हामी जगेर्ना गर्दछौं। तर के यसैको नाममा विभिन्न क्षेत्रमा गम्भीर बन्दै गएका विकृति र विसंगतिलाई नियन्त्रण नै नगर्ने, वास्तै नगर्ने? हामीले दाङमा घटेको त्यो जघन्य विजौरी हत्याकाण्डलाई गम्भीरतापूर्वक लिने कि नलिने? चुनावकै क्रममा रौतहट जिल्लामा दुई गुटबीच भएको गोली हानाहानको घटनालाई गम्भीरतापूर्वक लिने कि नलिने? अहिले नै हतियार गाउँ-गाउँमा पुऱ्याइएका छन् त्यसलाई गम्भीरतापूर्वक लिने कि नलिने? अहिले नै विभिन्न पक्षका मान्छेहरू भारतमा गएर डाँकाहरूसंग वार्ता गरिरहेका छन् र हतियारको सौदावाजी गरिरहेका छन्- त्यसलाई गम्भीरतापूर्वक लिने कि नलिने? मलाई लाग्छ यस्ता घटनाहरूलाई गम्भीरतापूर्वक लिनु पर्छ। यी सबैको कारकतत्व भनेको सत्तामा पुगेपछि जे पनि गर्न पाइन्छ भन्ने प्रवृत्ति नै हो। यो "जे पनि गर्न पाइन्छ" भन्ने सर्वसत्तावादी मनोवृत्तिले प्रजातन्त्रको विकासमा बाधा पुगेको छ। यसलाई कसरी नियन्त्रण गर्ने? भारतमा पहिले यही प्रवृत्ति हावी थियो तर अहिले आएर हामीले सुन्ने गरेका छौं- एकपछि अर्को मन्त्रीलाई भ्रष्टाचारको अभियोगमा मुद्दा चलाइँदैछ। दक्षिण कोरियामा पनि हामी देखिरहेका छौं- राष्ट्रपतिहरूलाई समेत आजीवन कारावासको सजाय दिइएको छ। अन्य देशहरूमा पनि यस्तै किसिमका सजाय दिइएका घटनाहरू हामी सुनिरहेका छौं। तर हामीकहाँ भ्रष्टाचार गरेपछि कुनै सजाय दिने प्रचलन छैन। अझ भन्ने हो भने यो छ वर्षको अवधिमा केही हुन नसक्नु दुर्भाग्य नै हो। सबैलाई थाहा छ- धमिजा प्रकरणमा खुलेआम रूपमा प्रधानमन्त्रीले आफ्नो ओहदाको दुरूपयोग गर्नुभयो। यसै अवधिमा शाही नेपाल वायु सेवा निगमलाई डुबाउने काम भएको छ।

अहिले पनि व्यापक रूपमा सरकारी साधन स्रोतको दुरूपयोग भइरहेको छ। हामी नियन्त्रण गर्न सक्तैनौं, सजाय दिन सक्तैनौं, कारवाही गर्न सक्तैनौं। यस्तै कारणबाट नै राष्ट्रमा मनपरी बढ्छ, अपराधिक मनोवृत्ति बढ्छ। विकृति फैलाउने प्रवृत्तिलाई तपाई नियन्त्रण नै गर्न सक्नु हुन्न। अहिले नै अविश्वास प्रस्तावका सन्दर्भमा घटेका विकृत घटनालाई के हामीले ख्याल नगर्ने? के यसलाई पनि स्वाभाविक घटनाक्रमका रूपमा हेर्ने? मलाई लाग्छ यसलाई सहज रूपमा लिनै हुन्न।

हामी हाम्रोतर्फबाट यी विकृति र विसंगति हटाउन के गर्नुपर्छ तयार छौं। तर नेपाली कांग्रेसको तर्फबाट के गर्नुपर्छ, त्यो गर्न त्यो पार्टी तयार छ कि छैन? यदि तयार छ भने त्यसले सत्तामा बसेर एकलौटी आफ्नो हातमा अधिकार कायम गरी चुनावमा जाने मनोवृत्ति छोड्नु पर्छ। र, त्यहाँ गइसकेपछि सरकारी साधन-स्रोत र अधिकारको जुन व्यापक दुरूपयोग गरिन्छ- त्यसलाई पनि गम्भीर ढंगले सोच्नुपर्छ। हिजोको अविश्वास प्रस्तावको सन्दर्भमा पनि हामीले के भनेका छौं भने सांसदलाई आफ्नो पक्षमा पार्न वा ढाल्नका लागि खरिद-बिक्रीको जुन निन्दनीय खेल खेलियो- त्यो खेल कसले खेल्यो, कसले गऱ्यो? म भन्दिनँ। तर छानबिन हुनैपर्छ। म त तयार छु। हाम्रो पार्टी तयार छ। अहिले फेरि कतिपय व्यक्तिहरू भनिरहेका छन्- "फेरि अविश्वास प्रस्ताव आघि सारियो भने पैसा कमाउने धन्दा अर्थात् शुभलाभको यो व्यवसायले प्रश्रय पाउने छ।" अहिले नै हामीले देख्यौं- सांसदहरू आफ्नो पक्षमा नआउने स्थिति आइसकेपछि बलजफ्ती संसदबाट निलम्बन, निष्काशन गर्ने कोसिस भयो। अहिले नै त्यसरी धम्कीका रूपमा त्यसलाई प्रयोग गर्नु पर्ने आवश्यकता के थियो? जबकि हिजै यी र यस्ता केही-केही सांसदहरूको सदस्यता खारेज गर्ने कुरा उठिसकेको थियो। एमालेका एक जना सांसदको कुरा राष्ट्रिय सभामा पुगिसकेको थियो। त्यतिखेर नेपाली कांग्रेसकै साथीहरूले खारेज गर्नु हुँदैन भन्ने तर्क पेश गर्नुभयो। तर आज जतिखेर उहाँहरूलाई आवश्यक पऱ्यो, त्यतिखेर खारेज गर्ने? अनि फेरि तिनैमध्येका एक सांसदलाई आफूले भगाइसकेपछि खारेजीको कुरा सकियो। यो विकृति हो कि होइन? विसंगति हो कि होइन? खुद् प्रहरी र प्रशासनको सहयोगमा सांसद्लाई भगाउने काम भएको छ। तर उहाँहरू भन्नुहुन्छ- "हामीले कसैको अपहरण गरेका छैनौं।" अपहरण गरेको कुरा त नारायणमान विजुक्छे स्वयंले नै पुष्टि गरिसक्नु भएको छ। पहिले रोकायाजीले आफ्नो पार्टी अध्यक्षलाई- "मलाई जबरजस्ती प्रहरी भ्यानमा कोचेर लगिदैछ" फोनद्वारा सूचित गर्नुभयो। तर पछि गएर उहाँले नै भने- "म आफ्नो स्वेच्छाले नै अपहृत भएको हुँ।" आखिर स्वेच्छाले भए पनि जबरजस्ती भए पनि अपहृत त गरिएकै हो। यस्तो स्थिति किन आयो, बेलैमा खोजी गर्नुपर्छ।

सरकार छ, टिकाउन अपराधीकरण गर्ने। सरकार छैन, बनाउन अपराधीकरणको साथ लिने। राजनीतिमा अपराधीकरणको यो अर्को नमूना हो। अहिले नै अविश्दास प्रस्तावको क्रममा पनि यो कुरा देखियो। यो प्रवृत्ति भोलि फेरि सरकारको विरोधमा आलोचनाको स्वर गम्भीर हुन थालेपछि वा सरकार विरोधी जनमत तयार हुन थालेपछि देखापर्छ। आखिर यो त प्रवृत्ति न हो। यसको कुनै सीमा हुँदैन। आज अविश्वास प्रस्तावका क्रममा देखापऱ्यो, भोलि चुनावका क्रममा देखापर्छ, पर्सी शान्ति-सुव्यवस्था कायम गर्ने नाममा, राजनीतिक स्थायित्व दिने नाममा यो क्रमको पुनरावृति हुन्छ। एउटा समय थियो- कुनै अन्यायको विरोध गर्ने पत्रकारलाई ज्यान मार्ने धम्की दिइन्थ्यो। अहिले पनि त्यही स्थिति ठाउँ-ठाउँमा देखा परिरहेको छ।

राष्ट्रिय सम्पत्तिको दुरूपयोग गरेर बिना प्रक्रिया उपचारको बहानामा एकै चोटि पाँच-पाँच जना सांसदहरूलाई विदेश लगिन्छ। आखिर यो किन? भोटै खसाल्नबाट रोक्नु थियो भने देशभित्रै राख्न सकिँदैनथ्यो र? कमसे कम त्यसबाट देशको इज्जत र प्रतिष्ठामा आघात त पर्दैनथ्यो। आज नेपालीहरूको इज्जत रहेन। एउटा मन्त्रीलाई आफ्नो पक्षमा राख्न वा पार्न देशभित्र उसले कहीं ठाउँ पाएन र विदेश लग्यो। यसले नेपालीको इज्जत र प्रतिष्ठामा कस्तो असर पार्छ? कमसे कम सोच्नु पर्थ्यो। तर सोच्नुपर्ने आवश्यकता महसूस गरिएन। त्यसैगरी झुठा मुद्दाको त्रास देखाएर सांसदलाई आफ्नो पक्षमा पारिएको छ, पद र ओहदाको प्रलोभन देखाइएको छ। स्वयं गृहमन्त्री, गृहसचिव, प्रहरी अधिकृतको रोहवरमा यी सबै कामहरू भएका छन्। विदेशी मुद्राको व्यापक दुरूपयोग गरिएको छ। यी सबै कुरालाई हामी केही पनि होइन भन्न सक्दैनौं, मलाई त्यस्तो लाग्दैन। नेपाली कांग्रेसकै सभापति गिरिजाप्रसाद कोइरालाले एक कार्यक्रममा मलाई भन्नुभएको थियो- "माधव जी यो त अति भयो।" उहाँले यस कुरालाई साँरै अनैतिक र निन्दनीय भनी आलोचना पनि गर्नु भयो। र, यसले नेपालीको शिर झुकाइदिएको, इज्जत र प्रतिष्ठामाथि ठूलो चोट पुऱ्याएको अनभव वहाँले गर्नुभएको छ। यदि त्यस्तै नै सभापतिको पनि धारणा हो भने त्यो पार्टीको पनि धारणा भएर आउनुपऱ्यो। खुलेआम रूपमा पार्टीको धारणा यो हो भनेर भन्न सक्नुपऱ्यो।

"क"ले गरोस् वा "ख"ले, यी साँच्चै निन्दनीय र घृणित चालबाजी हुन्- हामी यसमा संलग्न हुनुहुँदैन। हामी खेलको नियम खेल्न सक्छौं तर लक्ष्मणरेखा कसैले पनि नाघ्नु हुँदैन भन्ने कुरामा हामी सहमत हुनुपर्छ। संसदीय व्यवस्थामा यी सबै कुरा भई नै रहन्छन्, साम, दाम, दण्ड, भेद राजनीतिका अपरिहार्य वस्तु हुन् भन्ने खालको विचार-चिन्तन र विद्याको नाममा अविद्या पनि प्रयोग गर्नुपर्छ भन्ने कुरातर्फ हामी जान खोज्यौं भने हामी कहाँसम्म पुग्ने त्यसको कुनै सीमा हुँदैन। प्रतिस्पर्धा हुनुपऱ्यो, तर स्वस्थ प्रतिस्पर्धा। नीति, विचार, स्थान र कामको प्रतिस्पर्धा हुनुपऱ्यो, अपराधीकरणको होइन। मुलुकमा स्वाभाविक रूपमा आस्था, विचार, सिद्धान्त, नीति, मूल्य र मान्यताको राजनीति हुनुपऱ्यो। आस्था, मूल्य र मान्यताको राजनीतिलाई हुर्काउन सकेनौं भने, त्यस मामिलामा विचारको द्वन्द्वलाई हामीले केन्द्रित गर्न सकेनौं भने र गलत प्रवृत्तिको प्रतिद्वन्दितालाई हामीले हेरिरहयौं भने स्वाभाविक रूपले हामी थुप्रै-थुप्रै विकृति र विसंगतिहरूलाई जन्माउँछौं। विकृति र विसंगति जन्माउने अरू कोही होइन- राजनीतिक पार्टी र तिनका नेताहरू नै हुन्। त्यसकारण पनि राजनीतिक पार्टी र तिनका नेताहरू वर्तमानको विसंगति र विकृतिप्रति गम्भीर हुनैपर्छ। यसको निकास खोज्नुपर्छ र, यही व्यवस्थाभित्रैबाट खोज्नुपर्छ। शाहजीले भने जस्तो दरबार वा राजाकहाँ गएर होइन। त्यो त अर्कै व्यवस्थामा फड्को मार्ने कुरा भयो। हामी त बहुदलीय संस्कारमा जन्मेको, हुर्केको मान्छे- त्यस्तो किसिमको कुरा अब कसैले पनि नसोचे हुन्छ। राजसंस्थालाई राजनीतिक विवाद वा जटिलतामा संलग्न गराउनु हुँदैन। आज एउटा राजनीतिक पार्टीप्रति वितृष्ण पैदा भयो भन्नुहोला, भोलि राजाप्रति नै वितृष्णा जगाउने काम तपाईंबाट नै हुन्छ। अहिलेको अवस्थामा यस्ता कुरा उठाउनै हुँदैन। बरू त्यसका निम्ति सिधै जिम्मेवार भएर कसरी

समस्याको हल गर्न सकिन्छ भन्नेतर्फ सोच्नु पर्छ। बुद्धिजीवी-विद्वान् साथीहरूले आपसमा छलफल गरी राजनीतिक पार्टीहरूले कसरी अपराध गरेका छन् वा अपराध गर्न सघाउ पुऱ्याएका छन्? खोजी गर्नुपर्छ र तिनलाई कसरी सजाय दिने भन्नेबारेमा सोच्नुपर्छ। यो मुलुकको सबै समस्या समधान गर्ने कसैसंग जादुको छडी त छैन। स्वयं राजा वा श्री ५ को स्थान विवादभन्दा माथि सम्मानित रहनुपर्छ। राजालाई राजनीतिमा सक्रिय बनाउनु पर्छ भन्ने जुन मान्यता बाहिर आएको छ-यसको कुनै तुक छैन।

हाम्रो मुलुकमा यतिधेरै विद्वान, बुद्धिजीवी व्यक्तित्वहरू हुनुहुन्छ- के वहाँहरूमा कुनै आँट छैन? मुलुकको समस्या समाधानका निम्ति म पनि निर्णायक भूमिका निर्वाह गर्न सक्छु भन्ने आत्मविश्वास छैन्? होइन आत्मविश्वास छ भने तपाईहरू समस्या देखिरहनु भएको छ, यसको समाधानको निम्ति पहल त गर्नुहोस्। अब थान्को लागेर बसिरहेको संस्थालाई हर्दम उचाल्ने, नारा जुलुस गर्ने र मंचमा कुर्लिने- "सरकार शक्ति लिई बक्सियोस्" आखिर यसको अर्थ के? के गर्नु शक्ति लिएर, समस्याको हल त हुँदैन। ठिक छ- हाम्रो मुलुकको सन्दर्भमा राजाले चासो राख्दै राख्नु हुँदैन, जानकारी लिनै हुँदैन भन्ने त होइन ? प्रधानमन्त्री, राजनीतिक दलका नेताहरू, बुद्धिजीवी, विद्वान, व्यक्तित्वहरूसंग छलफल र विचार विमर्श भइरहेकै छ। तर संवैधानिक राजतन्त्रको सीमा रेखालाई नै नाघ्ने ढंगबाट त कुनै कुरा उठाउनु भएन र त्यो समस्याको समाधान पनि होइन। म त प्रष्ट भन्छु- त्यसले समस्याको समाधान हुनै सक्तैन। त्यसबाट त जटिलताको भुग्रोमा होमिने काम हुन्छ, भुमरीमा फसिन्छ। तसर्थ : यसरी फसाउने ढंगबाट मुलुकलाई फेरि राष्ट्रिय संकटमा धकेल्ने प्रयास नगर्न म विनम्र अनुरोध गर्दछु।

अहिले कांग्रेस-कम्युनिष्टको झगडा छ भने भोलि त्यो स्थिति आउने वित्तिकै यी दुवै एक हुन्छन्। विचार, आस्था र स्वतन्त्रतालाई बन्धकी राखेर अर्थात् संसदीय व्यवस्थालाई नै समाप्त पारेर यदि तपाईं यसको निकास खोज्नुहुन्छ भने त्यो असम्भव छ। विकृति र विसंगतिलाई रोक्ने हो भने प्रत्येकको अधिकार र कर्तव्यको बीचमा उचित सन्तुलन कायम गर्ने कुरामा ध्यान दिनुपर्‍यो। त्यसको निम्ति के गर्न सकिन्छ उपाय खोजौं। विचार मन्थन गरौं। म त इन्सेक लगायत यस्ता धेरै संस्थाहरूलाई के अपील गर्न चाहन्छु भने तपाईहरू यस्ता समसामयिक विषयहरूमाथिको विचार-मन्थनको प्रक्रियालाई अझै अघि बढाएर लैजानुस्। ०४७ सालदेखि छ वर्ष बित्यो, यसो हेर्दा यो सानो अवधि पनि हाम्रो निम्ति पीडादायक रहेको छ। अरू देश विकासमा लम्किरहेका छन्, अगाडि बढिरहेका छन्। तर हाम्रो हालत के छ? हुँदाहुँदा सबै ठाउँमा विकृति र विसंगतिहरू बढिरहेका छन्, हामी तिनलाई रोक्न सकिरहेका छैनौं। के चिजले रोकिरहेको छ- हाम्रो अग्रगति र प्रगतिलाई? कहीं कतै हामीमा व्यक्तिवाद र स्वार्थी मनोवृत्ति हावी भएको त छैन? त्यो प्रवृत्तिलाई रोक्नका लागि हामीसंग के उपाय छ? राजनीतिक पार्टी भनेको देशभरिका असंगठित जनतालाई संगठित गर्ने, सचेत पार्ने, परिचालित गर्ने एउटा शक्ति हो, तपाईंले त्यस कुरालाई इन्कार गरेर कस्तो किसिमको संस्थालाई यहाँ भित्र्याउन खोज्नुभएको हो?

विभिन्न सामाजिक संघ-संस्थाहरू, नागरिक समाज र अन्य संघ संगठनहरू सक्रिय हुनुपर्छ, अगाडि आउनुपर्छ, तबमात्र मुलुकको प्रजातन्त्र संबृद्ध र बलियो हुन्छ। हामी भनिरहेका छौं, स्वाभाविक रूपमा जनतालाई सचेत र जागरूक गराउनु पर्दछ। यो कामका निम्ति सबैको आवश्यकता, पहल र सक्रियताको जरूरी छ। तानाशाही त कहिलेकाहीं सानो पार्टीले पनि चलाउन सक्छ। आज सानो रूपमा देखिएको

सहभागीका प्रश्नहरु, माधव नेपालको उत्तर

० संसदको सम्पूर्ण सदस्य संख्याको परिभाषा २ सय ५ को १ सय ३ भनिए जस्तै तीन ठाउँ राजिनामा र दुई ठाउ मृत्युपश्चात् खाली भएको संख्यालाई गणना गरेपछि उचित संख्या कति हो ? र, सम्पूर्ण सदस्य संख्या भन्नाले संसदभित्र रहेको लक्षित संख्या नै सम्पूर्ण संख्या हो कि होइन ?

० मुलुकको राजनीतिमा धेरै ठूल-ठूला अपराधहरु भएका छन् । शाहजीले यसको समाधानको निम्ति राजा न राजनीतिमा सक्रिय हुनुपर्छ भन्नुभएको छ । माधवजील त्यसको जवाफ पनि दिइसक्नुभएको छ। अब माधवजीलाई मेरो प्रश्न छ- जब आम नागरिकको जीवनको सुरक्षा हुँदैन, उन्नत जीवनतर्फ ध्यान दिइँदैन र उनीहरुको इज्जत र प्रतिष्ठामाथि खेलवाड गरिन्छ भने जनताले त्यसको निकास खोज्न पाउने कि नपाउने ? र अर्के कुरा, राजाबाट विदा स्वीकृत गराउनुपर्ने मन्त्रीहरुले राजालाई सोढ्दै नसोधी बाहिर जानुले राजाद्वारा बोलाइएको त्यो संसदले प्रश्न गर्न पाउने कि नपाउने ? र, संसदमा दरबारको पत्र आयो भनेर सभामुखल घोषणा गरिसकेपछि दरबारले तुरुन्तै स्पष्टीकरण दियो "राजाले जुन कामको निम्ति संसदलाई बोलाइबक्सेको थियो, त्यो काम नै नसिद्धिदै कसरी पत्र काट्न सक्छ ?" के अब त्यस्तो ढाँट कुरा गरेबापत् सभामुखलाई कारवाही हुन्छ कि हुँदैन ?

० सभामुख रामचन्द्र पौड्याल प्रतिनिधित्वका हिसावले मेरो पनि प्रतिनिधि हुनुहुन्छ। उहाँले सभामुख भइसकेपछि संसदीय परिपाटी अरुको न्याउने तर आफू भने अहिलेसम्म पार्टीको केन्द्रीय कमिटीबाट नहट्ने, यो के हो? यो त पार्टीको सचेतक झैं भएन र ? राजालाई देखाएर आफ बच्न खोज्ने उहाँको हृतिहारा प्रवृत्ति पनि अहिले देखियो । आक्तनो कुरा भन्न नसकेर यहाँ राजालाई मुछ्ने काम गरियो, राजालाई पनि राजनीतिमा ताल्ने प्रयास भयो, के या शाहजीको राजालाई नै राजनीतिमा सक्रिय बनाउनुपर्छ भन्न भनाइलाई घुमाइफिराई भन्न खोजिएको होइन र ? यस्ता कुराको हामी घोर विरोध गर्दछौं । तसर्थः हाम्रो निष्कर्ष छ- नेपाली राजनीतिमा अपराधीकरणको शुरुवात कांग्रेसबाट भएको हो । त्यसपछि मात्रै यसका अघिपछि अरु देखिएका होइनन् र ?

० मुद्दा फिर्ता लिने अभियान नेकपा (एमाले) को सरकारबाट मोहन गोपाल खेतानलगायतका व्यापारीहरुका मुद्दा फिर्ता लिएपछि शुरु भएको हैन र?

- एउटा कुरा के जगजाहेर छ भने, दुई सयको १ सय १ मत भनेको बहुमत हो। यो बहुमत सरकारका विरुद्ध देखिएकोले वर्तमान सरकार नेपाल अधिराज्यको संविधानको कुनै पनि प्रावधानभित्र अट्न सक्दैन। तसर्थः यो सरकारले तुरुन्त राजिनामा दिनुपर्ने हो। तर लाज पचाएर यो सरकार सत्तामा टाँसिरहेको छ, विश्वासको मत लिने कुनै छाँटकाँट देखाएको छैन।

नेकपा (एमाले) को नीति भनेको कुनै पनि राजनीतिक पार्टीसंग सहकार्य गर्नुहुँदैन भन्ने छैन। जनताको विश्वास जितेर आइसकेका पार्टीहरूसंग संसदमा पनि संगसंगै काम गर्न सकिन्छ। विभिन्न विषयमा एकता हुन सक्छ। राजनीतिक अस्थिरता समाप्त गर्नका लागि सहकार्य हुन सक्छ। देशव्यापी रूपमा कांग्रेस र एमालेबीचमा मूल प्रतिद्वन्द्विता रहेको छ। यति हुँदाहुँदै पनि खास विषय र सवालमा कांग्रेससंग पनि एकता हुन सक्छ भन्ने हाम्रो मान्यता रहिआएको छ। यदि मुलुकमा देखापरेका विकृति र विसंगतिलाई समाधान गरेर अगाडि बढ्न सकिन्छ भने, यो एकता जोसँग पनि सम्भव छ। तर हामी कसैसंग पनि एकता गर्दा राष्ट्रियतालाई सम्बर्द्धन गर्ने कुरामा, प्रजातन्त्रलाई सुदृढीकरण गर्ने सवालमा, सामाजिक न्याय स्थापना गर्ने सवालमा, प्रतिकूल असर पर्ने गरी सहमती कायम गर्न सक्दैनौं। दोस्रो भनेको नैतिक मूल्यको राजनीतिलाई, प्रजातान्त्रिक मूल्य र मान्यताको कुरालाई त्यागेर कसैसंग पनि सहमति कायम गर्न सक्दैनौं। यी दुईटा कुरालाई ध्यानमा राख्दै परिस्थिति अनुरूप हामी कसैसंग पनि मुलुक र जनताको हितका खातिर वा प्रगतिका खातिर मिलेर जान सक्छौं।

सभामुखको बारेमा हाम्रो स्पष्ट धारणा छ कि, कांग्रेसले बहुत गलत परम्पराको शुरूवात गरेको छ र गर्दैछ। रामचन्द्र पौडेलजी सभामुख पदमा आसिन भइसकेपछि कांग्रेसको सक्रिय राजनीतिबाट अलग हुनुपर्थ्यो, केन्द्रीय सदस्यबाट हट्नु पर्थ्यो। तर त्यसो हुन सकेन। हामी त अहिले पनि भनिरहेका छौं- उहाँ कांग्रेसको सक्रिय राजनीतिबाट अलग हुनैपर्छ। सबै ठाउँमा पद ओगट्ने र सभामुखको मर्यादामा आँच आउने किसिमले जुन कामहरू भएका छन्, त्यसबाट एउटा गलत परम्परा बसाल्न खोजिएको हामीले अनुभव गरेका छौं। यसलाई रोक्नुपर्ने आवश्यकता छ। यहा जे कुरालाई पनि राजनीतिमा अपराधीकरण भयो भनेर भनिँदैछ। विकृतिलाई पनि अपराधीकरण र विसंगतिलाई पनि अपराधीकरण त भन्नुभएन नि? अपराधीकरण भनेको अपराधसंग सम्बन्धित कुराहरू, हिंसा वा मर्नो अपराधीको संसारसंग जोडिएका कुराहरू, अपराधी दुनियाँ र अपराधी क्रियाकलापलाई अवलम्बन गरेर भनिएका वा गरिएका कुराहरू मात्र अपराधीकरणका कुराहरू हुन्। मुद्दा फिर्ता गर्नु अपराध हो कि होइन भनेर प्रश्न उठाइएको छ। मुद्दा फिर्ता गर्नु पनि अपराधीकरण हुन सक्छ। तर त्यो मुद्दा कि त अपराधिक मान्छेहरूलाई प्रोत्साहन दिने सन्दर्भमा फिर्ता गरिएको हुनुपर्छ, कि अपराध गराउने र त्यसको बचाउ गर्ने सन्दर्भमा फिर्ता गरिएको हुनुपर्छ। मोहन गोपालको मुद्दा एमालेले फिर्ता गऱ्यो भन्ने कुरा सरासर गलत हो। मुद्दा फिर्ता गर्ने प्रक्रिया पहिलेदेखि नै शुरू भएको थियो। पंचायती शासनकालमा अनेकौं राजनीतिक कार्यकर्ताहरूलाई विभिन्न किसिमका झुठा मुद्दाहरूमा फसाइएको थियो। डाँका, ज्यान मार्ने जस्ता अपराधिक मुद्दाहरू पनि लगाइएको थियो। त्यसलाई हटाउनका लागि नेकपा (एमाले) को पालामा प्रक्रियालाई आरम्भ गरियो। त्यसो हुनाले अन्तरिम सरकारको पालामा वा त्यसपछि पनि पुराना मुद्दाहरूलाई खारेज गर्ने कुराहरू अगाडि बढी नै रहे। जस्तो कि धनुषाका सांसद रामलखन महतोलाई राजनीतिक अभियोगमा फसाइएको थियो। त्यस्तो मुद्दालाई खारेज गर्ने कि नगर्ने? अहिले पनि विभिन्न राजनीतिक व्यक्तिहरूलाई झुठा मुद्दामा फसाउने काम भइरहेको छ। यसप्रति नेकपा (एमाले) को कडा आपत्ति रहेको छ। मुद्दा राजनीतिक वा अपराधिक के हो? छानबिन गरेर कारवाही गर्नुपर्छ। तर हामीद्वारा अपराधिक खालका मुद्दा खारेज गर्ने वा साँचो अर्थमा दोषी व्यक्तिलाई, अराजनैतिक व्यक्तिलाई राजनीतिक छत्रछाँया दिने काम भइरहेको छैन। यदि त्यस्ता घटनाहरू घटेका छन् भने त्यस्ता व्यक्तिलाई छोड्नु हुँदैन। अर्को कुरा यहाँ राष्ट्रिय सरकारको बारेमा पनि कुरा उठाइएको छ। यो राजनीतिमा अपराधीकरणभन्दा बेग्लै किसिमको प्रश्न हो। अर्थात् राजनीतिक प्रश्न हो। राष्ट्रिय सरकार भन्नोस्, राष्ट्रिय सहमतिको सरकार भन्नुहोस् वा जे

भने पनि हामीले भन्न खोजेको कुरा के हो भने मुलुकले सामना गर्नु परेका समस्यालाई समाधान गर्नका निम्ति मुलुकमा एउटा सहमतिको सरकार बनाउनु पर्छ। किनकि अहिले संसदको जस्तो संरचना छ, यसले के देखाउँछ भने- कांग्रेसले राप्रपासंग मिलेर जाँदा पनि स्थिर सरकार बनिरहेको छैन र एमालेले बनाउँछ भन्ने पनि निश्चितता छैन। त्यसकारण यो अवस्थाबाट पार पाउनका लागि राजनीति वा संसद सदस्यलाई व्यवसायको रूपमा लिने जुन प्रवृत्ति छ, यसको नियन्त्रण गर्नु पर्छ। आखिर यसको निकास के त? मध्यावधिमा जानु पर्छ भने पनि सबै तयार हुनुपर्छ। हामी त तयार छौं। होइन, त्यसको अरू कुनै निकास छ भने पनि हामी सोच्न तयार हुनुपर्छ। चुनावकै निम्ति पनि छ महिनाको लागि एउटा सरकार बनाउन सकिन्छ। यसरी सरकार बनाउन संविधानले कहींकतै रोक लगाएको छैन। हाम्रो मान्यता के छ भने, भिन्न विचार वा राजनीतिलाई पनि फल्न-फुल्न दिनुपर्छ। स्वस्थ प्रतिस्पर्धा हुनुपर्छ हामी यही कुरामा विश्वास राख्छौं। प्रतिस्पर्धा गर्ने क्रममा अप्राकृति व्यवधान खडा गर्नु हुँदैन। अब कोही स्वस्थ प्रतिस्पर्धाबाट पनि अगाडि आउन सक्दैन भने त कसको के लाग्छ र? प्रतिस्पर्धाको राजनीतिमा- विचारको आधारमा, कामको आधारमा, जनताको मनको विश्वास जित्न सक्छ भने त्यसलाई प्रोत्साहन नै दिनुपर्छ, समाप्त गर्ने खालका काम गर्नु हुँदैन। किनभने राजनीति भनेको कुनै खास पार्टीको पेवा होइन। राजनीतिक पार्टीको विकास-प्रवर्द्धनको निम्ति अनुकूलता त खोज्नैपर्छ। तर अनावश्यक प्रवृत्ति र विकृतिलाई रोक्नका लागि च्याउ उम्रेझैं पार्टी उमार्ने र फेसनको रूपमा लैजाने स्थितिलाई भने अन्त्य गर्नैपर्छ।

महाकालीको सम्बन्धमा पनि यहाँ प्रश्न उठेको छ। महाकालीका सम्बन्धमा हाम्रो स्पष्ट धारणा छ- महाकाली सन्धिले राष्ट्रिय हितको रक्षा गरेको छ। यसले नेपाल र भारतको बीचमा समानता र समान हकको स्थापना गरेको छ।

कुनै पनि निकायले सीमा नाघ्छ भने त्यसको विरोध गर्ने जनताको प्रजातान्त्रिक हक संविधानतः नै सुरक्षित छ। त्यसो हुनाले सर्वोच्च अदालतद्वारा जुन राजनीतिक फैसला गरियो, त्यसको विरोध गर्ने हक पनि संविधानतः सुरक्षित नै थियो, त्यसैकारण विरोध गरिएको हो। त्यो निर्णय गलत थियो भन्ने कुरा त अहिले व्यवहारले पनि पुष्टि गरेको छ। हामीले पन्ध्र महिना पहिला भनेका थियौं- अब यो मुलुकमा स्थिरता कायम हुने एउटै उपाय छ- त्यो हो मध्यावधि। तर अदालतद्वारा बलजफ्ती कुर्सीमा राख्ने कोसिस गरियो। आज त्यसैको पीडा र छट्पटी यो मुलुकले खप्नु परिरहेको छ। मुलुक विकासतिर होइन अधोगतितिर गइरहेको छ। तसर्थः सर्वोच्चको त्यो निर्णय गलत र पक्षपातपूर्ण थियो भन्ने कुरा त आज आएर पनि पुनः प्रमाणित भएको छ।

दासढुंगाको बारेमा हाम्रो स्पष्ट धारणा छ। गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदाखेरी हामीले "अनिल आयोगले दिएको प्रतिवेदन चित्तबुझ्दो छैन। त्यसको बदला सर्वोच्च अदालतद्वारा एउटा न्यायिक छानबिन आयोगको गठन गरियोस्।" भन्ने मात्र माग राखेका थियौं। तर त्यो कुरा सरकारले सुनेन र हामी देशव्यापी आन्दोलनमा उत्रनु पऱ्यो। स्मृतिपत्र, अनुरोध, डेलिगेशन केही गर्दा पनि कुरा नसुनेपछि बाध्य भएर हामी सडकमा उत्रेका हौं। तर तत्कालीन कांग्रेसको सरकारले देशका थुप्रै निहत्था जनतालाई मार्‍यो। हामीले त केवल न्यायिक आयोगको माग र अनिल आयोगको खारेजी मात्र चाहेका थियौं। हामी अहिले पनि भनिरहेका छौं कि छानबिनको क्रम अगाडि बढ्नुपर्छ, यसको निम्ति हामी स्वाभाविक रूपले पर्खिन तयार छौं। तर हामीलाई लाग्छ, रहस्यबाट एक दिन पर्दा अवश्य हट्ने छ।

धमिजा प्रकरणको बारेमा पनि प्रश्न उठाइएको छ र त्यहाँ एमालेलाई मुछ्न खोजिएको छ। त्यो कुरा त राजनीतिक बेइमानी हो र सरासर गलत हो। हामीले यसको छानबिनको लागि आयोग गठन गरेका थियौं। त्यो आयोगले छानबिन गरेर स्पष्ट रूपमा- "यस घटनामा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालगायतका व्यक्तिहरूले अख्तियारको दुरूपयोग गर्नु भएको छ। र, यसमा उहाँहरूको गलत नियत देखिएको छ।" किटान गरेको छ। यो कुरा फेरि पनि उठ्न सक्छ। यो कसैले लुकाएर लुक्ने कुरै होइन।

इतिहासमा घटेका घटनाहरू त्यत्तिकै हराएर वा बिलाएर जाँदैनन्। त्यसो हुनाले इतिहासमा अपराध गर्ने व्यक्तिले दण्डित हुनैपर्छ। चाहे मानव अधिकारको हनन् होस्, चाहे भ्रष्टाचार। यहाँ एउटा प्रश्नमा राजनीतिक पीडितका नाममा एमालेको सरकारले कार्यकर्ता पोस्ने काम गऱ्यो भन्ने आरोप लगाइएको छ, मलाई लाग्छ त्यसमा कुनै सत्यता छैन। एमालेका मान्छेहरू बहुत लामो समयदेखि क्रान्तिमा लागेका छन्। तसर्थः राजनीतिक पीडितलाई सहयोग दिने व्यवस्था हुँदा एमालेका मान्छे पर्नु कुनै अनौठो र आश्चर्यलाग्दो कुरा होइन। यदि एमालेलाई दिनु नै हुँदैन वा राजनीतिक पीडितलाई यो सहयोग दिनै हुँदैन भने हो भने यो व्यवस्था नै खारेज गर्नुपर्छ। व्यक्ति जुनसुकै पार्टीको भए पनि यदि राजनीतिक पीडित छ भने उसले सहायता त पाउने पर्छ। यदि यसमा कसैले ढाँटेर लिएको छ भने त्यसलाई कारवाही वा दण्डित गर्नुपर्छ। रकमको हिनामिना भएको छ भने त्यसको छानबिन हुनुपर्छ। नेकपा (एमाले) यसमा तयार छ।

० वागमती अंचलको बा.अ.च. ८४ नम्बरको रेडियो नेपालको गाडीमा पुस ९ गते दिउँसो १ बजेर ३० मिनेट जाँदा २ जना चालक प्रहरीको पोशाकमा ..... प्रधानमन्त्रीको निवासमा पुऱ्याइयो। मूलतः नेपाल प्रहरीले मंसीर २८ गते विष्फोटक पदार्थ आर.डि.एस.का बारेमा अभियुक्त ठहऱ्याई गिरफ्तार गरिसकेको थियो। सांसद मिर्जादिलसाद बेगका सामु आर.डि.एस. मिर्जाले दिएको हो भनी जाली बयान दिन लगाइयो। र, स्वयं प्रधानमन्त्रीले अविश्वास प्रस्तावको पक्षमा मतदान गर्ने भए तुरून्तै जेल हाल्ने धम्की दिनुभयो। यसको सत्य तथ्य के हो? गएको मंसीर १६ गते नेपाल प्रहरीले समातेको व्यक्ति आज वेपत्ता छ भन्ने जानकारी पनि बाहिर आएको छ, यस बारेमा एमालेको धारणा के छ?

- हामीलाई पनि आशंका छ। किनभने मिर्जादिलसाद बेगले स्वयं यो कुराको रहस्य उद्घाटन गर्न सक्नुहुन्छ। जीवित प्रमाण भनेको उहाँ नै हो। तर हामीलाई के लागिरहेको छ भने त्यतिखेर उहाँलाई ब्लाक मेलिङ गरिएको थियो र फसाइएको थियो। त्यो कुरा त आज पुष्टि भइसकेको छ। यस्तो अवस्थामा प्रधानमन्त्रीलाई के भन्ने ? उहाँ आफैंले आफ्नो इज्जत र प्रतिष्ठा जोगाउन सक्नुभएन। आज इण्डियाको सुप्रिम कोर्टमा नरसिंह रावले सरकार टिकाउन सांसद किनबेच गरेको मुद्दा चलिरहेको छ। भोलि यहाँ पनि त्यो हुन सक्छ। ५ वर्ष वा १० वर्षपछि नै किन नहोस् अपराधी वा दोषीहरूले त छुटकारा पाउने छैनन्। हामीकहाँ पनि यसको पूर्व तयारी हुनुपर्छ, दोषी व्यक्तिले राष्ट्रको सामू माफी माग्नु पर्छ। यदि शेरबहादुर देउवाले पनि मैले एक पटकलाई गल्ती गरें, माफी दिनु पऱ्यो भनेर जनता सामु जानुभयो भने एकपटकलाई माफ पाउनु होला। तर झुक्याएर यो स्थिति ल्याउनु हुँदैन। अरूलाई झुक्याएपछि भोलि आफैं पनि झुक्किने अवस्था आउन सक्छ।

होला, भोलि व्यापक हुनासाथ मुलुकमै हावी हुन पुग्छ। तसर्थः तानाशाही कसैको पनि हुनुहुँदैन। अनुशासनलाई मान्ने हो भने पार्टीभित्र पनि स्वच्छ, पारदर्शी र प्रजातान्त्रिक जीवनको आवश्यकता पर्दछ। जुन पार्टीभित्र नै विकृतिहरू मौलाइरहेका छन्, अपारदर्शीपना छ, अस्वस्थ प्रवृत्ति हावी भएको छ त्यस्तो पार्टीले समाजलाई सकारात्मक दिशातर्फ रूपान्तरण गर्न सक्तैन। कुन पार्टी ठूलो र सानो भन्ने कुरा उसको नीति, सिद्धान्त, काम-कारवाही, क्रियाकलाप र कार्यशैली आदिमा भर पर्नुपर्छ।

कुनै खास परिस्थितिमा कुनै उल्लेख्य काम गरियो भने केही समय त्यसैलाई भजाएर पनि जनतालाई आफ्नो पक्षमा पार्न सकिन्छ। यस्तो एउटा पक्ष पनि हामीकहाँ छ। अर्कोतिर, जनताको भावना, चाहना र मुलुकको आवश्यकता के छ त्यसै अनुरूप अघि बढिरहेका पार्टीहरू पनि छन्। हामी त भनिरहेका छौं र व्यवहारमा पनि उत्रेर देखाइरहेका छौं- विचार, कार्यशैली, आचरण र व्यवहारका आधारमा जनतालाई आकर्षित गर्न सकिन्छ।

यो तीन प्रतिशत, पाँच प्रतिशत या कति ठीक त्यो त सोच्ने पर्छ। तर कसरी त्यसलाई व्यवहारिक गराउने यो कुरा पनि सोच्नुपर्छ। त्यो बेग्लै कुरा हो। तर च्याउ उम्रिए जस्तै पार्टीहरू नउम्रिउन र मुलुकको राजनीति प्रदुषित नगरून् भन्नका निम्ति पनि अनुकूलता त चाहिन्छ। विकास गर्न चाहने पार्टीहरूलाई त्यो अवसर पनि दिनुपर्छ। तर कुन पार्टी सक्षम, योग्य र ठीक छ भन्ने कुराको निर्णय गर्ने अधिकार त जनतामा सुरक्षित गर्नुपर्छ। यहाँ यस्तो भइरहेको छैन। अहिले नै निर्वाचन हुन गइरहेको रौतहट जिल्लाको कुरा गर्नुहोस्- त्यहाँका कतिपय जनताले आजसम्म मतपत्र समेत देखेका छैनन्। उनीहरू भोट खसाल्न जानै पाउँदैनन्। तर उनीहरूको नाममा भोट खसेकै हुन्छ। त्यहाँका कतिपय गाउँमा शान्तिपूर्ण रूपमा नै बुथ कब्जा हुन्छ। सय-दुई सय आफ्ना कार्यकर्ताहरूलाई पंक्तिमा राखिन्छ र तिनीहरू चक्र घुमे जस्तै लगातार घुमेर मतदान गर्छन्, र त्यसरी त्यहाँ ९०-९२ प्रतिशत मतदान हुन्छ।

राजनीतिक पार्टीहरूले आफ्नो प्रतिस्पर्धीसंग कार्यक्रम नीति, कार्यशैली र आचरणको आधारमा प्रतिस्पर्धा गर्नुपर्छ। जनताको स्वेच्छाको मत अर्थात् अभिमत आधारमा ठूलो वा सानो पार्टी बन्ने गर्दछ। जनताले कुन स्थानमा राख्छन् त्यसैमा बस्न तयार हुनुपर्छ। रहर र सुविधाका निम्ति पार्टी खोल्ने होइन। यदाकदा हामीकहाँ त्यस्तो प्रवृत्ति पनि देखा परेको छ। अनावश्यक रूपमा राजनीतिलाई कमाइखाने भाँडोको रूपमा प्रयोग गर्न दिनुहुन्न। यस्ता विकृति र विसंगतिलाई पनि बेलैमा रोक्नुपर्छ। सधैं-सधैं दुई पार्टीको मात्र तानाशाही भयो, भन्दाखेरी त ठूला पार्टीको मन पनि त दुखेको होला नि? अब त हुँदाहुँदा ठूलो पार्टी हुनै नहुने रहेछ कि क्या हो भन्ने मनोवैज्ञानिक प्रभाव पार्न खोज्नुभएको छ जस्तो लाग्छ। मैले यहाँ कसैलाई इंगित गर्न खोजेको होइन, केवल अरूलाई पार्ने प्रभावको मात्र उल्लेख गर्न खोजेको हुँ।

राजनीतिमा अपराधीकरणका सम्बन्धमा यहाँहरूको विचार, सुझाव र हाम्रा कामहरूप्रति कुनै आलोचना छ भने त्यो हामी सुन्न तयार छौं। एमालेको तर्फबाट कुनै गलत काम-कारवाहीहरू भएका छन् भने हामी सुधार्न र हटाउन तयार छौं। तर हाम्रो मुलुकमा अरू मुलुकहरूका विकृति र विसंगतिहरू भित्र्याउने, हुर्काउने अनि त्यसैबाट थिचिने अवस्थाबाट हामीले छुटकारा पाउनै पर्छ।

यो छ वर्षको अवधिमा हामीकहाँ जहाँजहाँ त्रुटि र कमजोरीहरू भएका छन्- तिनको खोजी गर्नुपर्छ। यो मुलुकमा मूल्य र निष्ठाको राजनीतिलाई अगाडि बढाउनका लागि सबै

क्षेत्रको प्रयास आवश्यक छ। यस्तै अपराधिक प्रवृत्तिलाई हटाउन भारतका टि.एन. शेषनले आफ्नो एउटा किताबमा के कुरा उल्लेख गरेका छन् भने- "मैले भारतको राजनीतिमा जुन विकृति र विसंगतिहरू देखें, त्यो मलाई सैह्य भएन र यो अपराधीकरणको कारण खोज्दै जाँदा प्रक्रियाभित्र नै त्रुटि रहेको पाएँ। तसर्थः यो प्रणालीलाई नै फेर्नुपर्छ भन्ने मान्यता अघि सारें।" उनले त हत्या, बलात्कार र डकैतीको अभियोगमा समेत अपराधीकरणको मुद्दा चलाई मृत्युदण्ड दिनुपर्छ भनेका छन्।

जनताको बीचमा निर्वाचनमा जाने बेलामा होस्, जागरण ल्याउने कुरामा होस् वा अन्य कुरामा होस्- मानिसहरू डर र त्रासबाट मुक्त भएर अगाडि बढ्न सकुन। हामी राजनीतिबाट बेइमान, भ्रष्टाचारी र यस्तो स्वार्थी मनोवृत्तिलाई पूरै हटाएर स्वच्छ राजनीतिलाई अगाडि बढाएर लैजाने स्थितिमा हुन सकौं। त्यसका निम्ति राजनीतिक पार्टीहरूले अडान लिनै पर्छ। नेता र नेतृत्व तहको समस्यालाई समधान गर्न सकियो भने यी समस्याहरूलाई पनि समाधान गर्न सकिन्छ। समस्या समाधान नै गर्न नसकिने स्थितिमा विकास भइसकेको छैन। तर स्थिति वास्तवमा केहीहदसम्म गम्भीर बनेको छ, त्यसमा हाम्रो ध्यान जानै पर्छ।

अहिले अवस्था सहज, सरल र सैह्य छैन, असाध्यै बढी हुन थालेको छ

सुरेन्द्र चौधरी, सांसद, नेपाली कांग्रेस

यसपालि हामीले महसूस गऱ्यौं- राप्रपाका साथीहरू वेद, विद्या र बुद्धिमा निपूण हुनुहुँदो रहेछ। उहाँहरू आज वादी र प्रतिवादी दुवैको वकिल बन्नुभएको। अहिलेको गम्भीरतम परिस्थितिमा नेपाली कांग्रेस र एमालेका साथीहरूले बहुत गम्भीरताका साथ जाँच गर्नुपर्ने भएको छ। अब रह्यो सत्य के हो? भन्ने कुरा अर्थात् सत्यताको दावीका बारेमा- श्रृंखलाबद्ध घटनाक्रमहरू छन्, त्यसका बारेमा प्रत्येक साथीहरूले वर्गीय सत्यताको दावी गर्नु भएको छ। अहिले म यस्तै अनुभव गरिरहेको छु। यो व्यक्तिगत सत्य हुन सक्छ, व्यक्तिगत सत्यताका दावी हुन सक्छन्। तर व्यक्तिगत सत्य र वर्गीय सत्य पूर्ण सत्य होइनन्, आंशिक सत्य हुन्। तसर्थः अन्तिम सत्य कहीं अर्कै छ कि जस्तो मलाई महसूस हुन्छ। यसरी वर्गीय सत्य वा व्यक्तिगत सत्यका आधारमा हामी अन्तिम सत्यको खोजी गर्न सक्तैनौं।

एउटा कथा छ- एक जना व्यक्ति आफ्ना मित्रको परिचय दिंदै थिए- यिनी मेरा अत्यन्त नजिकका साथी हुन्, जुवा तास खेल्दैनन्, जाँड रक्सी सेवन गर्दैनन्, चुरोट खाँदैनन्, सुपारी समेत लिंदैनन्। फिल्म हेर्दैनन्। वास्तवमै सद्गुण सम्पन्न छन्। तर यिनमा एउटा चाहिं खोट छ- त्यो हो अलिकति ढाँट्छन्। मलाई लाग्छ यहाँ सबै गुणलाई एउटै दुर्गणले छोपिदिएको छ। ढाँट्ने संस्कार प्रजातन्त्रको सबैभन्दा ठूलो शत्रु हो। संसदीय व्यवस्थाका बारेमा सबैभन्दा बढी मैले नै बुझेको छु, हामीले नै बुझेका छौं- यस्तो दावी हामी गर्दैनौं। संसदीय व्यवस्थाका बारेमा एमालेका साथीहरूले बुझ्नु भएको छ, अरू साथीहरूले पनि बुझ्नु भएको छ। यहाँ मैलेभन्दा धेरै बुझेका साथीहरू हुनुहुन्छ। तर जनताको माझबाट एउटा आवाज आइरहेको छ। संसदीय व्यवस्थाका बारेमा यथोचित र मनग्ने ज्ञान हुँदाहुँदै पनि नेताहरूबाट विवेकको प्रयोग हुन सकेन। त्यसकारण संसदीय व्यवस्थाका बारेमा ज्ञान हुनु, एउटा कुरा हो, मनग्ने ज्ञान हुन सक्छ। तर विवेकको प्रयोग हुन सकेको छ कि छैन? त्यो महत्वपूर्ण कुरा हो। यस बारेमा बहुतै गम्भीरताका साथ चिन्तन गर्ने बेला आएको छ।

ऐतिहासिक धरातलका आधारमा हेर्ने हो भने इतिहास आफैमा एउटा दस्तावेज हो। तर यो दस्तावेज मात्र हैन, विज्ञान पनि हो। त्यो विज्ञानका आधारमा त्यो मूल्य र मान्यताको आधारमा भन्ने हो भने म अत्यन्त सन्तुष्ट छु- आजको स्थितिप्रति। आज सम्पूर्ण दक्षिण एशियाकै कुरा गर्ने हो भने पनि ती राष्ट्रहरूको तुलनामा प्रजातान्त्रिक अभ्यासमा हामी अगाडि छौं। बेलायतको सात सय वर्षको संसदीय इतिहास, अमेरिकाको झण्डै तीन सय वर्षको इतिहास, भारतको पचास वर्षको इतिहास र हामीकहाँको जम्मा छ वर्षको इतिहास। त्यसकारण पनि हामीले यसमा कुनै दुःखेसो मनाउनु पर्ने कारण छैन। यो छ वर्षको इतिहासमा जुन किसिमबाट सत्ता हस्तान्तरण भएका छन्- कांग्रेसबाट एमालेलाई, एमालेबाट कांग्रेसलाई र संयुक्त सरकारलाई त्यसमा कुनै जटिलता आएन। एउटा बहुतै सुचारू र व्यवस्थित ढंगबाट संविधानका प्रत्येक धाराहरू लोप भएनन्, बरू तिनीहरूको व्याख्या भएको छ। यी सारा कुराहरूलाई हेर्दा म अझै पनि दावीका साथ भन्न सक्छु- प्रजातान्त्रिक अभ्यासमा हामी सकारात्मक मोडबाट अघि बढिरहेका छौं। हामी प्रजातान्त्रिक व्यवस्था संचालन गर्न सक्षम भएका छौं र हामीमा अनुभव बढेर गएको छ।

हिजो अविश्वास प्रस्तावको क्रममा जुन कुरा भयो र जस्तो देखियो, त्यसमा चिन्ता हुनु, चिन्तन हुनु स्वाभाविक कुरा हो। त्यसरी मध्यरातमा एकैपल्ट त्यस्तो हुनु बहुत खतरनाक कुरा हो, गम्भीर कुरा हो। तर अरू राष्ट्रमा पनि बन्दूक चलाइएका छन्, सैनिक बलको प्रयोग गरिएको छ। पार्टी राजनीतिमा यी स्वाभाविक कुरा हुन्। यही कुरामा यति विघ्न विचलित भएर, मोहभंग भएर र कमी महसूस गरेर यहाँका राजनीतिज्ञहरू राजनीतिबाट टाढा जानु पर्ने परिस्थिति म देखिरहेको छैन। अर्को कुरा संविधानमा जुन चापहरू देखापरे ती त जसले जसरी देखे, त्यसरी नै व्याख्या गरे। तर मलाई लाग्छ, हामीले समष्टिमा हेर्नु पर्छ। एउटा हात्तीका बारेमा सोच्नुस्, जसले जसरी हेर्छ, त्यसलाई त्यसरी नै पाउँछ। एउटा पक्षबाट हेरियो भने हात्ती खम्बा, लौरो र नाङ्लो जस्तो मात्र देखिन्छ। तर जब हामी हात्तीलाई सम्पूर्ण पक्षबाट अर्थात् उसको शरीरलाई हेर्दछौं तब हामी बुझ्न सक्छौं- हात्ती त्यस आकारमा छ।

यहाँ आ-आफ्नै ढंगबाट खेलहरू भए, खेलहरू खेलिए। संविधान त एउटा बाटोलाई निर्देशन दिने पुस्तक मात्र हो। सम्पूर्ण मानवीय गतिविधिलाई त्यो दुई-चार सय पेजको संविधानले बहन गर्न त सक्दैन। कमसेकम हामीकहाँ संविधान त छ। संविधान नै नभएको मुलुक पनि चलिरहेको छ। संविधान नै नभएको मुलुकमा पनि सात सय वर्षदेखि बहुत राम्रैसंग प्रजातन्त्र चलेको छ।

आजको विषयवस्तु अन्तर्राष्ट्रिय महत्वको छ। हामी के भन्छौं भने अपराध कुनै

सहभागीका प्रश्नहरु सुरेन्द्र चौधरीको उत्तर

० विशेष कर्मचारीहरुलाई समेत मेडिकल सर्टिफिकेटको आवश्यकता पर्छ । तर विधानबमोजिम व्यवस्था गरिएका विधायकहरुलाई डाक्टरको सिफारिस चाहिंदैन र? कि यो नियम उहाँहरुलाई लाग्दैन ?

० सम्झना दाहाललाई नेपाली कांग्रेसको शासनकालमा गोली हानेर मारियो। स्कूलबाट घर फर्किरहेको अनिल शाक्यलाई पनि त्यही बेला गोलीको शिकार बनाइयो। आखिर त्यो सात वर्षको अबोध बालकको के दोष थियो र? रीता शिल्पकार झ्यालमा बसिरहेकै अवस्थामा गोलीको शिकार भईन् । अहिले माओवादीको नाममा सुतेका बच्चाहरुलाई पनि छोडिएको छैन। खुमबहादुर खड्का जो अहिले गृहमन्त्री हुनुहुन्छ, उहाँ आफैले गोली हानेर धेरै मान्छेहरु मार्नु भएको छ । के यो प्रजातान्त्रिक मुलुकको निम्ति सुहाउने कुरा हो र ?

० जब-जब नेपालमा नेपाली कांग्रेस सत्तामा पुग्छ, त्येतिखेर प्रजातन्त्र बलियो हुन्छ । तर जब कांग्रेस सत्ताबाट बाहिरिन्छ, तब प्रजातन्त्र खतरामा पुग्छ। प्रजातन्त्रको मसिहा भनेका नेपाली कांग्रेस मात्र हो र ? के यो देशमा अरु कुनै प्रजातन्त्रका पक्षपाती पार्टीहरु न छैनन् ?

० गिरिजाप्रसाद कोइरालाको पक्षमा ७४ र विपक्षमा ८६ मत पर्दा उहाँले संसदीय मर्यादा पालमा गरेर नै राजिनामा दिनुभयो। के त्यो कुरा अहिले लागू गर्नु पर्छ कि पर्दैन ?

० अचानक बाटो छोडेर पलायन भएका मन्त्रीहरुको विदा स्वीकृति गर्नुपर्ने आवश्यकता देखिएन। संविधान, नियम, कानून सब कुरालाई धोती लगाइयो। अर्जुन नरसिंह के.सी. दिल्ली जाँदा राजदरबारको विज्ञप्ति आयो, त्यसैगरी ती पाँच जना मन्त्रीको विज्ञप्ति आउनु पर्थ्यो कि पर्दैनथ्यो ?

० अहिलेको सरकारले जुन प्रजातान्त्रिक अभ्यास गरिराखेको छ, यो सिक्नका लागि प्रजातन्त्रको जननी मुलुकबाट एउटा टिम नेपालमा आउँदैछ रे। के यो सत्य हो ?

० जुन संसदीय दलको नेताले अब हाम्रो यो सरकारलाई विश्वास रहेन भनी आफ्नो विश्वास मत फिर्ता लिनुभयो। र, विभिन्न आरोप लगाएर सरकारबाट बाहिरिनुभयो । तर यहाँको सरकार ढलेन । यसरी यो शिशु प्रजातन्त्रलाई बचाइराख्नु भएकोमा म सुरेन्द्र चौधरीलाई हार्दिक बधाई दिन्छु । र, सोध्न चाहन्छु कि अब यो प्रजातन्त्र जोगाउन के-क गर्नुपर्छ ?

० नेपाली कांग्रेसको सरकारको पालामा धेरै मान्छे मारिए, गोली चल्यो। माओवादीको नाममा दमनचक्र चलाइदैछ। आखिर यो के हो ?

पाँच जना मन्त्रीहरूलाई विदेश पठाइएको कुरासंग म सहमत छु वा छैन भन्दा पनि यो प्रश्न ती विदेश जाने मन्त्रीहरूलाई नै सोधियो भने बढी उपयुक्त होला। उहाँहरू उपचारको निम्ति जानु भएको हो वा राजनीतिक खेलका निम्ति जानु भयो, त्यो मसंग सोध्ने विषय नै होइन। उहाँहरू के कारणले जानुभयो, कसरी विरामी पर्नुभयो र सरकारले जाने व्यवस्था कसरी गऱ्यो? त्यो उहाँहरूसंग सोध्ने कुरा हो। किनभने कोही विरामी भयो र विदेश पठाउनुपर्ने अवस्था आयो भने त्यो कुरा नेपाली कांग्रेसको केन्द्रीय कमिटीद्वारा पास गरेर पठाउने कुरा होइन। यहाँहरू पनि सरकारमा बसेको पार्टीका मान्छेहरू हुनुहुन्छ, दैनिक क्रियाकलाप वा दिनानुदिनका निर्णयहरू पार्टीले गर्दैन। म यहाँ नेपाली कांग्रेसको प्रतिनिधित्व गरेर आएको हुँ, सरकारको प्रतिनिधित्व गरेर आएको होइन। सरकारका कमी-कमजोरीहरू छन् भने, तिनको समाधान गर्ने क्रममा वा गलत कुराहरू हटाउने कुरामा म पनि तपाईंहरूको साथ दिन तयार छु।

सभामुखको बारेमा पनि यहाँ कुराहरू आएका छन्। जब संसदभित्र राजनीतिक खेल खेल्न थालिन्छ, तब सभामुखको भूमिका अहं हुन्छ। दुई टीमको बीचमा खेल भइरहेको अवस्थामा हामीले धेरै कुराहरू सोच्नु पर्छ। दुई ठूला पार्टी संसदमा हुँदाहुँदै तेस्रो सानो पार्टीको एउटा गुटलाई देशको नेतृत्व गर्न दिने भन्ने चिन्तन नै अव्यवहारिक छ। या त सरकारको

नेतृत्व दुई ठूला पार्टी मिलेर गर्नुपर्‍यो, होइन भने अर्को कुनै बिकल्पको खोजी गर्नुपर्छ। यो देशका दुई करोड नेपालीको नेतृत्व दई ठूला पार्टी हुँदाहुँदै तेस्रो सानो पार्टी र त्यसमा पनि एउटा गुटलाई देशको नेतृत्व गर्न जा भनेर भन्नु र सोच्नु पनि अराजनीतिक चिन्तन हो। त्यो सानो पार्टीलाई देशको नेतृत्व गर्ने जिम्मेवारी नेपाली जनताले दिएका छैनन्। यस्तो अराजनीतिक चिन्तनको शुरूवात कुन ठाउँबाट भयो। त्यसको पनि खोजी गर्नुपर्छ। मलाई लाग्छ यो पनि अपराधीकरणकै नमूना हो।

सभामुख रामचन्द्र पौड्यालजीको बारेमा मेरो धारणा के छ भने, दुई पार्टीको बीचमा खेल भइरहेको अवस्थामा रेफ्रीले भन्दैछ कि यस्तो फल भयो कि मैले नियन्त्रण गर्न गाह्रो भयो। विनोद शाह उता जाँदा ठिक हुने तर रोकायाजी यता आउँदा बेठिक हुने। यस्तो कुरा त न्यायसंगत छैन। यस्तै आफ्नो सुविधा अनुसारको व्याख्या हुन थालेपछि र हरेक पक्षबाट फल हुन थालेपछि रेफ्रीलाई अप्ठ्यारो हुन्छ। जबरजस्ती बल हान्ने काम भइरहेको छ, रेफ्रीले सिठी लगाइरहेको छ। तर त्यसको कुनै पक्षबाट सुनुवाई भएन। यो विकृति नै हो। यसमा सबैका आ-आफ्ना किसिमका गल्तीहरू भएका छन्।

कुनै पनि पार्टीले सत्ता संचालन गरिरहेको अवस्थामा सरकारको तर्फबाट गोली चलाइनु र गोलीबाट मान्छे मर्नु आफैमा अत्यन्त निन्दनीय र दुःखद घटना हो। त्यसलाई कुनै पनि मानिसले सहन सक्तैन र स्वभाविक रूपमा लिनु पनि हुँदैन। तर अब प्रश्न उठ्छ- मान्छेलाई आन्दोलित गराए, सडकमा उतारेर हिंसामा परिणत गर्ने जुन काम भयो, त्यसैबाट धेरै मान्छेहरूको मृत्यु भयो। तर जसको बारेमा यत्रो आन्दोलन भयो, स्वर्गीय मदन भण्डारी र जीवराज आश्रितका हत्यारालाई किन समाले काम गरिएन त? त्यो बेला सुनिन्थ्यो कांग्रेस हत्यारा हो, गिरिजा हत्यारा हो। तर खै त, कारवाही गरेको? आयोग पनि बन्यो र रिर्पोट पनि आयो। तर खै त त्यस बारेमा आफ्नो सरकारको समयमा कुराहरू बाहिर आएको? मैले संसदमा पनि यो कुरा धेरै पटक उठाएँ, किनकि त्यस बखत म सहायक मन्त्री थिएँ। गिरिजाप्रसाद कोइरालाजीले मलाई वालुवाटार बोलाउनु भयो। म गएँ। गृहमन्त्री र प्रधानमन्त्रीज्यू बस्नु भएको थियो। उहाँहरूले मलाई तुरून्त चितवन जान निर्देशन दिनु भयो र उहाँहरूको पार्थिव शरीर नभेटिएसम्म त्यहीं बस्नु होला भन्नुभयो र म हेलिकोप्टर लिएर चितवन गएँ। र, उहाँको पार्थिव शरीरसँगै हामी काठमाडौं आयौं। यसरी कुनै न कुनै रूपमा उहाँसंग मेरो भावनात्मक सम्बन्ध थियो। उहाँ अत्यन्तै शालीन र उच्च राजनीतिक संस्कारका व्यक्ति हुनुहुन्थ्यो। अहिले पनि संसदमा उहाँको कमी खड्किरहेको छ।

अर्को कुरा, यो सरकार अल्पमतमा पर्‍यो। तर पनि राजिनामा दिएन भन्ने जुन कुरा छ, त्यसमा म के भन्छु भने राजिनामा दिने कुरामा "संविधानको धारा ६९ बमोजिम प्रधानमन्त्रीलाई आफू अविश्वासमा परेको हुँ भन्ने लागेमा विश्वासको मत प्राप्त गर्नुपर्छ" भन्ने छ। तसर्थः वर्तमान सरकारले विश्वासको मत लिनु पर्छ र यो सरकारले चाँडो भन्दा चाँडो विश्वासको मत लिने कुरामा पछि पर्ने छैन। अब, जहाँसम्म गिरिजाप्रसादले राजिनामा दिनुभयो, तसर्थः शेरबहादुरजीले पनि राजिनामा दिनु पर्छ भन्ने केही छैन। जहाँसम्म राजनीतिक बाध्यता अहिले प्रधानमन्त्रीलाई परे पनि संवैधानिक बाध्यता छैन। तर राजनीतिक मर्यादा र दृष्टिकोणको आधारमा उहाँले छिटो भन्दा छिटो बहुमत वा विश्वासको मत देखाउनु पर्छ। संवैधानिक बाध्यता नरहे पनि राजनीतिक बाध्यताका कारण पनि उहाँले अहिले त्यस्तो गर्नुपर्छ।

राष्ट्रिय सरकारको बारेमा हाम्रो के मान्यता छ भने सबै सरकार राष्ट्रिय सरकार हुन्। एमालेको अल्पमतको सरकार भए पनि राष्ट्रिय सरकार हो। यो संयुक्त सरकार पनि राष्ट्रिय सरकार हो र नेपाली कांग्रेसको सरकार पनि राष्ट्रिय सरकार हो। कुनै पनि सरकार राष्ट्रिय-अराष्ट्रिय भने हुँदैन। संविधानको धारा अनुसार बनेका सबै सरकार राष्ट्रिय सरकार हुन्।

राजनीतिक अपराधीकरणका बारेमा हामीले एउटा नयाँ संस्कारको विकास गरेर अगाडि बढौं। नयाँ राजनीतिक सोचका साथ अन्तरपार्टी संस्कृतिलाई अगाडि बढाउँदै एउटा बीचको बाटो निकालेर यो देशलाई सही बाटोमा अगाडि डोऱ्यायौं। प्रजातान्त्रिक अध्यासमा हामी अगाडि बढेका छौं, त्यस्ता केही गलत कुराहरू छन् र भविश्यमा पनि आउन सक्छन्। त्यसलाई निराकरण गरेर अगाडि बढ्न सकौं।

व्यक्ति बाहिरबाट-भित्रबाट भन्दा पनि मानसिक स्थितिमा निर्भर हुन्छ। हिंसा गर्नको लागि हतियार नै चाहिँदैन, गान्धीजी भन्नुहुन्छ- हिंसा भनेको दिमागको उपज हो। हिंसा भनेको बम होइन, बन्दूक होइन। हिंसा भनेको त यही कलमबाट पनि गर्न सकिन्छ। कलमबाट मान्छे मार्ने काम हुन सक्छ, कसैको आँस्वा खोस्न सकिन्छ। तसर्थः मलाई लाग्छ - कमसेकम हामी एउटा सहमतिमा पुगेर राजनीतिमा अपराधीकरणको परिभाषालाई खोज्नुपर्छ।

आखिर अपराधीकरण के हो त?

गलत सूचना दिनु पनि अपराधीकरण हो। अखबारमा होस् वा आफ्नो पार्टीको मुखपत्रमा- गलत किसिमको सूचना प्रवाह गर्नु, गलत सूचना दिनु, आफ्नोतर्फबाट लिस्नोमा चढेर कसैलाई लल्कार्नु, चुनौती दिनु यी सबै अपराधका नमूना हुन्। साथै सही सूचना र तथ्यहरू जनतालाई दिन नसक्नु पनि अपराधीकरण हो। बाहिरबाट मान्छे आए होलान्, कसैले केही भने होलान् त्यो कुनै ठूलो कुरा होइन। अविश्वासको प्रस्ताव संसदमा आएपछि मकहाँ पनि त्यस्ता धम्कीका टेलिफोनहरू आएका थिए। त्यो कुनै ठूलो कुरा होइन। संसदीय व्यवस्थामा यस्तो भइरास्वेको छ। यी साना कुराहरू हुन्, क्षणभंगुर हुन्- यिनको कुनै अर्थ छैन। तर खेल हुँदा रेफ्रीको अहंम भूमिका हुन्छ- त्यो भूमिका कस्तो रह्यो त ? त्यो अहंम र महत्वको विषय हो।

सभामुख रामचन्द्र पौड्याल कहिलेकाहीं साहैं निरीह पनि बन्नुहुन्छ, त्यो दृश्य पनि मैले देखेको छु अर्थात् त्यो दृश्यावलोकन मैले गरेको छु। शक्ति संघर्षहरू भए। यस्तो गर्ने मानसिकता गराउनु पनि मलाई लाग्छ- अपराधीकरण हो। संसदीय अनुशासन नमान्नेले या त त्यो अभ्यासमा संसदलाई लैजानु पर्‍यो, जस्तो अमेरिकी परिपाटीमा छ। आफ्नो सरकारलाई समर्थन नगराउनु बाहेक अनुशासन उल्लंघन गर्न पाइन्छ। विनोद शाहजी एमालेमा जानु भयो ठीक, रोकायाजी यातातिर आउनु भयो बेठीक। कोही व्यक्ति विशेष आयो ठीक, आएन बेठीक। यो त भएन नि! योभन्दा पहिलेको अविश्वास प्रस्तावको बेलामा लोकेन्द्रबहादुर चन्द नै अनुपस्थिति रहनु भयो, भोट दिनु भएन। यसरी आफू अनुपस्थित रहँदा ठीक, अरू अनुपस्थित रहँदा बेठीक? स्वयं पूर्व प्रधानमन्त्री मनमोहन अधिकारीको विरूद्धमा अविश्वास प्रस्ताव आउँदा वामदेव गौतम लगायतका साथीहरू अनुपस्थित हुनुभयो। के अरू साथीहरू अनुपस्थित हुनुहुँदैन? यो अन्तर्राष्ट्रिय नियम हो- भोट दिन्छु भन्न पनि पाइन्छ र भोट दिन्न भन्न पनि पाइन्छ। यो त उसको अधिकारको कुरा हो। जस्तो रोकायाजीको बारेमा यहाँ प्रश्न उठ्यो। उहा उपस्थित हुन चाहनु भएन, अनुपस्थित हुनुभयो, यो उहाँको अधिकारको कुरा हो। तर जहाँसम्म उहाँलाई अपहरण गरियो भन्ने कुरा छ- "यदि कुनै सांसदलाई अमानवीय, क्रूर र गैरराजनैतिक



ढंगबाट कतैतिर अपहरित गरिएको छ भने, त्यो कदापि माफ गर्न सकिन्न। तर कुनै सांसद आफ्नो ईच्छा बमोजिम अनुपस्थित रहेको छ भने त्यसको बारेमा के सजाय हुनुपर्छ सबै साथीहरूको सहमतिमा त्यो कुरा सोच्न सकिन्छ।"

संसदीय व्यवस्था आइसकेपछि हामीले कहाँ गल्ती गर्‍यौं वा बिरायौं खोजीको विषय भएको छ। अन्तरपार्टी संस्कृतिको विकास गर्न यस अवधिमा हामी पछाडि पर्‍यौं। एकले अर्को पार्टीको चियापान कार्यक्रम समेत परित्याग गर्‍यौं, भेट्नै नहुने, वार्तालाप गर्नै नहुने जस्तो गैरराजनीतिक संस्कारको विकास भयो। यसरी अन्तरपार्टी संस्कृतिको विकासमा कमी आएका कारणले पनि धेरै राजनीतिक संकटहरू चुनौतीका रूपमा हाम्रो सामु तेर्सिएका छन्। किन सांसदहरू होटलमा राखिए? भन्ने कुरालाई त्यति महत्व दिनु पर्ने जरूरी छैन। होटलमा कोही बसे, त्यसले कुनै नयाँ संकट पनि सिर्जेको छैन। होटलहरूमा बस्ने काम त यूरोपमा पनि हुन्छ। मन मिल्ने साथीहरू होटलमा बस्छन्, छलफल गर्छन्, नयाँ-नयाँ क्रियाकलापमा संलग्न रहन्छन्। यस्तो अमेरिकामा बराबर भइरहन्छ।

आज हामीकहाँ हुर्किरहेको राजनीतिक संस्कारमा ढाँट्ने र छलछाम गर्ने प्रवृत्तिले प्रश्रय पाइरहेको छ। एकातर्फ रोकायाजी भन्नुहुन्छ- "पार्टीको निर्णयमा बिगतकालदेखि नै मैले ध्यान दिंदै आएको थिएँ। बिगतको अविश्वास प्रस्तावमा जस्तै अहिले पनि हामीले मतदानमा भाग लिनु हुँदैन भन्ने मेरो स्पष्ट मत थियो, पार्टी पनि त्यही लाइनमा गइरहेको थियो, हाम्रो पार्टीको नेताले त्यही मान्यता बमोजिम निर्देशन दिन सक्नु भएन- त्यसकारण मतदानको समयमा म अनुपस्थित रहें।" यदि रोकायजीले- कुनै गैरराजनीतिक माध्यमबाट मलाई अपहरित गरियो भनेदेखि मलाई लाग्छ कुनै पनि शर्तमा यो सरकारलाई छोड्नु हुँदैन। त्यस्तै मिर्जा दिलशाद बेगका बारेमा पनि कुरा उठेको छ। उहाँले स्वयं वक्तव्य जारी गरेर भन्नुभएको छ- "मेरा नेताहरू अवसरवादी भए, व्यक्तिगत सुविधाका लागि मात्र व्याख्याहरू गर्न थाले। मलाई राप्रपाको फुटसंग कुनै लेनदेन छैन। त्यसकारण म यो मतदानमा अनुपस्थित भएँ।" यदि दिलशाद बेगले मलाई प्रधानमन्त्री र सरकारले अपहरण गऱ्यो भन्नुहुन्छ भने यो सरकारलाई अपराधीको संज्ञा दिनु पर्छ। अविश्वास प्रस्तावका सन्दर्भमा घटेका घटनाहरूको सम्बन्धमा त हामी स्पष्ट छौं।

अहिले पनि नयाँ चिन्तन र नयाँ बाटोमा अगाडि बढ्ने कुरामा हामीबीच सहमति हुन सक्छ। कांग्रेसलाई एमालेसंग राजनीति गर्नुपर्छ, एमालेलाई कांग्रेससंग राजनीति गर्नुपर्छ भने दुवै पार्टीले राप्रपासंग राजनीति गर्नुपर्छ। हामीले एक अर्कासित प्रतिष्पर्धा गर्ने जुन राजनीतिक संस्कार छ, त्यसलाई हटाउन सक्नुपर्छ। हामीले अब साझा दायित्वको

निम्ति लड्न सक्ने स्थितिको विकास गर्न सक्नु पर्छ। आजको आवश्यकता नै यही हो। जस्तो कि बेलायतमा मार्गरेट थ्याचरले आफ्नो बहुमत हुँदाहुँदै पनि राजीनामा दिनुभयो। तर जोन मेजरको पालामा जब नेतृत्वको चुनौती खडा भयो, तब उहाँले निर्वाचनमा जोड दिनुभयो। बहुमत आयो र सरकार चलाउनु भयो।

एउटा तर्कले अर्को तर्कलाई काट्न सक्छ, एउटा तर्कले अर्को तर्कलाई अप्रतिष्ठित गर्न सक्छ। त्यसकारण कुनै पनि मुनिले भनेका कुरा सत्य होइनन्। धर्म नै सत्य हो। अविद्यालाई हामीले गाली गरे पनि विद्या र अविद्या दुवै वेदका हाँगा हुन्। किन भने अविद्या पनि सिक्नु पर्छ। अविद्या नसिकेको मान्छेले डाँकाबाट छुटकारा पाउँदैन। तसर्थः अविद्या पनि अपरिहार्य छ। यो सरकारलाई कसैले जम्बो मन्त्रिमण्डल भयो भने, कसैले जन्तिमण्डल। त्यसपछि हाम्रो प्रकाशचन्द्र लोहनीजीले एउटा वक्तव्य जारी गर्नुभयो- "के गर्ने त, एमालेका साथीहरूले सबै सांसदलाई मन्त्री बनाउन प्रोत्साहन दिन थालेपछि हामी पनि बाध्य भएर यति ठूलो मन्त्रिमण्डल बनाएका हौं।" यहाँनिर मलाई लाग्छ- कसले के गऱ्यो भन्दा पनि त्यो गर्न कसले प्रोत्साहन गऱ्यो- त्यो दोषी हो। सत्ता संघर्ष गर्न खोज्ने र खेलाउन खोज्ने मानसिकता पनि अपराधी मानसिकता हो। जब आफ्नो सुविधा अनुसारको संविधानको व्याख्या हुन थाल्छ, त्यसबेला दुर्घटना हुन्छ। अहिले त्यस्तै भयो। संविधानमा देखापरेको संकट चरित्रको संकट हो। पंचायती व्यवस्थामा एक से एक खर्राट व्यक्तिहरू हुनुहुन्थ्यो, धेरै विद्वतवर्ग दरबारमा हुनुहुन्थ्यो तर पंचायती व्यवस्था फेरियो, किन त? चरित्रको अभावमा। त्यहाँ कुनै जनताप्रति जिम्मेवारी थिएन, उत्तरदायित्व थिएन, प्रजातन्त्र भनेको जनताप्रतिको उत्तरदायित्व हो भन्ने कुरा पंचायती व्यवस्थामा छँदै थिएन। त्यसकारण पनि चरित्र र आचरणका बारेमा हामी सजग र सतर्क हुनैपर्दछ। यो हामी आफैले गल्ती गर्ने कुरा हो। कहीलेकाहीं मान्छेहरू दिग्भ्रमित हुन्छन्, डराउँछन्।

जहाँ चरित्रको समस्या हुन्छ, त्यहाँ धेरै कानूनहरू बन्ने गर्दछन्। भारत एउटा त्यस्तो मुलुक हो जहाँ धेरै कानूनहरू बनेका छन्। दलबदलको कानून हामीकहाँ बनेको छैन, अन्य त्यस्तै धेरै मुलुकहरूमा पनि बनेको छैन। चरित्रको संकट खडा भएपछि कानूनहरू बन्दैजान्छन्। तर जति कानूनहरू बन्दै जान्छन्, त्यति नै चरित्रका संकटहरू पनि बढ्दै जान्छन्। हामीकहाँ पनि नियमावलीमा व्यवस्था थियो कि यदि कसैले आफ्नो दलीय अनुशासन भंग गर्छ भने त्यो निलम्बन हुन्छ। तर त्यस्तो व्यवस्था हुँदाहुँदै पनि किन लागू हुन सकेन भन्दा हरेक पार्टीले आफ्नो सुविधा अनुसार नियमावलीको व्याख्या गर्न थाले- संविधानमाथि दबाब पर्न गयो जसको कारणले संवैधानिक संकटहरू देखिए। यी सारा कुरालाई हामीले बुझ्नुपर्छ। तसर्थः नेपालको प्रजातान्त्रिक अभ्यासप्रति म सन्तुष्ट छु, खुशी छु। अभ्यास र अनुभवका दृष्टिकोणबाट हामी एशियाकै नमूना बनेका छौं। र, आगामी दिनका चुनौतीहरूलाई नयाँ ढंगबाट सोच्ने परिपाटीको विकास गरौं, एक अर्कासित मिलेर काम गर्ने परिपाटीको विकास गरौं, प्रत्येक समस्याको निराकरणका निम्ति सहमतिको वातावरण तयार गरौं र आगामी दिनका निम्ति हामी सजग हौं।

मुसाको दुलो कागजले टालिदैन

नारायणमान बिजुक्छे
अध्यक्ष, नेपाल मजदूर किसान पार्टी

पार्टी र नेताहरू कुनै न कुनै वर्ग र सिद्धान्तबाट प्रेरित भएका हुन्छन्। हरेक पार्टीले एउटा न एउटा आदर्श समाजको कल्पना गरेको हुन्छ। यसकारण हरेक नेता र कार्यकर्ता त्यस आदर्शबाट प्रेरित भएर नमूनाकै रूपमा उपस्थित हुनुपर्छ भन्ने मान्यता बमोजिम नै म राजनीतिमा लागेको हुँ- चाहे त्यो जानेर हो वा नजानेर। तर अहिले झण्डै वीस वर्षको अवधिमा मैले देखें- हरेक राजनीतिक पार्टी, तिनका नेता तथा कार्यकर्ताहरू कसैबाट सन्तोष लिन सकिने ठाउँ छैन। यो सबै हेर्दा मलाई उदेक लाग्छ। तर मान्छेले हार खानु हुँदैन भन्ने भावनाबाट प्रेरित भएर मैले आफ्ना संघर्षका पाटाहरूलाई अगाडि बढाइरहेको छु। केही दिनअघि अविश्वास प्रस्तावको सन्दर्भमा घटेका तथा भए, गरेका गतिविधि र ज्यादतिहरूका बारेमा मलाई कुनै त्यस्तो आश्चर्य त लागेन, तर कल्पनाभन्दा ज्यादै बाहिरको कुरा भयो। मैले त बारम्बार भन्दै आएको छु कि यो पूँजीवादी व्यवस्थाले जनताका मौलिक समस्याहरूलाई समाधान गर्न सक्दैन। साथै संसदीय परिपाटीको यो फोहरी खेलले जनताका यावत समस्या समाधान गर्न सक्दैन। र, अहिले हामी देखिरहेका छौं कि दश वर्षसम्म हामीले बोलेका कुराहरू वा पाँच वर्षसम्म हामीले बोलेका कुराहरू थाहा नपाउने जनताले पनि यो एउटै घटनाबाट सबै कुरा थाहा पाए। हामीले पूँजीवादी व्यवस्था, त्यसको फोहरी क्रियाकलाप र काम-कारवाही सबैको भण्डाफोर गर्ने काम गऱ्यौं, कतिले सुने, कतिले सुनेनन्। कतिले देखे, कतिले देखेंनन्। तर यसपालि जुन घटनाहरू घटे- ती घटनाहरूले संसदीय व्यवस्था वा पूँजीवादी व्यवस्थाको फोहरी खेललाई उदाङ्गो पारिदिएको छ। म देखिरहेको छु- हाम्रो पार्टी पनि यस फोहरी खेलको शिकार भएको छ। हाम्रो पार्टीका अरू धेरै साथीहरूले पनि यो कुराको अनुभव गर्नुभएको छ।

> गान्धीजीले सत्याग्रह गर्नु भएको थियो, नेपाली कांग्रेस सत्याग्रहबाट प्रभावित पार्टी हो। अंग्रेजहरुको पालामा मानिसहरुमाथि घोडा दौडाइन्थ्यो, कतिलाई घाइते बनाइन्थ्यो त कतिलाई मरणासन्न अवस्थामा पुऱ्याइन्थ्यो। के नेपाली कांग्रेसले पनि त्यही क्रम दोहऱ्याउन खोजेको हो? बेलायती साम्राज्यले त्यस्तो गरेको थियो, के तपाईहरुले पनि त्यही गर्न खोज्नु भएको हो? मैले सभामुख रामचन्द्र पौडेलसमक्ष प्रश्न राखें - के तपाई सभामुख हुन लायक हुनुहुन्छ ?

वास्तवमा हाम्रो पार्टी र हामी पनि यो देशको राजनीतिक आन्दोलनभन्दा पृथक रहन सक्तैनौं। म के कुरा अनुभव गरिरहेको छु भने यो देशले भोगेको पीडा र अन्याय तमाम जनता र देशमाथि नै भएको छ। यसो भएको हुनाले म सानो-सानो कुराहरूमार्फत् नै यो कुरालाई पुष्टि गर्न चाहन्छु। विचार स्वतन्त्रतालाई हामी बढ्ता ध्यान दिइआएका छौं। तीस वर्षसम्म पंचायती व्यवस्थाको विरोध विचार स्वतन्त्रताकै आधारमा हामीले गर्दै आएका हौं। विचार स्वतन्त्रताकै निम्ति विगतमा कति साथीहरूले जेल, नेल भोगे, कति बलिदान भए। तर अहिले प्रजातन्त्र आइसकेपछि पनि हामीले विचार स्वतन्त्रताको उपभोग गर्न पाइरहेका छैनौं। तसर्थः त्यसकै निम्ति संघर्षलाई निरन्तरता दिनुपर्छ भन्ने पक्षमा म छैन। गृहमन्त्री आफैले दुई जना सांसदहरूलाई लगाएर हाम्रो साथी रोकायको अपहरण गर्नु भयो। यो कुरा त हरेक सांसदलाई संसदबाट दिइएको सहायक र उहाँको जहानको चिठी समेतले पनि पुष्टि गरेको छ। त्यो कुरा हामीले सभामुखकहाँ दर्ता गरेका थियौं र त्यसैका आधारमा मात्रै हामीले त्यो कुरालाई सदनमा सशक्तताका साथ उठाएका थियौं।

दिउँसो २ बजेसम्म मलाई त्यस्तो लागेको थिएन। राती ३ बजे हामीले निर्णय गऱ्यौं र सबै अख्वारहरूलाई फ्याक्स गरेर पठायौं। ६-७ बजेतिर रोकायजी काठमाडौं आउनुभयो। उहाँ दमको रोगी भएको हुनाले र विचार स्वतन्त्रताको आधारमा पनि हामीले कुनै सदस्यलाई थुनछेक गरेका निगर्ने हुनाले स्वाभाविक रूपमा राजनीतिलाई चल्न दिनुपर्छ भनेर उहाँलाई त्यसै छोडेका थियौं।

सांसद भनेको देशको एउटा जिम्मेवार व्यक्ति हो। ऊ जनताप्रति उत्तरदायी हुनुपर्छ। किनकि उसले जनताबाट उठेको करबाट पारिश्रमिक खाएको हुन्छ, सहुलियतहरू लिएको हुन्छ। तसर्थः संसद बसेको बेलामा वा संवैधानिक संकट आएको बेलामा कुनै सांसद वा मन्त्री भाग्न पाउँदैन र भाग्नु हुँदैन भन्ने भावनाबाट हामी प्रेरित भयौं र तिनीहरूमाथि सजाय हुनुपर्छ र उनीहरूलाई कर्तव्यप्रति सजग गराउनुपर्छ भनेर कुरा उठाएका थियौं। अब हामी तटस्थ बस्न सक्दैनौं, हामीले पनि आफ्नो कर्तव्य पालना गर्नुपर्छ भन्ने कुरा हाम्रो पार्टीले अगाडि ल्यायो। त्यस कुरामा हामी सबै सहमत भयौं। हाम्रो पार्टी सत्ता राजनीतिमा संलग्न नरहेको अवस्थामा हामीले पनि एउटा न एउटा पक्ष अवश्य लिनुपर्छ। र, पक्ष नलिएको खण्डमा हामी आफ्नो कर्तव्यबाट विमुख भएको ठहरिने छ भनेर विश्लेषण गऱ्यौं। वास्तवमा त्यो निर्णय अप्रिय थियो, तै पनि हामीले खुलेआम सबैका सामु राखेका थियौं।

यदि पाँच जना मन्त्रीहरू अस्वाभाविक रूपमा भभागी साँच्चै उपचारका निम्ति गएका हुन् भने त्यसको सूचना त हुनुपऱ्यो। तर जतिबेलासम्म हामीले संसदमा यो कुरा उठाएनौं, त्यसबेलासम्म विरामी भएको सूचना सरकारबाट आएन। स्वभाविक रूपले हामीलाई थाहा छ- कुनै मन्त्री विदेश भ्रमणमा जाँदा होस् वा उपचारको निम्ति होस्- एक दिन अगावै सूचना दिएर जान्छ वा "फलानो मन्त्री सम्मेलनमा भाग लिन अथवा उपचारको निम्ति विदेश गएकोले त्यो मन्त्रालयको जिम्मेवारी फलानो मन्त्रीलाई दिइएको छ" भन्ने सामयिक सूचना बाहिर आउनु पर्ने प्रचलन छ। कुनै सरकारी संचार माध्यमबाट त्यो कुरा बाहिर ल्याउन सकिन्थ्यो। तर कुरा बाहिर आएन। यसबाट हामीले कि भागेका हुन् कि त भगाइएका हुन् भन्ने अनुमान लगायौं। साथै मन्त्रीहरू साधारण किसिमको विरामी हुँदैमा हाम्रो जस्तो गरीब देशमा लाखौंको खर्च गरेर विदेशमा लगी उपचार गराउनुपर्ने आवश्यकता हामीले देखेनौं। र, नियमतः पनि यहाँ उपचार हुने नसक्ने अवस्था रहेपछि मात्र, त्यसमा पनि डाक्टरको सिफारिस बमोजिम मात्र विदेश पठाइने प्रावधान छ। उहाँहरू विदेश जानु पर्ने कुनै त्यस्तो खास कारण

एकदिनअघिसम्म पनि हामीले सुनेनौं। यसरी मन्त्रीहरू र महत्वपूर्ण पदमा बस्ने मानिसहरूले आफ्नो देशको चिन्ता गर्दैनन् र नियममा बस्दैनन् भने अरूलाई पनि नियममा बस्नुपर्छ भन्ने अधिकार तिनीहरूले पाउँदैनन्। अझ महत्वपूर्ण कुरा त पाँच-पाँच जना मन्त्रीहरू एउटै रोगले एकैदिन कसरी विरामी हुन सक्छन्? भन्ने कुरोले झनै शंका गर्नुपर्ने ठाउँ रह्यो। र, भागेकै हुन् भन्ने टुंगोमा हामी पुग्यौं। अरू-अरू देशहरूमा पनि मन्त्रीहरू भागेका छन्, तर अपराध गरेर भागेका छन् र तिनीहरूमाथि मुद्दा लागेको छ। हामीले पनि त्यस्ता मन्त्रीहरूमाथि देशद्रोहको मुद्दा चलाउनु पर्छ भनेर सदनमा माग राख्यौं। तर सभामुखले त्यसको कुनै वास्ता गर्नु भएन। राजनीतिशास्त्रको विद्यार्थी भएको नाताले जहाँसम्म मैले पढेको छु कि सभामुखको कर्तव्य सदनमा उठेका कुराहरूको सन्दर्भमा तत्काल सम्बन्धित मन्त्रालय र विभागसम्म सूचना पठाएर उपस्थित गराउन सक्नुपर्दछ। तर सदनमा त्यस्तो केही भएन। अर्को कुरा यो सरकारले ती मन्त्रीहरूको रक्षार्थ अनेक ढाँट कुरा संसदमा जानकारी गरायो। उनीहरू विरामी भए र जीवन रक्षाको निम्ति विदेश पठाइयो। जस्तो कि हाम्रो नेवारी भाषामा एउटा उखान छ- मुसाको दुलोमा कागजले टाँस्ने। अहिले त्यस्तै काम सरकारको तर्फबाट भएको छ। अर्को कुरा भोलिपल्ट रोकायाजी मरेको कुरा उठ्यो। तर गृहमन्त्री र सहायक गृहमन्त्री दुवैले नमरेको कुरा गर्नुभयो। ठीक छ कमसेकम गृहमन्त्रीले नमरेको कुरा त थाहा पाए। यहाँ दुईटा कुरा हुन्थ्यो रोकायाजी या त नेपाली कांग्रेस वा सरकारको सुरक्षामा छन्, अथवा उनी जेलमा राखिएका छन्, या कुनै अपराधको शिकार भएका होलान्। हामीले त्यो कुरा सदनमा उठायौं। र, साथसाथै यो हाम्रो परम्परा हो कि सदन चलेको बेलामा कुनै पनि संसद सदस्यलाई ढोका बन्द गर्नुहुन्न र उपस्थित गराउनु पर्छ। उपस्थित नगराएसम्म संसद चल्दैन। यो कुरा हामीले उठाइसकेपछि सभामुखले तुरून्त उपस्थित गराउन सरकारलाई बाध्य पार्नुपथ्यो। त्यो नभएसम्म संसदलाई स्थगित गर्नुपर्थ्यो। तर त्यो पनि भएन। हामीले के सोच्यौं भने सहायकमन्त्रीको बयानले उनी हिरासतमा छन् भन्ने कुरा मान्नुपर्छ। र, त्यही आधारमा हामीले प्रश्न उठाएका थियौं। तर सभामुखले त्यस सम्बन्धमा कहिल्यै संसद स्थगित गर्नुभएन।

यसरी पहिलेदेखि नै यस्ता कुराहरू देखिएका हुनाले हामीले बारम्बार सभामुखको विरोधमा अरू पार्टीका नेताहरूसंग सभामुखलाई स्वेच्छाले राजीनामा दिन लगाउनुपर्छ। र, उहाँले राजीनामा नदिएसम्म कुनै एउटा पार्टी हवीपलाई कार्यान्वयन गर्ने सचेतकको भूमिका निभाउन पाउनुहुन्न। राजीनामा दिएपछि उहाँले कार्यकर्ताको रूपमा काम गर्न पाउनुहुन्छ, सचेतकको रूपमा काम गर्न पाउनुहुन्छ। तर सभामुख निश्चित रूपले तटस्थ हुनुपर्ने भएकोले हामीले यो कुरालाई अगाडि राख्यौं। होइन भनेदेखि महाभियोग लगाउनु पर्छ भनेर हामीले भन्यौं र, अहिले अविश्वास-प्रस्तावको क्रममा पनि हामीले यो कुरा देख्यौं- वहाँ निष्पक्ष हुन सक्नु भएन, कर्तव्यपालन गर्न सक्नु भएन। अर्को कुरा सभामुख विदेशबाट आउने वित्तिकै त्रिभुवन विमानस्थलमै पत्रकारहरूको एक प्रश्नको उत्तरमा भन्नुभयो- "यो अविश्वासको प्रस्ताव औचित्यहीन छ।" सभामुखलाई कुन प्रस्ताव उचित छ र कुन छैन भन्ने अधिकार छैन। जसरी अदालतमा मुद्दा दर्ता भई बहस हुनुपूर्व कुनै पनि न्यायाधीशलाई फैसला सुनाउने अधिकार हुँदैन, त्यही अधिकारक्षेत्रभित्र सभामुख पनि पर्नुहुन्छ। तसर्थः सभामुखले त्यस विषयमा त्यति हतारो गरेर बोल्नु हुँदैनथ्यो। जबकि त्यसको फैसला गर्ने अधिकार संसद्लाई छ, सभामुखलाई होइन। त्यसकारण पनि सभामुखमाथि महाभियोग लगाउनु पर्छ भनेर हामीले आवाज उठाइरहेका छौं। र, अझै पनि हामी त्यस कुरामा दृढ छौं। अहिलेको घटनामा पनि उहाँले मर्यादापालकहरूलाई पेलिदेऊ, पेलिदेऊ भन्दै हुनुहुन्थ्यो। आखिर पेल्ने नै हो भने यो प्रजातन्त्र किन चाहियो? तानाशाही नै चलाउने हो भने त पंचायत नै थियो, यो प्रजातन्त्र ल्याउन किन यति मरिहत्ते गरेको ?

गान्धीजीले सत्याग्रह गर्नु भएको थियो, नेपाली कांग्रेस सत्याग्रहबाट प्रभावित पार्टी हो, त्यसो भएको हुनाले अंग्रेजहरूको पालामा मानिसहरूमाथि घोडा दौडाइन्थ्यो, कतिलाई घाइते बनाइन्थ्यो त कतिलाई मरणासन्न अवस्थामा पुऱ्याइन्थ्यो। के नेपाली कांग्रेसले पनि त्यही क्रम दोहऱ्याउन खोजेको हो? बेलायती साम्राज्यले त्यस्तो गरेको थियो, के तपाईंहरूले पनि त्यही गर्न खोज्नु भएको हो? के तपाईं सभामुख हुन लायक हुनुहुन्छ? भनेर पनि मैले कुरा राखें। यतिमात्र हो कि मर्यादापालकहरूले त्यतिबेला एक जनालाई के गर्नु? उहाँलाई भनेर लाग्दैन, सूर्यबहादुर थापा भए त गिरिजाको बाबुलाई पनि छोड्नु हुँदैनथ्यो। मैले त्यतिबेलै भनेको थिए- वास्तवमा सभामुख कुनै पार्टीको नेता वा कार्यकर्ताकोरूपमा बस्ने होइन, यो त्यस्तो गरिमामय पद हो- जहाँ कुनै पार्टी वा नेताको आदेशमा बस्नु हुँदैन। मैले त्यो कुरो सभामुखलाई सदनमा पनि भने- कि अलि व्यवहारिक हुनुहोस्। बेलायतमा त्यस्तै स्थिति छ। सभामुखको व्यक्तित्वविहीन व्यक्तित्व हुनुपर्छ, संसद्प्रति ऊ उत्तरदायी हुनुपर्छ। तपाईं प्रधानमन्त्री हुनुहोला, नेता हुनुहोला तर सभामुखको निम्ति तपाई उचित मान्छे हुँदै होइन। देश र जनताको निम्ति साथसाथै प्रजातन्त्रको निम्ति हामीले यस कुरालाई बारम्बार उठाएका छौं। यति गर्दागर्दै पनि हामी भनिरहेका छौं- एउटै चुनाव वा एउटै घटनाले सबै कुराको निर्णय गर्न सकिदैन। नेपाली कांग्रेस अल्पमतमा परेर उसले राजीनामा दियो। "अब फेरि सत्तामा आउँनै सकिन्न" भन्ने हिनताबोध नेपाली कांग्रेसले पालिराख्नेको छ। नेपाली कांग्रेसले अपहरणको नाटक किन रच्यो? उसले अपराधको बाटो किन अंगाल्यो? मेरो विचारमा, कांग्रेसको जग यदि नेपाली जनतामा छ भने, कसैले त्यसलाई हटाएर त्यो हट्दैन, फेरि पनि सरकारमा आउन सक्छ। त्यो कुरा एमालेमा पनि लागू हुन्छ र अन्य पार्टीलाई पनि। हाम्रो जस्तो सानो पार्टीले पनि त्यो कुरालाई जबर्जस्ती स्वीकार गरेको छ। सानो पार्टी भनेर संख्याको आधारमा ठूलो र सानो मान्ने प्रवृत्तिलाई म मान्दिनँ। किनभने विचार सानो कि ठूलो भन्ने कुरा महत्वपूर्ण हो। हामीले हात्ती ठूलो कि माहुते ठूलो भन्यौं भने आ-आफ्नो ठाउँमा दुवै ठूला छन्। भौतिकवादीहरूले हात्ती ठूलो देख्छन्। त्यसमा कुनै शंका छैन। तर हात्तीलाई चलाउने पनि आखिर त्यो सानो माहुते नै हुन्छ। विचार महत्वपूर्ण कुरा हो। मेरो विचारमा संसारमा दुईटा शक्ति छन्- एउटा भौतिकवादी र अर्को अध्यात्मवादी।

सहभागीका प्रश्नहरु रोहितको उत्तर

० सत्ता टिकाइरहन स-साना पार्टीहरुमा संकट ल्याउने काम अपराधीकरण हो कि होइन?

० पहिलो अविश्वास प्रस्तावको बेला तटस्थ बस्नुभयो। तर पछि तटस्थ रहन सक्नुभएन। साथसाथै निर्णय विपरीत कुनै सांसद्ले तटस्थ बस्न वा मत हाल्न पाउँछ कि पाउँदैन ?

पंचायती चुनावमा भाग लिएको हुनाले हाम्रो पार्टीमा विचलन आएको हो भन्ने जुन कुरा छ, त्यसप्रति हामी पूर्णतः असहमत छौं। हामीले पंचायतमा लागेर देश र जनताको हितमा काम गऱ्यौं। त्यसरी नै अरू पार्टीहरूले पनि पंचायती चुनावलाई उपभोग गरे। तसर्थः यो आरोपमा कुनै सत्यता छैन।

जहाँसम्म टेलिफोनको कुरा छ, हाम्रो केन्द्रीय कार्यालय काठमाडौंमा छँदा हामीले कुनै पनि टेलिफोन सेट उपभोग गरेका थिएनौं। अर्कोतर्फ संयुक्त सरकारले हाम्रो पार्टीलाई दश सेट टेलिफोन दिएको भन्ने कुरा पनि असत्य हो। हामीलाई सांसदको नाताले दिइने टेलिफोन त हामीले पार्टी कमिटीमा राखेका छौं। यस कुराले पनि के कुरा जाहेर गर्छ भने, टेलिफोनका निम्ति हामीले राजनीति गरेका छैनौं। हामी कुनै पनि सुविधा चाहँदैनौं र अरू कुनै पार्टीलाई पनि त्यस्तो सुविधा नदियोस् भन्ने माग गर्दछु। नैतिकताको मामलामा हामी सबै पार्टीसंग च्यालेन्ज गर्न तयार छौं।

- राप्रपा, नेपाली कांग्रेस र एमालेका साथीहरूले अहिलेको अविश्वास- प्रस्तावको सन्दर्भमा सहयोग मागेको कुरा त हामीले पत्रमार्फत् नै सार्वजनिक गरिसकेका छौं। किनकि यो कुरा पार्टीसंग मात्र सम्बन्धित नभएर देश र जनतासंग पनि सम्बन्धित थियो। ती पत्रहरूमा हामीले आफ्ना कुराहरूलाई स्पष्टसंग राखेका छौं। महाकाली सन्धिका बारेमा पनि यो राष्ट्रिय हित विपरीत छ, त्यसरी नै कर्णाली तथा अन्य राष्ट्रिय महत्वका सन्धि-सम्झौता गर्दा देश र जनताको हित विपरीत गर्नु हुँदैन भनेर स्पष्ट किटान गरेका छौं। माओवादी दमनको नाममा यो दमनचक्रलाई कहाँसम्म पुऱ्याउने? त्यसलाई रोक्नको निम्ति जुन प्रहरी फोर्स लगाइएको छ। के त्यो देश र राष्ट्रहित अनुकुल छ ? साथसाथै लोकसेवा आयोगलाई पंगु बनाई कर्मचारी, शिक्षक, सेना र प्रहरीहरूलाई सरकारले जसरी भर्ना गरेको छ, त्यसलाई रोक्ने कि नरोक्ने? यस सम्बन्धमा वर्तमान सरकारका प्रधानमन्त्रीले हामीलाई दिएको जवाफ सन्तोषप्रद रहेन। मन्त्रीहरू कर्तव्यच्यूत भएर भागे वा भगाइए। तर संसदमा जुन दिन चर्को विवाद भयो त्यस दिन मात्रै मन्त्रीहरू विरामी भएर गएका हुन् भन्ने उत्तर दिइयो। यस कुरालाई कसरी पत्याउने? त्यसैकारण हामीले यसलाई अपराधीकरणको संज्ञा दिएका हौं। तसर्थः हाम्रो पार्टी तटस्थ बस्न सकेन र अविश्वास प्रस्तावको समर्थनमा देखियो। र, अर्को कुरा राती हामीले निर्णय गर्दा कुनै पनि केन्द्रीय कमिटीका सदस्य वा सांसद् कसैबाट पनि नोट अफ डिसेन्ट लेख्ने वा त्यस्तो कुनै विरोधको स्वर सुनिएन। जहाँसम्म मलाई लाग्छ, कुनै पनि संसद सदस्यले मतभेद राख्दाराख्दै पनि बहुमतको आदेश मान्नैपर्छ र संसदीय दलको नियमलाई लत्याउन मिल्दैन। त्यो कुरा प्रष्टसंग उल्लेख भएको छ। यो कुरो त संसदको कार्यविधि र संविधानमा समेत उल्लेख भएको छ।

हामी लज्जित भएका छौं

राजेश्वर देवकोटा, सहअध्यक्ष, राप्रपा

मात्रा फरक-फरक होला। तर राजनीतिक खेलमा हामी सबैले लाज गुमाएका छौं। जबसम्म जनताको चेतनामा अभिवृद्धि गर्न सकिदैन, तबसम्म संसदीय व्यवस्था अगाडि बढ्न सक्दैन।

संस्कृतमा एउटा कहावत छ "एकी लज्जी परित्यज्य, सर्वत्र विजयी भवः" अरू केही उपाय छैन। लाज भन्ने कुरा बिर्सिए पछि केही बाँकी रहँदैन। मान्छेले विजयी हुनु छ भने लाज त्याग्नु पर्छ। हामीले पनि जिले दौडमा लाज बिर्सिएका छौं।

सचेत जनता भएका भए मेरो कुरा सुनिरहने थिएनन् अहिले। सुनाउन लायक अरू मान्छे भएका भए अहिले तपाईंहरू मेरो कुरा सुन्नु हुने थिएन। त्यसो हुनाले नबुझ्ने र सुन्नेमा धेरै अन्तर छैन।

म अमेरिका गएको बेलामा एउटा घटना भयो। म पुग्दा गेरी हार्ट भन्ने व्यक्ति राष्ट्रपति हुनै आँट्नु भएको थियो। तर एउटी केटीसंग उहाँको प्रेम भएको कुरा बाहिर आयो। त्यतिमै कुरा पुग्यो। उहाँले पछाडि हट्नु पर्‍यो।

हामी नक्कल गर्छौं। अमेरिकीहरू भन्छन् बेलायतको मोडेल हाम्रो भन्दा पनि राम्रो। अब, नक्कल कसको, बेलायतको, अमेरिकाको, जापानको। परिवेश चाहिं नेपालको। नेपालको परिवेशमा नक्कल। नक्कल गर्न पनि त्यही परिवेश हुनुपर्छ। गेरी हार्ट प्रेम गर्‍या भन्न्या कारणले जानु भयो। यहाँ त त्यस्तोमा बडो स्याबासी पो दिइन्छ।

निक्सन पदबाट जानु भयो। तर एशियातिर भएको भए उहाँ बहादुर बन्न खोज्नु हुने थियो। त्यसैले कुनै पनि कुराको नक्कल गर्ने हो भने त्यस्तो परिवेश कायम गर्नुपर्‍यो। परिवेश बिना नक्कल गर्न खोज्दा जसरी शिकार हुनु पर्ने हो त्यस्तो शिकार आज सबै भएका छौं।

हामीले संसदीय पद्धतिको स्थापना गरेका छौं - संवैधानिक राजतन्त्र सहित। हामीले बहुदलीय राजनीतिको बाटो त समाएका छौं, तर त्यस अनुरूपको व्यवहार र आचरण भने देखाउन सकेका छैनौं। बेलायतमा अहिलेसम्म दलबदलको कानून छैन, तर भारतमा छ। बेलायतीहरूको दिमाग त्यस्तो आउँदै आएन। त्यसैले नक्कल पनि उपयुक्त ढंगले गर्न सक्नु पर्छ।

यो हालतप्रति हामीलाई लाज लाग्नु पर्ने हो

हृषिकेश शाह, अध्यक्ष, नेपाल मानव अधिकार संगठन

अहिले तपाईंहरू सबैले महसूस गर्नुभएकै कुरा हो कि नेपालमा एउटा वैयक्तिकताको संकट आइपरेको छ। हाम्रा संस्था र पार्टीहरू मात्र होइन, संसद, न्यायपालिका, स्थायी निजामती सेवा, प्रशासनयन्त्र आदि सबैमा विकृति छाइसकेको छ। त्यसैले पनि भन्ने हो भने यहाँ वैयक्तिकता कुण्ठित गरेको छ। त्यसैले मैले भन्न खोजेको हुँ कि वैयक्तिकताको संकट भन्दा ठूलो अरू केही हुन सक्तैन।

हामी मानव अधिकारको क्षेत्रमा काम गर्नेहरूलाई भने यो राजनीतिमा हामीलाई कुनै चासो छैन भन्ने होइन। तर लेनदेनको फोहरी राजनीतिले हामीलाई माथि उठाउँछ? मानव अधिकार भनेको लक्ष्य हो। यो प्रजातन्त्रको लक्ष्यमा पुग्ने साधन मात्र हो। प्रजातान्त्रिक व्यवस्थामा मानिसले खान-लाउन पाउनु पर्छ, बोल्न पाउनु पर्छ, औपधि गर्ने व्यवस्था हुनुपर्छ, यो सबै दिन सक्नु पर्छ। त्यो हाम्रो देशमा छ कि छैन? तपाईं-हामी सबैले विचार गर्नु पर्ने विषय यही हो। अहिले साँच्चै भन्ने हो भने जनताको जीउधनको समेत सुरक्षा छैन। पृथ्वीनारायण शाह भन्ने गर्नुहुन्थ्यो- म मगरातको राजा हूँ। आज नेपालमा जुन गृहयुद्ध चलिरहेको छ, त्यसको मार त्यही मगरातले नै भोग्नु परिरहेको छ-तनहूँदेखि रूकुमसम्म। हामीले कैयौं ठाउँमा देखेर आयौं- प्रहरीहरूबाटै जनताको नाममा हिंसाहरू भएका छन्। राजनीतिक लक्ष्यको उपलब्धि हिंसा हो भन्ने कुरामा म विश्वास गर्दिन र अरू साथीहरूले पनि गर्नुहुन्न होला। तर आज त्यो हिंसाको क्रम लगातार बढिरहेको छ। त्यसको रोकथाम खै त?

मेरो विचारमा राजनीतिक वेथिति र अस्तव्यस्तताको सृजना मूल रूपमा दुई कारणले भएको छ। आठ हप्ताको जनआन्दोलनपश्चात् १९९३ अगस्टमा जुन सम्झौता भयो, त्यसैले थिति भाँड्ने काम गरेको छ। त्यो सम्झौतापश्चात् दुई पार्टीहरू मिलेर मनमरी शासन संचालन गर्न थाले। सरकारी यन्त्रमा रहेका व्यक्तिहरूलाई फेरबदल गर्ने र अदालतमा विचाराधीन रहेको मुद्दा समेत फिर्ता लिने जुन कार्यहरू भए- त्यसबाट जनताको बीचमा दुईवटा पार्टीहरू मिलेपछि जे पनि गर्न पाइँदोरहेछ भन्ने पर्नगयो। साथसाथै मुलुकमा थिति बसाल्ने संस्थाको रूपमा विकसित भएको न्यायपालिका आफैं विवादास्पद रह्यो, थिति भाँड्ने काम गर्‍यो, न्यायसंगत फैसला गर्न सकेन। प्रजातान्त्रिक मुलुकमा जनताको जनादेश लिन जान्छु भन्ने प्रधानमन्त्रीलाई त्यो फैसलाले रोक्यो। यस्तो गर्नु हुँदैनथ्यो। यसैबाट थिति बिग्रियो। अहिले जुन विकृतिहरू देखापरेका छन्, यो त्यसैको प्रतिफल हो। र, जसले त्यो फैसला गर्नु भएको थियो, उहाँउपर महाअभियोगको चार्ज लागेको छ। त्योबाट पनि केही टुंगो लाग्न सकेन।

आखिर यी सबैलाई के भन्ने? न्यायालय जसले थिति राख्नु पर्ने हो, त्यसैले नै भाँड्ने काम गरेपछि त्योभन्दा खराब कुरा अरू के हुन्छ? मलाई लाग्छ, अहिले जतातते विकृति, विसंगति र अपराधिक गतिबिधि मात्रै भइराखेका छन्, यसको उचित समाधानको बाटो खोजिएको छैन। अब सबै दलहरूले सोच्नुपर्ने भएको छ।

अहिले स्थिति सारै नराम्ररी भाँडिएको छ। सत्ताधारी दलहरूले राजनीतिमा अपराधीकरण फस्टाउने काम गरिरहेका छन्। यस सन्दर्भमा इन्सेकका साथीहरूले "राजनीतिमा अपराधीकरण" नामक जुन विचार-गोष्ठीको आयोजना गर्नुभयो त्यो अत्यन्तै समसामयिक छ।

देशमा शान्ति सुरक्षाको जिम्मा लिएर बसेको गृहमन्त्रालय अथवा गृहमन्त्री स्वयं नै अपराधीकरणमा संलग्न भएपछि उसबाट के अपेक्षा गर्ने ? अविश्वासको प्रस्ताव आएको अवधिमा गृहमन्त्रीले कसरी काम गर्नुभयो? कसरी सांसदहरूलाई लिएर जानुभयो? कुन मोटरमा र कुन इन्सपेक्टरको संरक्षणमा सांसदहरूको अपहरण गरियो? कुन मान्छेलाई कहाँ राख्नभयो? त्यसका एक-एक प्रमाणहरू छन्। ती सबै कुरा पत्रिकाहरूमार्फत् बाहिर आएका छन्। त्यो भन्दा ठूलो प्रमाण के हुनसक्छ? त्यो भन्दा अर्को प्रमाण के खोज्ने? यस्तो अपराधीकरणलाई जुनसुकै हालतमा पनि रोक्नुपर्छ। यसक्रममा कसले कति पैसा खर्च गर्‍यो, यसतर्फ नजाउँ।

जो हिजो सरकारमा बस्ने मान्छेहरूसँग डराउँथे, उनीहरू नै आज भन्दैछन्- यो सरकार चलाउनेलाई हामी थुनिदिन्छौं। अहिले म आफैं पनि यो अनुभव गरिरहेको छु। म पनि पहिले सरकारमा बसेको हूँ। धेरै नेपालीहरूलाई चिन्छु। आजको यो हालतप्रति हामीलाई लाज लाग्नुपर्ने हो, तर सरकारमा बस्नेहरूले आज त्यो लाज पनि पचाइसके जस्तो छ। यो हालतमा म के भनूँ ? मेरो विचारमा त अहिलेको यस स्थितिमा कसैले पनि थिति बसाल्न सक्दैन। सके भने राजा मात्र त्यस्ता एक व्यक्ति हुन्। राजा केही समयको अन्तरालमै फेरि जनताको केन्द्रविन्दु बन्दैछन्। हामीले वि.सं. ०१५ पूर्वका राजा पनि देख्यौं, त्यसपछिका राजा पनि देख्यौं, ०४६ पूर्वका राजा पनि देख्यौं र त्यसपछिका राजा पनि देख्यौं। र, आज फेरि उही राजाको आश्रय र आशीर्वाद लिनुपर्ने स्थिति आएको छ। आज फेरि महाराजधिराज नै जनताको आशा र आश्रयको केन्द्रविन्दु बन्न पुगिबक्सेको छ। मेरो विचारमा सर्वसाधारण जनता पनि अहिले महाराजधिराजकै मुख ताकेर बसेका छन्।

कार्यक्रमका सभापति विरेन्द्रकेशरी पोखरेलको भनाई

० संविधानमा कतिपय त्रुटि र अस्पष्टताहरू छन्, तिनलाई सच्याउने काम हाम्रै हो। तसर्थः अन्तर्दलीय संवादको संस्कार विकास गर्ने भन्ने जुन कुरा सुरेन्द्रजीले उठाउनु भयो, त्यो कुरा यो शिशु प्रजातन्त्रको निम्ति अत्यन्त आवश्यक छ भन्ने मलाई पनि लागेको छ। अन्य ठूला राजनीतिक पार्टीका मान्छेहरूलाई पनि यो कुरा चित्त बुझेछ भने संवादको माध्यम अगाडि बढाउनु नै होला।

० दलबदल कानून अनिवार्य भइसक्यो, अति ढिलो भइसक्यो। अब कदाचित आउने सत्रमा अर्थात् हिउँदे सत्रमा त्यो ल्याइएन भने र त्यो पारित भएन भने त्यसको सबैलाई अपजश जान्छ। नल्याएको खण्डमा नेपाली कांग्रेस जिम्मेवार हुने छ। राप्रपालाई भन्दिन। राप्रपाबाट त्यो अपेक्षा पनि गर्नु हुन्न। अघिल्लो तीन, सोढे तीन वर्षसम्म के हेरेर बसेको ? अहिले १५ महिना बितिसक्दा पनि के हेरेर बसेको छ? तसर्थः यो बिधेयक ल्याउनु पर्छ। नल्याएको खण्डमा जनताले क्षमा गर्दैनन्। अविश्वास, विश्वास र साँचो के हो, चुनाव कसले गराउनु पर्छ, त्यहाँ जे जस्तो रोग होस्- यो पारित नगरेको खण्डमा एमालेले पनि छुट पाउने छैन- त्यो पनि दोषीको भागीदार बन्ने छ।

० पप्पु यावद शैली वा विहारी शैलीको निर्वाचन नगर्ने हो भने निर्वाचन प्रणालीमा सुधार अत्यन्तै आवश्यक भइसकेको छ। विकृतिहरू रोक्नको निम्ति यसको टड्कारो आवश्यकता खड्किरहेको छ। वास्तविक रूपमा सार्वभौम भनिएका जनतालाई सार्वभौम तुल्याउने हो भनेको खण्डमा यो

जरूरी छ। दक्षिण अफ्रिकामा जस्तै गरी यहाँ पनि निर्वाचन गराउनु पर्दछ।

० प्रजातन्त्रका वाह्य पक्षहरू लोक सेवा आयोग र महालेखा परीक्षकको लागि त लेखा समिति छँदैछ। उसले गरेको कुरा कति ठिक हुन्छ कति हुँदैन- त्यो आफ्नो ठाउँमा छँदैछ। तर महालेखा परीक्षकको विरूद्ध कुरा उठाउँदा उसेको कठघरामा खडा गरिन्छ भने उसको विरूद्ध पनि बोल्न पाउनुपर्छ। तसर्थः जनताको प्रतिनिधि भएर उहाँहरूले हेरिदिनु पर्छ- के ठिक हो र के ठिक होइन भनेर। किनभने त्यो भन्दा माथिको ठाउँ छैन। लोकसेवा आयोगले दिएका प्रतिवेदन र सिफारिसहरू कार्यान्वयन नगरेको खण्डमा के गर्ने? प्रजातन्त्र र लोकतन्त्र भन्ने शब्दले मात्र यहाँ केही गर्दैन। मात्र काम हुनुपर्छ।

० प्रशासनयन्त्रको राजनीतिकरण बेहिसाबसगै भएको छ। कांग्रेसले त्यही गर्ने, एमालेले त्यही गर्ने र आजकै सरकारले पनि त्यही गर्ने हो भने कहिले सुधार हुन्छ। प्रशासनयन्त्रलाई शुद्ध राख्न नसकेको खण्डमा शिशु प्रजातन्त्र दरो हुन सक्तैन।

० पार्टी र संसदीय दलको नेताको अभ्यासको बारेमा पनि स्पष्ट व्याख्या नहुँदा राजनीतिक अन्यौलता थपिएको छ। राप्रपाको विवाद के हो? संसदीय दलको नेताको हवीप नमान्ने अवस्था आउँदा त्यो स्थिति आएको न हो। आज नेपालको प्रत्येक क्षेत्रमा विकृति र विसंगतिहरू छाएका छन्, यसको निराकरणका निम्ति राजनीतिक पार्टीहरूले नै पहल गर्नुपर्छ।

० सभामुखको सवालमा दमननाथ ढुंगानाको प्रशंसा गर्नुपर्छ। सभामुख जस्तो व्यक्ति निष्पक्ष हुनै पर्छ। पार्टीको सदस्यता त्याग्नै पर्छ।

० संसदीय व्यवस्थाको सिको गर्ने नाममा बेलायतको संसदीय अभ्यासको अनुकरण गर्ने तर व्यवहारमा भने पप्पु यादव र विहारी शैली अनुकरण गर्ने। यो ठिक हो कि बेठिक हो? सत्तरी वर्षका वृद्धहरू पनि यो त नहुने काम भयो भन्न बाध्य भएका छन्। यस्तो स्थितिको अन्त्य गर्नैपर्छ। दुनियाँमा धेरैधेरै परिवर्तनहरू भएका छन् तसर्थः ठूलो हुन नखोज्नुस्।

० सांसद भएको मान्छे पार्टी अनुशासनभित्र बस्दैन भने कारवाही त हुनैपर्छ। सबभन्दा पहिले यो प्रवृत्ति नेपाली कांग्रेसमा देखियो। त्यसैको छाया आज अन्य पार्टीहरूमा पनि देखिदैछ। यो राम्रो शुरूवात होइन।

० दलीय व्यवस्थामा विश्वास गर्ने तपाईहरू नै दललाई कमजोर पार्ने हिसावले अगाडि जानुहुन्छ भने, दलको हवीपलाई नमान्ने किसिमले अगाडि जानुहुन्छ भने तपाईलाई कसले भन्छ कि दलीय व्यवस्थामा विश्वास गर्ने मान्छे भनेर। तसर्थः तपाईहरूले आफ्नो व्यवहारलाई सुधार्नु पर्‍यो। ध्यान दिएर अगाडि बढ्नुपर्‍यो, यो सेमिनारको अर्थ सचेत हुनुहोस् भनेर मित्रले आह्वान गरेको मात्र हो। शत्रुले त ढाल्ने मात्र काम गर्दछन्। प्रजातन्त्रका शत्रु यहा कोही पनि छैनन्, सबै हिमायती नै छन्। यो प्रजातन्त्रको संरक्षण गर्ने जिम्मेवारी तपाईहरूको काँधमा आएको छ। यसमा तपाईहरू सफल हुनुहोस्।

देविका तिमिल्सिना

लिवाङ बजार आज विहानै देखि सल्बलाइ रहेको छ। प्रहरीहरू यो गौंडा देखि उ गौंडासम्म, उ गौंडादेखि त्यो गौंडासम्म अघि अघि बन्दूक बोकेको कमाण्डरका पछि पछि आठ दश जना लठ्ठी बोकेका समूह समूह बनी चारैतिर हिंडिरहेका छन्। मानौं आज लिवाङ ठूलो विपत्तिमा परेको छ। यो बजार असुरक्षाले जुनसुकै समय ध्वस्त हुन सक्छ र यसलाई बचाउनु पर्ने भएको छ? यो आतंक कहाँबाट आयो ? म कौतुहलताको कुहिरोले रूपल्लिन्छ। अर्कोपी डाँडामा वाग्लुङ जाने घोडेटो बाटो सुनसान लम्पसार पररिहेको छ। ठिङ्ग उभिएका सल्लाका रूखहरू मजस्तै विस्मित भएर लहरै फेदी देखि टुप्पासम्म अविचल शान्त देखिन्छन। दक्षिण तिरबाट एउटा कुहिरोको डफ्फाले म बसेको घर र झ्यालालाई चिसो स्पर्श गर्न आइपुग्छ। म केही देख्न सक्दिन। बजार हो हल्ला, कुदाकुद, थुप्रो थुप्रो लागेर झुण्ड झुण्डमा विभाजित मानिसहरूको आकृति र टुँडिखेलमा जम्मा भएका हरू पनि मेरो दृष्टिबाट ओझेल पर्छन्।

झ्यालबाट टाउको झिकेर प्रितिको कोठातिर लाग्छु। भर्खर नुहाएको कपाललाई फट्कार्दै बुरूसले कपालका टुप्पाहरूलाई उ झारी रहेकी छे। हत्तपत्त म भन्छु - प्रिति आज बजार तिर हल्ला खल्ला निकै बढेको छ। केही भए जूस्तो छ।

- ड्याम केयर, माइ फ्रेण्ड

- होइन प्रिति त्यसो भनेर हुन्न। हामी त यस जिल्लाको हर गतिविधिसंग परिचित हुनु पर्छ। हाम्रो प्रोफाइलमा यी सब अंकित गर्नु पर्छ।

- वी आर ओन्ली त चेन्जीङ्ग एजेन्ट। विक्रम भन त आज कस्तो हेयर स्टाइल गरौं?

मलाई प्रितिको नखरमाउलो हाउ भाउले वाक्क पार्छ। भन मित्र हुँडलिएको कौतुहलताको औडाह साम्य पार्न आफ्नो कोठाको झ्यालतिर दौडन्छु। अस्पताल वरपर समेत मान्छेहरू झुम्मिएका छन्। पुलिसहरू पनि अस्पताल वरपर भित्र बाहिर गरि रहेका देखिन्छन्। हतार हतारमा लुगा बदलेर चप्पल लगाउँदै ढोका बन्द गर्न लाग्दा प्रिति उसको कोठाबाट बोलाउँछे- विक्रम

भन प्रिति किन बोलायौ ? म त्यहाँ चिया पसलसम्म जान्छ। के रहेछ कुरो बुझेर आउँछु।

हेर त म कस्ती देखिएँ ?

प्रितिले कपाल सोरेर कानदेखि माथि लगेकी थिई र घोडाको पुच्छर शैलीमा थाप्लोमा लभ इन टोकियोले बाँधेर तलतिर लर्काएकी थिई। मैले केही टिप्पणी नगरेर बेवास्ता गर्दै भनें- म हिंडे प्रिति अहिले।

चिया पसलको कल्याङ्ग मल्याङ्ग म पुग्ने वित्तिकै शान्त भयो। मान्छेहरू फुत् फुत् बाहिर निस्किए। मलाई शंकालु आँखाले एकोहोरो हेर्दै केही युवाहरू अलि टाढिएर खासखुस गर्न थाले। मतिर चिया दिँदै गरेको पसलेलाई सोधें- हैन, किन हो आज दुँडिखेलमा निकै मानिसहरू जम्मा भएको देख्छु। के भए छ हँ दाइ ?

के हुन्थ्यो र सर गाईजात्रा भएको नि, बौदलको लडाईं हो।

के रे ? बहुदलको लडाईं ?

कहाँ परेको झगडा हो यो ?

मडुवा गाउँमा हिजो जात्रा थियो। जात्रामा नाचगान टोली हरू थिए रे एकातिर कम्निष्टहरूले पाल टाँडेर मादल खैंजडी बजाएर गीत गाईरहेका रे अर्कोतिरबाट कांग्रेसकाहरू गीत गाइ रहेका थिए रे। दुवैतिरबाट छेडखान चल्यो पछि कांग्रेसका माष्टरले हात छाडेछन विद्यार्थीलाई, अनि परिगएछ लडाई। विद्यार्थी चाहिं कम्नीष्टको गीत गाइरहेको रहेछ। झडपमा खुवै पिटापिट भयो भन्छन्।

चियाको पैसा तिरेर म डेरातिर फर्किएँ। कोठामा गएर डायरी मा नोट गरें। प्रिति लाली पाउडर घस्दै थिई। बोलाउँदै मैले भनें- हिंड छिटो गरेर होटलमा खाना खाउँ।

ओ के आइ एम रेडी। भन्दै उसले एकचोटी ऐना हेरी। ऐनामा उसका ओठभरी दलिएका गाढा रातो लिप्स्टिकका ओठहरू मुस्काएको देखें। मलाई कत्तिपनि आकर्षण लागेन। उसको यो आकर्षणले स्थानीय विकास अधिकारी र सिडिओलाई भने एक महिना यता निकै तानेको महशुश गरेको छु। कालो सानो व्याग टिपेर प्रितिले निस्कन खोजेपछि म आफैं

पहिला निस्किएँ। उसले ढोकामा ताल्चा लगाई। मैले आफ्नो ढोकामा ताल्चा लगाउनै विर्सिएको रहेछ। ताल्चा थिचेर भन्याङ्ग ओर्लिदै बजार तिर लाग्यौं।

बाटैमा महेन्द्र मा.वि. का शिक्षक शुदर्शनलाई भेटें। एक छिन भला कुशारी गर्यौं। प्रिति अगाडि हिंडिसकेकी थिई। टाढैबाट देखें एउटा केटोसंग उ गफ गर्दै थिई। निकै लहसिएर मडारिदै खित्का छोड्ने प्रिति रोल्पा वासीहरूको लागि अद्भूत लोभ लाग्दी अप्सरा भएकी मनमनै संझें। एकहुल स्याखु बाँधेका मगर्नीहरू डोके बोकेर आए। प्रितिलाई देखेर सबैले ट्वाल्ल हेरे। आफ्नो भाषामा खोइ के के भने कुन्नी।ओठसम्म लर्केको भारतीय टिका आकारको लाम्चो बुलाकी हल्लने गरी हाँसे। हामीले खाना खाने होटल नजिकै साइँलो मगर ट्रयाक्टर स्टार्ट गर्दै थियो। उ पनि प्रितिलाई हेर्दै दुवै हातले दुवै कात तिर कपाल सोर्दै गुनगुनायो-प्यार

की कसम, जलते है हम। प्यारकी कसम

मैले प्रितिसंग आँखा जुधाएँ। उ सँधै झैं उही अभ्यस्त किसिमले हाँसी। साँईलो मगर अक्सर प्रितिलाई देखेपछि यस्तै गर्ने गर्छ। यो चाल प्रिति र मैले यहाँ आएको भोलिपल्टै देखि पाएको हो।

हामी खाना खाएर अफिस गयौं। टुँडिखेलमा हल्ला खल्ला चलि नै रहेको थियो। आज महेन्द्र आदर्श मा.वि. का सबै जसो विद्यार्थी त्यहीं देखिन्थे। माष्टरहरू छेउ कुना पसलमा बसेर केही मान्छेहरूसंग खोसुखुस गर्दै थिए। हामीलाई सिडिओले बोलाएकाले हामी उनकै अफिस तिर लाग्यौं। सिडिओ नजिकै वाकी टाकी लिएका डि एस पी थिए। नेपाली कांग्रेसका जिल्ला पार्टी अध्यक्ष भद्र सिंह घर्ति र उनका केही कार्यकर्ता, स्थानीय विकास अधिकारी सबैले घेरिएर सिडिओ बसेका थिए। प्रिति र म छिर्ने वित्तिकै हामीले सबैमा अभिवादन गर्यौं।

हाउ आर यू, मिस प्रिति - स्थानीय विकास अधिकारीले हातले आफू नजिकैको मेच तान्दै प्रितिलाई बस्न भन्यो। म भने नेपाली कांग्रेसका कार्यकर्ताहरू बसेको लाम्चो बेन्चमा ढोका निरे बसें। प्रितिले के रेस्पोन्स गरी मैले यादै गरिनं। डि एस पि ले कोल्टो फेरेर वाकीटाकी सुनिसकेपछि के के भनेर अन्त्यमा ओभर भन्यो र सिडियो तिर फर्केर उसले जानकारी दियो- नारा सहित जुलुस निकाल्दै छन् रे साब् जनमोर्चाहरूले।

एमाले मसाल मिसिएका छन् कि छैनन्, बुझ्नुस् रे- सिडिओले अह्राए अनुसार डि एस पिले वाकीटाकी खोल्यो र कोल्टो फिरेर केही नंबर भन्यो र बुझ्ने आदेश दिदै ओभर भन्दै बन्द गऱ्यो। त्यसपछि ढोकामा दश पन्ध्र जना हृष्ट पुष्ट खाइ पाइ राम्रा पिरा भएका कसिला कसिला जिउका मानिसहरू आइपुगे। त्यस मध्ये सबभन्दा अगाडिका ट्रयाकसूट लगाएको व्यक्तिलाई देख्ने वित्तिकै मलाई थाट आयो, विहान विहान बजार देखि गौंडा समम- हा हू हया गर्दै कुदने करांति ग्रुप हो भन्ने सिडिओले उनलाई पनि भित्रै डाके। उनका अनुचरहरू कोठामा नअठने भएकाले होला बाहिर बरण्डामै अडिए।

डिएसपिको वाकीटाकीमा टयाँ टूँ को आवाज आयो। उसै वखत उठेर कोठाको पल्लो भित्तामा टाँसिएर कुरा गर्ने थाले। तत्काल फूर्तिसाथ फर्केर सिडिओ नजिक आएर भने साव् झण्डा फुकाएर कम्मीष्टहरू जुलुस निकाल्न लाइन लाग्दै छन रे। अँ माले मसाले सबै मिसिएका छन्। माष्टर विद्यार्थी र गाउँलेहरू गरी करीब तीनसय होलान् भन्ने रिपोर्ट छ।

ल ल त्यसो भए पार्टी अध्यक्षज्यू अघि हामीले लेखेर तयार गरेको योजना सबैलाई जानकारी गराउनु पऱ्यो। सिडिओको आदेश हुनासाथ काँग्रेस अध्यक्ष हतपताउँदै सिडिओ नजिके पुगे।

ल है म सबैजनालाई उहाँहरूसग परिचय गराउँ है- सिडिओ ले मलाई पाखुरामा तान्दै उठाएर भने, उहाँ हुनुहुन्छ विक्रम गुरूङ्ग अन्तराष्ट्रिय स्वयंसेवक, यस जिल्लाको विकासका लागि अन्तरराष्ट्रिय विकास कार्यक्रम अन्तर्गत गरिएर आउनु भएको छ। उहाँ हुनु हुन्छ मिस प्रिति वर्मा (प्रितिलाई देखाउँदै)। उहाँहरू दुवैको काम एउटै हो। उहाँहरू हाम्रो पूर्ण सहयोगी हुनु हुन्छ। उहाँहरूले सूचना दिने र सहयोग पुऱ्याउने काममा जनसम्पर्क जोडेर भरपर्दो कार्य गर्ने गर्नु हुन्छ।

पार्टी अध्यक्ष डटेर बोल्दै भन्ने थाले - कम्मीष्टले हाम्रो चाड पर्व, मेला पात, तीज तिहारमा गाउने गीत र नाचहरू सबै माउ र लेनीनको गीत बनाएर गाउँदै हाम्रा रीति रिवाज र संस्कृतिहरू विगारेर अत्यास लाग्दो गीत-नाँच, गाउँ र जात्रा मेलामा गाउँले र तिनका सहयोगी माष्टर र नेताहरूलाई ठोकठाक गोदगाद गरी सोझा गाउँलेलाई भाँडिनबाट बचाउन भोलि देखि नै गाउँ गाउँ प्रस्नु पऱ्यो। अहिलेको जुलुसमा हाम्रो करांते माष्टर वीर वहादुर घर्तिले जुलुस वीच बजारमा पुगेपछि कम्मीष्ट विरूद्ध नारा लगाएर उहाँको टोलीको टोलीले आक्रमण गर्छ, त्यसमा हाम्रो कार्यकर्ता र सादा पोसाकका प्रहरीहरूले उहाँहरूलार्य साथ दिन्छन्।

ल ल सबैजना गाइ हाल्नुहोस्- सिठिओको आदेश हुन वित्तिकै वीर वहादुरको करांते टोली, कांग्रेस अध्यक्ष र कार्यकर्ता अनि प्रहरीहरू सबै ताँती लागेर बाहिर जाँदै थिए। बाहिर नारा घन्की रहेको थियो - जनता मार्न पाइदैन, यस्तो सरकार चाहिदैन।

अब कोठामा सिडिओ, म, स्थानिय विकास अधिकारी र प्रिति सहित चार जना बाँकी थियौं। प्रिति र स्थानीय विकास अधिकारी झण्डै झण्डै टाँसिए झैं गरी गफ गरिरहेका थिए। सिडिओ केही षडयन्त्रको मूडमा डुबे झैं थिए। म चुपचाप बाहिर हेरी रहें। नारा सहितको जुलुस टुँडिखेलबाट पल्लो बजारतिर जाँदै थियो। जुलुसमा हुन सक्ने रक्तपातले मलाई केही त्रास र केही दया पनि जाग्यो।

वीर वि पि जिन्दावाद नेपाली कांग्रेस जिन्दावाद- करांते ग्रुपले नारा लगाऱ्यो।

ठोक् ठोक् हान् हान् को आवाजसाथ भागदौड चल्यो। पसलहरूका सामान कांग्रेसका कार्यकर्ताहरूले लुटेर थाले। पसल बन्द हुन थाल्यो। करांतेको चोटले पन्ध्र सोह्र वर्षका दुई विद्यार्थी ढलेको देखियो।

विक्रमजी गइ हाल्नोस तपाई सबै रिपोर्ट ल्याउनु होला कस्ले कस्तो गर्छ- सिडिओको आदेश पछि गहुँगो मन लिएर म निस्कें।

करांते ग्रुपले पिटेदै थल्याएको जिउलाई कांग्रेस कार्यकर्ता उफि उफि लात हान्छ। सादा वर्दिको पुलिसले नारायण म्यौपाने र महिनारायण यादव माष्टरलाई पिटिरहेका छन्। नाकबाट रगत बगाई रहेका अखिलका विद्यार्थीलाई पुलिसले घिसार्दै पसल लुटेको आरोपमा चाकमा लात ठोक्दै ल्याइ रहेका छन्।

जनमोर्चा जिल्ला विकास समितिमा जितेर गएका नेताहरू वकिल र अन्य समर्थकहरूको समूहलाई प्रहरी इन्स्पेक्टरले बाटैमा खोक्छ। अशान्ति हुन्छ भनेर। उनीहरू तिनीहरूलाई ठेल्दै अघि बढ्छन। विद्यार्थी पिटी रहेको सादा वर्दीको पुलिसलाई हात छोड्छन्। पछि पछि दौडदै आएको इन्स्पेक्टरको टोलीले लाठी चार्ज गर्छ। नेता, वकिल र कार्यकर्ताहरू रगत पिच्छे हुन्छन्। केहीलाई पुलिसले लैजान्छ, केहीलाई सहयोगीहरूले अस्पताल लैजान्छन्।

केही छिन आँधि आएर रोकिएको जस्तै गरी विस्तारै पसलका ढिकहरू खुल्न थाल्छन्। घरको झ्याल ढोकाबाट मान्छेहरू विस्तारै टाउको बाहिर निकालेर हेर्छन् र सरक्क बाहिर एक दुई तीन गर्दै मान्छेहरू भेला हुन थाल्छन्।

हथाण्ड म्याक फुक्दै एक दुई लाठीधारी पुलिस सहित इन्स्पेक्टर सजग गराउँछ- तपाइँहरू सबै जना आ-आफ्नो काममा जानोस्। आ-आफ्नो घर जानोस्।

एउटा अभिलो मन बोकेर म डरातिर लाग्छु। डायरीमा केही नोट गर्छु। साँझ झर्न लागेको काले पहाडको शिरमा आगोको मुग्रो जस्तो बादलको टुक्रा राताम्म देखिन्छ। हात हतियार विनाको जुलुश जस्तै देखिने पहाडी रूखहरू त्यसै पहाडको पुनी शान्त भएर उभिरहेका छन्। केही छिन मै त्यो रातो हराउँछ। पहाडलाई अजङ्गको कहाली लाग्दो कालरात्रीले झ्याप्पै छोप्छ। मेरो कोठामा लाफा छैन हिजो मि)बेल सिढिएर आफ्नो बत्ति निभे पछि प्रितिले मसंग मागेर लगेकी थिई। उ अझै आएकी छैन।

यत्तिकैमा भरेङ उक्लेको सुस्त सुस्त पदचाप नजिक नजिक हुँदै आयो। उसले मेरो ढोका नजिकै आएर बोलाई- विक्रम हवेर आर यू विक्रम

उसको यो लवजमा नखरमाउलोपन भन्दा फरक पीडा र आँशुको स्वर जस्तै लाग्यो। स्थिति बुझ्न चुपचाप बसिरहेको म अनायासै सोध्छु- प्रिति के भयो ?

- विक्रम राक्षसहरू बसेका रहेछन् यहाँ। मलाई स्वतम् पारे विक्रम अझ उल्टै यो कुरो कसैलाई भनिस् भने तेरो ज्यान काठमायडौं पुग्दैन रे। मलाई राक्षसहरूले बलत्कार गरे।

- बलत्कार गरे रे कसले ?

- कसले होइन भनन सबैले यहाँका सबै ठालूहरूले। एक दुई जनाले हो र सबैले।

उ ग्वाँ ग्वाँ रूनु थाली। कालरात्री झैं लाग्ने त्यो औंशीको रात झन झन् छिपिदै अँध्यारो पोतिदै गयो। हामीमा उज्यालो पार्ने सलाई समेत कोर्ने हिम्मत आएन। लाग्यो कतै प्रितिको कारणले मैले नै वीर वहादुर करांतेबाट ज्यानै गुमाउनु पर्ने त होइन ?

त्यस रात खाना सम्म नखाई हामी पीडा र जलनमा एकै साथ डुबिरह्यौं। प्रिति तिमी ओभर स्मार्ट भयौ- मैले भनें। उ सुकसुकाइ नै रही। कुनै जवाफ दिइँन।

हामी ठाउँ अनुसार चल्न सकेनौं। हामीले अँधेरोमा के को झिल्का पार्ने ? हामीले के परिवर्तन गर्ने ? क विकास गर्ने ? सँधै सिडिओको चाकरी र सत्ताधारी पार्टीको अन्यायलाई सघाएर। यो ठाइँ अहिले छोडौं?

प्रितिले टाउको हल्लाएर स्वीकृति जनाई र हामी अहिले त्यो दुर्दान्त क्षण सम्झेदै रोल्पाबाट फर्कि रहेछौं। अँधेरोमा अँधेरोलाई छोडेर।

एउटा सामाजिक कलंक देउकी र देवदासी प्रथा

मनु ब्राजाकी

भारतीय हिन्दू संस्कृतिले काश्मिरदेखि आसामसम्म हिमाली भू-भागमा अवस्थित हिमाली संस्कृतिमा पारेको प्रभाव अन्तर्गत बालविवाह र सतीप्रथाभैं देउकी अथवा देवदासी प्रथा पनि एक हो। काश्मिरदेखि आसामसम्म हिमालय पर्वत श्रृंखला र यसको तराई भू-भागमा बसोबास गर्ने खस आर्य र खसेत्तर मंगोलहरूको सम्मिश्रित संस्कृति, जसलाई हिमाली संस्कृति अथवा एउटा राष्ट्रका रूपमा महाकालीदेखि मेचीसम्मको भू-भागमा पर्ने नेपाली संस्कृति भन्न सक्छौं। यसको सांस्कृतिक विशेषता अन्तर्गत बालविवाह, सतीप्रथा र देउकी प्रथा जस्ता चलनहरू पर्दैनथे भन्ने कुरा यस भेकका पौराणिक आख्यानहरूबाट अनुमान गर्न सकिन्छ। यी कुप्रथाहरू हिमाली संस्कृतिमाथि भारतीय हिन्दू संस्कृतिको प्रभाव र त्यहाँको सनातन अथवा ब्राम्हण धर्मको प्रभाव विस्तारैसंगसंगै नेपालमा प्रवेश गरेका हुन्।

धर्मभीरू तथा रूढीग्रस्त सनातन धर्मावलम्बी समाजमा धर्मसित सम्बद्ध कुप्रथाहरू शिक्षा, विज्ञान र आधुनिक कालको प्रकाशमा पनि अझैसम्म निरन्तर चलिराख्नु दुर्भाग्यपूर्ण कुरा हो। देउकी र देवदासी प्रथा जस्तो धार्मिक कुप्रथा पश्चिमी नेपालका रजौटाहरू र तिनका पुरोहितहरूद्वारा पश्चिम भारतका रजौटा र धर्म गुरूहरूसितको पारस्परिक सांस्कृतिक आदान-प्रदानका कारणले गर्दा चलन चल्तीमा आयो। र, धार्मिक आस्था र अन्धविश्वासले गर्दा अझैसम्म पनि प्रजातान्त्रिक व्यवस्था भएका देशमा यस्तो चलन कायमै रहनु लज्जास्पद सामाजिक कलंक हो।

नेपालमा देउकी अथवा देवदासी प्रथाको सही विश्लेषण, आंकलन र अनुसन्धानको कुरा त परै जाओस्, सही तथ्यांक समेत प्राप्त छैन। सरकारले त बढीभन्दा बढी कानून बनाइदेला र हात बाँधेर बसिदेला। किनभने प्रजातान्त्रिक सरकारले जनआस्थाको कदर गर्नुपर्छ र जनआस्थाको कदर गर्ने नाउँमा यो कुप्रथाले निरन्तरता पाइराख्ने छ। कार्यान्वयन र अनुगमनविना जस्तोसुकै प्रभावकारी कानून पनि हात्तीको देखाउने दाँत जस्तै हुन्छ।

भारत जस्तो विश्वको सबैभन्दा ठूलो प्रजातान्त्रिक देशले पनि जनआस्थाको कदर गर्दागर्दै मानवताको निधारमा लागेको यो कलंक सन् १९६४ मा आएर मात्रै पुछ्न् भ्यायो। अर्थात् देवदासी जस्तो कुप्रथालाई कानूनी रूपले प्रतिबन्धित गऱ्यो। तर त्यहाँ पनि जनताको अन्धविश्वासको भयले गर्दा कानूनको सफल कार्यान्वयन र अनुगमन हुन सकेन। अर्थात्, मानवताको निधारको कलंक पुछियो तर त्यो त्यहीं लत्पतिएर रह्यो, पस्वालिएन।

उदाहरणस्वरूप भारतको एउटा प्रान्त कर्नाटकको उल्लेख गर्नु पर्याप्त हुनेछ। "धर्मयुग" पत्रिकाको वर्ष ४४ अंक १८ का अनुसार कर्नाटकको प्रान्तीय सरकारले देवदासी प्रथाउपर जतिसुकै कडा प्रतिबन्ध लगाएँ भन्ने दावी गरेतापनि नविनतम् तथ्यांक अनुसार अहिले सम्पूर्ण कर्नाटकमा २२ हजार देवदासीहरू छन्। यीमध्ये रेचुर जिल्लामा ७ हजार ३ सय ४४, बेलगाम जिल्लामा ३ हजार ७ सय ३७, धारवाड जिल्लामा २ हजार ५ सय ३, बिजापुर जिल्लामा ८सय ९५, बेलरी जिल्लामा १ हजार ६ सय ३५, गुलबर्गा जिल्लामा ६ सय ९०, चित्रदुर्ग जिल्लामा ९ सय ५० र कोलार जिल्लामा ७७ रहेका छन्। यो त भारतको एउटा प्रान्त कर्नाटकको मात्रै तथ्यांक हो। के यतिले नै हामीलाई झस्काउँदैन र?

उपर्युक्त विवरण र तथ्यांकको आधारमा चिन्तन गर्ने हो भने के कुरा प्रष्ट हुन्छ भने, नारीको शारीरिक र मानसिक शोषण गर्न पुरूषप्रधान समाजले धर्म र अध्यात्मलाई समेत सांस्कृतिक हतियार बनाएको रहेछ। नारीले जबसम्म यौनार्थिक दुवै क्षेत्रमा पुरूषसरह नै स्वतन्त्रता प्राप्त गर्दिनन् तबसम्म न नारीमुक्ति संभव छ न त समाजबाट जातिप्रथाकै उन्मूलन संभव छ। जातिप्रथा नारीको यौनिक र आर्थिक हकहरूको अपहरण गरेरै प्रारम्भ गरिएको हो।

भारतमा देवदासी प्रथा प्रारम्भ भएको बारेमा एउटा पौराणिक कथा प्रचलित छ। यस कथाले पनि उपर्युक्त कुराको पुष्टि गर्दछ। कथा यसप्रकार छ- "कुनै समयमा जमदग्नि ऋषिले आफ्नी पत्नी रेणुकासित रिसाएर आफ्ना छोरा परशुरामलाई आदेश दिए- पुत्र तिम्री आमाले असमय मसित कामेच्छा प्रकट गरी। अतः यो वेश्यासरह हो, अहिल्यै यसको टाउको काटिहाल।" अनि पितृभक्त परशुरामले केही सोचविचार नगरी आमाको टाउको बन्चरोले छिनाल्यो। आज्ञाकारी पुत्रले आफ्नो आदेश रिठ्ठो नबिराई पालन गरेको हुँदा प्रसन्न भएर जमदग्निले छोरा परशुरामसित वर माग्न भनें। परशुरामले आफ्नी आमा रेणुकालाई जिउँदो पारिदिनुहोस् भनेर अनुरोध गरे। जमदग्निलाई पऱ्यो फसाद्। किनभने रेणुकाको काटिएको टाउको त्यतिबेलासम्म कतै हराइसकेको थियो। तर आफूले दिएको वर खेर नजाओस् भनेर उनले परशुरामलाई शूद्र जातिकी महिला येलम्माको टाउको काटेर ल्याउने आदेश दिए। परशुरामले यसै गरे। येलम्माको टाउको रेणुकाको गिंडमा जोडेर जमदग्निले बिउँताइदिए।"

कथा यत्ति हो। यस्तो पौराणिक आख्यान रचेर उच्च वर्णीय र वर्गीयहरूले जनसामान्यमा के मान्यता स्थापित गरे भने जसले ऋषिमुनि र देव-देवीहरूका लागि आफूलाई बलिदान (वस्तुतः योनिदान) गर्छे ऊ अर्को जन्ममा ब्राह्मणी भई जन्मिन्छे। यसप्रकार अर्को जन्ममा ब्राह्मणी भई जन्मिने प्रलोभन देखाएर निम्न वर्णीय र निम्न वर्गीय नारीहरूलाई देवदासी बनाएर दैहिक शोषण प्रारम्भ भयो। यिनीहरूले देवदेवीका मूर्तिको सेवाभन्दा बढी सेवा पुजारी, सामन्त र सेठहरूको गर्नुपऱ्यो।

स्थान विशेषको अन्तरले गर्दा स्थानीय देवी-देवताहरूको मन्दिरमा देवदासीका रूपमा अबोध र निर्दोष बालिकाहरू चढाउन थालियो। विष्णुदेखि (पुरीको जगन्नाथ मन्दिर) कालिका-मालिकासम्म र (पश्चिम नेपाल) मा यी देवदासी र देउकीहरूको घुइँचो लाग्यो। खस संस्कृतिको एउटा केन्द्र पश्चिमी नेपालका खस सामन्त र पुरोहितहरूले आफूलाई जनसामान्यदेखि पृथक र विशिष्ट देखाउन आफूलाई "हिन्दू" भन्दै यो कुप्रथा भारतबाट आयात गरे। त्यसबेलाका हिन्दूहरूमा प्रचलित बालविवाह, सतिप्रथा र देवदासी अथवा देउकी प्रथालाई नमानी हिन्दू नभइने हुँदा नेपाली खसहरूले सहर्ष यी प्रथाहरूलाई आफ्नो समाजमा भित्र्याए। खस संस्कृति अथवा हिमाली संस्कृति अथवा नेपाली संस्कृतिको विलोपनमा भारतबाट नेपाल पसेका केही सामन्तहरू तथा काशीपठित पंडितहरूको ठूलो भूमिका छ। अन्यथा नेपालमा, अझ स्पष्ट भनुँ भने, सम्पूर्ण हिमालय श्रृंखलामा बसोबास गर्ने र आफूलाई हिन्दू भन्नेहरूमध्ये बहुसंख्यक खस हुन् र बैदिक आर्य हुन्, हिन्दू होइनन्।

जेहोस्, सनातन धर्म र हिन्दू संस्कृतिबाट प्राप्त यो देवदासी अथवा देउकी जस्तो कुप्रथा आजसम्म पनि चलिराख्नु आधुनिक र प्रजातान्त्रिक नेपालका लागि कलंक हो। वेश्यावृत्तिका विविध रूपहरूमध्ये यो धार्मिक वेश्यावृत्तिको पनि जतिसक्यो छिटो अन्त्य हुनुपर्दछ।

वयोवृद्ध नेता गणेशमानज्यूको शब्दमा सधैंभरी शिशु रहेको हाम्रो प्रजातन्त्र देउकी, बदिनी र चेलीबेटी बेचबिखनको छत्रछायाँमा हुकिँदै गयो भने भोलि कस्तो होला पशुपतिनाथज्यू?

राजनीतिको सशक्तिकरण

नरनाथ लुइँटेल

घटनाको तातो राप सेलाइसके पनि कुरो पुरानो भैसकेको छैन। कुरोको चुरो करिब-करिब यस्तै हुन्छ। काठको चुरो त बोक्रा सडिसकेपछि पनि ज्यूँका ज्यूँ हुन्छ भने यो त राष्ट्रिय राजनीतिभित्रको पनि चुरो। आखिर यही चुरोको कुरोले राष्ट्रको पुर्पुरो सेकिइरहेको छ। विश्वास-अविश्वासको श्वास-प्रश्वासले सरकारको होस-हवास गुम भैरहेको बेला मुलुकका पाँचजना मन्त्री एकैचोटी विरामी भए। पाँचै जनाले एकै चोटी विरामी विदाको दरखास्त लेखी एकै पटक प्रधानमन्त्रीलाई दिए। दरखास्तको बेहोरा मात्र होइन उनीहरूको विमार पनि एउटै थियो भन्ने कुरा पुष्टि भैसकेको छ। के त्यस्तो रोग थियो, जसले मन्त्री महोदयहरूलाई एकै चोटी आक्रमण गऱ्यो र नेपाली डाक्टरले थाहै नपाई उनीहरू एउटै फ्लाइटबाट उपचारको निम्ति विदेश पुग्नुपऱ्यो? रूघा-खोकी, झाडा-पखाला वा आउँ-साउँ मात्रैले अवश्य पनि यसरी विदेशतर्फ जाउँ-जाउँ त पार्दैन।

एकथरी डाक्टरहरू नराम्रोसंग कराए- स्वदेशका मन्त्रीहरूको प्रेस्क्रिप्सन स्वदेशकै डाक्टरहरूले लेख्न नपाउनु डाक्टरहरूकै अपमान हो, बेइज्जत हो। यहाँनिर डाक्टर महोदयहरूले पनि अलिक कुरा नबुझे जस्तो छ। विरामी मन्त्रीहरूलाई राज्यले सम्मान गर्दा डाक्टरको अपमान हुने, अथवा मन्त्रीहरूको खातिरदारी र इज्जत गर्दा डाक्टरको वेइज्जत हुने, यो त तालमा सुर नमिले जस्तो या भनौं घुराइमा घुर नमिले जस्तो भएन र? आखिर मन्त्रीहरू जस्ताको रोगबारे डाइग्नोसिस गर्ने ठेक्का स्वदेशी डाक्टरको मात्र त होइन नि! त्यो पनि अपरझटको विरामी, त्यसमाथि एकैचोटी पाँच-पाँच जना। फेरि भएन सबैको रोग एकै किसिमको। भन्नेहरूले केसम्म भनिदिए भने, गाउँघरतिर जीवनजल नपाएर हजारौं वालवालिका बाँच्न पाउने अधिकारबाट बंचित भइरहेका छन्। तर मुलुकका मन्त्री महोदयहरू टाउको पनि दुखेको थियो कि थिएन उपचारको निम्ति भनेर विदेश बत्तिए। यो तर्कमा पनि कुनै दम छैन। टाउको त उहाँहरूको बेस्करी नै दुखेको थियो। विश्वास कि अविश्वास अथवा अविश्वास कि विश्वासको डोरीले टनटनी बाँधिएका विचरा टाउकाहरू नदुखुन् पनि कसरी। टाउकाको जात न हो डोरीले जति कस्यो उति दुख्छ। अनि आत्मविश्वास कमजोर भएका मानिसहरूको निम्ति डोरीले पनि सर्प भएर डस्न बेर लाउँदैन। अझ यसो भनौं टाउको बाँध्ने डोरी सर्प हो भन्ने भ्रमले शक भएर उहाँहरू एकै चोटी, एकैसाथ विरामी भएको हुन पनि सक्छ। जे होस् उहाँहरू विरामी हुनु भयो र उपचारको निम्ति स-सम्मान बैंकक लगिनु भयो। विरामी नै भएपछि उपचार गर्न पाउने उहाँहरूको अधिकारको कुरा भयो। अनि अधिकार पनि पद-सापेक्ष, व्यक्ति-सापेक्ष र समय-सापेक्ष हुन्छ भन्ने कुरा बताइरहनु आवश्यक छैन। नाथे जीवनजल समेत खान नपाउने अनिकाले वालवालिकाको अधिकार र मुलुकका तालुकवाला मन्त्रीहरूको अधिकारको स्तर एउटै हुनै सक्दैन। पद, व्यक्ति र समयको सापेक्षतामा त्यस्ता वालवालिकाको मर्न पाउने अधिकार र मन्त्री महोदयहरूको टाउको टन्टनाउदा विदेश गएर उपचार गर्न पाउने (त्यो पनि राजकीय कोषबाट खर्च हुने गरी) अधिकार भने लगभग एकैकोटीमा पर्दछन्।

मन्त्रीहरूको विरामी प्रसंगलाई उछालेर राजनीतिमा अपराधीकरण भएको पुष्टी गर्ने प्रयास समेत गरेको पाइयो। राजनीतिमा दाउपेच, प्रतिस्पर्धा, कुटनीति, समन्वय, समीकरण, गठन विघटन हुन्छन्। बुथ लुट्नेदेखि मतदाता कुट्नेसम्म, तुल-व्यानर थुत्नेदेखि मतपत्र धुत्नेसम्मका यावत क्रियाकलाप राजनीतिक दाउपेच अन्तरगत नै पर्दछन्। दाउ भनेको घाउ लगाउने कुरा पनि हो। अनि पेच भनेको मेचमा बस्न गरिने कसरत नै हो। अथवा कुर्सीमा या ने कि पदमा पदार्पण गरिसकेको छ भने टिकिरहनका लागि र छैन भने पुग्नका लागि गरिने हल्ला, हुलदंगा, बोली गोली, मारकाट, भाकभुक, ढाकढुक जस्ता कला-कौशल वर्तमान राजनीतिका आवश्यकीय औजार हुन्। प्रतिस्पर्धापूर्ण खेलमा आफूलाई अग्गा सावित गर्न यी औजारहरूले राम्रो अवसर प्रदान गर्दछन्। समीकरण जोड्न होस् या समीकरण फोड्न, यस्ता औजारको उपयोगिता एकदमै चमत्कारपूर्ण सावित हुन्छ, भइरहेको पनि छ। अनि जब कुर्सीमा संकट आइपर्छ, तब शुरू हुन्छ राजनीतिको गोरखधन्दा। जनताको मत पाएर बनेका सांसदका टाउकाहरू र संसदको विश्वास लिएर बनेका मन्त्रीका टाउकाहरू समेत फर्सीका कैंडा मोलिए झैं दनादन मोलमोलाइमा गोटा गन्ती गनिन थाल्छन्। कोही किनिन्छन्, कोही बेचिन्छन्। प्रजातन्त्रको पटागिनी माछा बजार जस्तो मान्छे-बजार बन्छ। कोही सारसौंदै ठम्ठम्ती बेचिन्छन्, कोही विरामीको बहानासंगै बेचिन्छन्। कोही "मलाई अपहरण गरिदेऊ" भन्दै स्वयं लम्पसार पर्छन्, कोही पोइल गए झैं गर्छन्, कोही जोइल आए झैं गर्छन्। वर्तमान प्रजातन्त्रमा यो त अत्यन्त स्वाभाविक कुरा हो, प्रजातान्त्रिक अभ्यास भनेकै यही हो। अनि कहाँबाट आयो राजनीतिमा अपराधीकरणको कुरो? यो त राजनीतिमा अपराधीकरण होइन बरू राजनीतिको सशक्तिकरण हो। घाउ विनाको दाउ, मारकाट विनाको प्रतिस्पर्धा, लुटनीति विनाको कुटनीति, जालझेल विनाको खेल आजको दुनियाँमा कहीं कतै पनि सम्भव छैन। असम्भव कुराको पछि लाग्नु पनि त भएन नि !

जहाँसम्म विरामीको प्रसंग छ, प्रजातन्त्रको पुनर्वहालीपछि पनि मुलुकको हावापानी, वातावरण, रोगव्याधी आदिमा उल्लेखनीय सुधार सम्भार हुन सकेको छैन र मानिसहरूको जात हो कोही न कोही कुनै न कुनै बेला हुनुहुनामी के कसरी हो विरामी भैरहन्छन्। नेपालीहरूका लागि सामान्य मानिएको छेरौटी देखि असामान्य मानिएको एड्ससम्मले मान्छेलाई अँठ्याई रहेकै छ। कोही छन् फेरि मनका विरामी त कोही छन् धनका विमारी, कोही छन् कमिशनका भोगी त कोही छन् पर्मिशनका रोगी। कसैलाई अचेटेको छ, काङ फोवियाले त कसैलाई भेटेको छ, वाम रेविजले। यस्ता रोग्याहाहरूका मन्त्री जो एकदमै निरोगी छन् भन्ने कसैले सोच्छ भने त्यो सोचाईनै रोगग्रस्त सोचाइ हो। रोग्याहाहरूका मन्त्री त ट्रिपल रोगी छन्, रोगी- मनका रोगी, धनका रोगी र पदका रोगी। यस्तै मानसिक रोगीहरू वर्तमान राजनीतिले उत्पादन गरिदिएको छ। कृपया क्षमा गर्नुस् है, यो त राजनीतिमा अपराधीकरण होइन। बरू राजनीतिको सशक्तिकरण हो। यस्ता कुरालाई राष्ट्रिय गौरवको रूपमा लिनु पर्दछ। विनाविथ्यामा अपराधीकरणको हौवा सृजना गरेर माननीय सांसदहरूको, मन्त्री एवं प्रधानमन्त्रीको, प्रजातान्त्रिक सरकारको र सम्मानित सदनको अपमान गर्नु एकदमै वेमनासिव कुरा हो। एउटा कानूनची छुस्के निस्किएर प्रजातन्त्रको दुहाइ दिंदै मानहानीको मुद्दा हालिदियो भने बेमतलवमा वर्षौंसम्म तारिख बोक्नु पर्ला है, तारिख बोक्नु पर्ला।

का.जि.का.द.न. २१/४९/५०

प्रतीमा छापिने गरेका जस्तै कुराहरू रेडियो नेपालबाट पनि सुन्न सकिन्छ

मानवअधिकार शिक्षा कार्य

हरेक शनिवार विहान ८:३० ब

रेडियो नेपाल